# दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा
सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह, दोस्रो वर्ष
दसौं पत्र (५१०-१) को
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

२०७६


शेखर गौतम
कक्षा रोल नं. १५/२०७१
परीक्षा रोल नं. ४८००१२
त्रि.वि. दर्ता नं.: ६-३४८-२४०७-२०१३

नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा

# निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पस नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका नेपाली विषयका विद्यार्थी **शेखर गौतम**ले यस तहको दसौँ पत्र (५१०-१) को परिपूर्तिका लागि **दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

*मिति*

*सन् १/१२/२०१९*

*(वि.सं. २०७६/०८/१५)*

........................

निर्देशक

डा. नारायणप्रसाद अधिकारी

सह-प्राध्यापक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# कृतज्ञता ज्ञापन

प्रस्तुत **दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि श्रद्धेय गुरु डा. नारायणप्रसाद अधिकारीको कुशल निर्देशनमा तयार पारेको हुँ । प्रस्तुत शोधलाई पूर्णता दिनका लागि शोधकार्यका सन्दर्भमा आइपरेका विभिन्न समस्याको समाधान गर्न आफ्नो व्यस्त र अमूल्य समयको वास्ता नगरी उत्साहपूर्वक आवश्यक सहयोग, सुझाव र प्रेरणा दिई मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक गुरुमा सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर दिनुहुने नेपाली विभागका आदरणीय गुरु कृष्णप्रसाद पौडेलप्रति म कृतज्ञ छु । प्रस्तुत शोधकार्य सम्पन्न गर्न आवश्यक सामग्री एवम् जानकारी प्रदान गर्नुहुने शोधनायक रीता ताम्राकार, उहाँको साहित्यिक यात्रामा भेटिएका भाइ बलराम पौडेल, समालोचक असफल गौतम र पृथ्वीनारायण क्याम्पस पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु । सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने अर्ती दिँदै मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउनु हुने पूजनीय बुबा, आमाप्रति सधैँ भरी ऋणी रहने छु । मलाई शैक्षिक प्रगतिको लागि उचित सल्लाह र सहयोग गर्नुहुने मेरा घर परिवारलाई पनि यो समयमा सम्झन चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई तयार गरी प्राविधिक सहयोग गर्ने गण्डकी हाई टेक प्रा.लि. बगरकी अनु बराललाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको मूल्याङ्कनका लागि त्रि. वि. पृथ्वीनारायण क्याम्पस नेपाली विभाग समक्ष पेस गर्दछु ।



.................

शेखर गौतम

कक्षा रोल नं. १५/२०७१

परीक्षा रोल नं. ४८००१२

त्रि.वि. दर्ता नं.: ६-३४८-२४०७-२०१३

# विषय सूची

*निर्देशकको सिफारिस*

*स्वीकृति पत्र*

*कृतज्ञता ज्ञापन*

परिच्छेद : एक

**विषय परिचय**

| | |
|---|---|
| १. परिचय | १ |
| १.१ शोधपत्रको शीर्षक | १ |
| १.२ शोधपत्रको प्रयोजन | १ |
| १.३ शोध समस्या | २ |
| १.४ शोधपत्रको उद्देश्य | २ |
| १.५ पूर्व कार्यको समीक्षा | २ |
| १.६ शोधको औचित्य | ४ |
| १.८ शोधको क्षेत्र र सीमा | ४ |
| १.७ सामग्री सङ्कलन | ५ |
| १.८ शोधपत्रको रूपरेखा | ५ |

परिच्छेद : दुई

**कथाको सैद्धान्तिक परिचय**

| | |
|---|---|
| २ कथा परिचय | ६ |
| २.१ कथाको परिभाषा | ७ |
| २.२ कथाको उत्पत्ति | ९ |
| २.३ कथाका तत्त्व तथा उपकरण | ११ |
| २.३.१ कथानक वा कथावस्तु | १२ |
| २.३.२ पात्र वा चरित्र | १३ |
| २.३.३ उद्देश्य | १४ |
| २.३.४ भाषाशैली | १५ |
| २.३.५ दृष्टिबिन्दु | १५ |
| २.३.६ परिवेश | १७ |

२.४ नेपाली कथाको विकासक्रम १७
२.४.१ प्राथमिक काल १८२७ सालदेखि १९५७ सालसम्म १८
२.४.२ माध्यमिक काल १९५८ सालदेखि १९९१ सालसम्म १९
२.४.३ आधुनिक काल १९९२ सालदेखि हालसम्म २०
२.५ आधुनिक नेपाली कथामा रीता ताम्राकारको स्थान २५
२.६ निष्कर्ष २६

परिच्छेद : तीन

**रीता ताम्राकारको जीवनी**

३ रीता ताम्राकारको जीवनी २७
३.१ जन्म र स्थान २७
३.२ शिक्षादिक्षा २७
३.३ पेशा, व्यवसाय २८
३.४ रुचि र स्वभाव २८
३.५ रीता ताम्राकारको व्यक्तित्व २९
३.५.१ शारीरिक व्यक्तित्व २९
३.५.२ सामाजिक व्यक्तित्व २९
३.५.३ साहित्यिक व्यक्तित्व ३०
३.६ निष्कर्ष ३१

परिच्छेद : चार

**दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन**

४. दृश्य परिदृश्य कथासङ्ग्रहको अध्ययन ३२
४.१ ‘सपनाको समुद्र’ कथाको अध्ययन ३२
४.२ ‘शङ्खघोष’ कथाको अध्ययन ३४
४.३ ‘मनका तरङ्ग’ कथाको अध्ययन ३६
४.४ ‘खण्डित विभाजित म’ कथाको अध्ययन ३८
४.५ ‘नगाँसिएको सम्बन्ध’ कथाको अध्ययन ४०
४.६ ‘स्याबास भाइ’ कथाको अध्ययन ४२

४.७ 'ती दुई प्रश्न' कथाको अध्ययन ४३
४.८ 'अलिखित कथाको एक पात्र' कथाको अध्ययन ४५
४.९ 'सुखदु:खका आँसु' कथाको अध्ययन ४७
४.१० 'मनसँग प्रश्न' कथाको अध्ययन ४९
४.११ 'प्रतिबिम्ब' कथाको अध्ययन ५१
४.१२ 'अस्तित्व तृष्णा' कथाको अध्ययन ५२
४.१३ 'कुञ्जला' कथाको अध्ययन ५४
४.१४ 'प्रतिद्वन्द्वी स्नेह' कथाको अध्ययन ५६
४.१५ 'मेरो दृष्टिमा ऊ' कथाको अध्ययन ५८
४.१६ 'अनाम सत्य' कथाको अध्ययन ६०
४.१७ 'प्रभु ! तिमीलाई नै सोधूँ' कथाको अध्ययन ६२
४.१८ 'डाँडामाथिको एउटा रुख' कथाको अध्ययन ६४
४.१९ 'सपना हराएका आँखा' कथाको अध्ययन ६६
४.२० 'समयको परिबन्द' कथाको अध्ययन ६८
४.२१. 'अकल्पित अन्त्य' कथाको अध्ययन ७१
४.२२ 'सम्भावित सम्भावना' कथाको अध्ययन ७३
४.२३ 'आखिर मनै त हो' कथाको अध्ययन ७५
४.२४ 'नियतीको खेल' कथाको अध्ययन ७७
४.२५ 'भोगाइका तिक्त क्षण' कथाको अध्ययन ७९
४.२६ 'पराजय' कथाको अध्ययन ८२
४.२७ 'नजरको तीरमा' कथाको अध्ययन ८४
४.२८ निष्कर्ष ८८

परिच्छेद : पाँच
**उपसंहार**

५.१ सारांश ८९
५.२ निष्कर्ष ९०
५.३ सम्भाव्य शोधका शीर्षक ९१
सन्दर्भ सूची ९२

परिच्छेद : एक

# विषय परिचय

## १. परिचय

रीता ताम्राकार (२०२२) नेपाली साहित्यकी बहुमुखी प्रतिभाकी धनी स्रष्टा हुन् । नेपाली साहित्यको फाँटमा देखा परेकी ताम्राकार मानवीय पीडा, संवेदना र संवेगलाई विभिन्न सन्दर्भमा प्रस्तुत गर्ने प्रवीण कथा सर्जक हुन् । यिनका रचनामा दलित, शोषित, पीडित गरीब जनताका साथै नारीले भोग्नुपरेका विभेद, अन्याय र अत्याचार प्रतिबिम्बित भएको देखिन्छ । सामाजिक विभेद एवम् शोषण र उत्पीडनका समस्यालाई दृष्टिगत गर्दै साहित्य रचना गर्ने एक विशिष्ट साधकका रूपमा रीता ताम्राकार परिचित देखिन्छिन् । हालसम्म यिनका **तुषारापात** (२०६१) **दृश्य परिदृश्य** (२०७३), **संवेग** (२०७४) र **अनाम परिधि** (२०७६) गरी जम्मा चारवटा कथा कृतिहरू प्रकाशित भएका छन् । यस्तै विभिन्न पत्रपत्रिकामा यिनका फुटकर कथा र कविताहरू प्रकाशित भएको देखिन्छ ।

ताम्राकार साहित्य लेखन र सामाजिक सेवा गरे स्वरूप सम्मानित पनि भएकी छन् । यिनलाई इटहरी साहित्यिक समूह र इटहरी नगरपालिकाको सहकार्यमा २०६५ सालमा सम्मान गरिएको हो । यिनको जीवनी व्यक्तित्व र कृतित्व विषयमा पत्रपत्रिकामा फुटकर लेख प्रकाशित भए तापनि कृतिपरक अध्ययन भएको देखिँदैन । साहित्यका विविध विधामध्ये आख्यान विधा र त्यसमा पनि कथा विधामा कथाकार ताम्राकारको झुकाव रहेको देखिन्छ । प्रस्तुत शोधपत्रमा यिनको कथा यात्राका क्रममा महत्त्वपूर्ण स्थान राख्ने **दृश्य परिदृश्य** कथासङ्ग्रहका बारेमा केन्द्रित भएर तत्त्वगत आधारमा कृतिपरक अध्ययन गरिएको छ ।

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधको शीर्षक **दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.३ शोध समस्या

प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्या रहेका छन् :

१. रीता ताम्राकारको जीवनी, व्यक्तित्व र कृतित्व के कस्ता छन् ?

२. नेपाली कथा परम्परामा रीता ताम्राकारका कथागत प्रवृत्ति के कस्ता छन् ?

३. दृश्य परिदृश्य कथासङ्ग्रहका कथालाई के कसरी अध्ययन गर्न सकिन्छ ?

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रमा निम्न लिखित उद्देश्यहरू रहेका छन् :

१. रीता ताम्राकारको जीवनी, व्यक्तित्व र कृतित्वको जानकारी दिनु,

२. नेपाली कथा परम्परामा रीता ताम्राकारको स्थान र प्रवृत्तिको खोजी गर्नु,

३. दृश्य परिदृश्य कथासङ्ग्रहका कथालाई कथा तत्त्वका आधारमा अध्ययन गर्नु ।

## १.५ पूर्व कार्यको समीक्षा

कथाकार रीता ताम्राकारका हालसम्म **तुषारापात** (२०६१) **दृश्य परिदृश्य** (२०७३), **संवेग** (२०७४) र **अनाम परिधि** (२०७६) गरी चार कथासङ्ग्रह प्रकाशन भइसकेका छन् । जसमध्येको दोस्रो कथा कृति **दृश्य परिदृश्य** हो । २०७३ सालमा प्रकाशित उक्त कृतिका बारेमा त्यति गहन अध्ययन भएको पाइँदैन । प्रस्तुत कथासङ्ग्रहमा र कथाकार ताम्राकारका सङ्ग्रहको अध्ययनका क्रममा केही समीक्षकले विभिन्न प्रकारका टीका टिप्पणी गरेर लेख तथा समीक्षा लेखेका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- विवश पोखरेलले प्रकाशकीय खण्डमा **दृश्य परिदृश्य** सङ्ग्रहभित्रका कथाहरूका विषयवस्तुमा प्रवेश गर्दा यस भित्र नारी उत्पीडनका कुराहरू मात्र नभएर पारिवारिक द्वन्द्व, सङ्घर्ष र विद्रोह, धार्मिक आडम्बरका साथै आदर्श आमाभित्रको प्रगाढ वात्सल्य पनि समाहित छन् । जुन हाम्रा समाजका बिम्ब र यथार्थ हुन् भन्ने कुराको चर्चा गरेका छन् । उनको यो लेख समीक्षात्मक नभई परिचयात्मक खालको देखिन्छ (पोखरेल, प्रकाशकीय : २०७३) ।
- दयाराम श्रेष्ठले **रूपान्तरित समाजको प्रतिबिम्ब** शीर्षकमा आदर्शका कुरा गर्ने सङ्कीर्ण समाजप्रति चुनौती दिँदै कथाकारले नारी उन्मुक्ति र स्वतन्त्रताको आवाजलाई घनीभूत पारेकी छिन् भन्ने कुराको चर्चा गरेका छन् । श्रेष्ठले यस

लेखमा नारीवादलाई विशेष ध्यान दिए पनि कथाका अन्य विषयवस्तु बारे उनले ध्यान दिन नसकेको प्रतीत हुन्छ भनेका छन् (श्रेष्ठ, शुभकामना : २०७३) ।

- **संवेदनशील कथाकार रीता ताम्राकार** शीर्षकमा माया ठकुरीले **दृश्य परिदृश्य** सङ्ग्रहभित्रका कथाहरूमा कथाकारद्वारा हाम्रो समाजमा विद्यमान लैङ्गिक भेदभाव तथा सङ्कुचित संस्कार बारे मात्र नभएर मानिसको अन्तर्मन र कथाव्यथालाई खोतल्दै कथाको रूपदिने कार्य भएको छ भन्ने धारणा व्यक्त गरेकी छिन् उनको यो धारणा समीक्षात्मक नभई सामान्य परिचयात्मक खालको देखिन्छ (ठकुरी, शुभकामना : २०७३) ।
- परशु प्रधानले “नारी मर्म संवेदना र जीवनका दृश्य परिदृश्यलाई कलात्मक रूपमा टिपेकी छन् कथाकार ताम्राकारले । यिनका हरेक कथाले हाम्रा मन मस्तिष्कलाई छुन्छन् । मलाई लाग्छ यही नै यिनको लेखनको सफलता हो” भन्दै भावपरक र प्रशंसामूलक टिप्पणी गरेका छन् (प्रधान, शुभकामना : २०७३) ।
- उषा शेरचनले “दृश्य परिदृश्यका विभिन्न स्वादका कथा एउटा थालीमा पस्किएका विभिन्न व्यञ्जनजस्ता लागे । एउटा बेग्लै तृप्ति अनुभूत गरेँ । मलाई विश्वास छ पाठकलाई पनि त्यस्तै तृप्ति दिनेछन् यस सङ्ग्रहका कथाले” भन्ने विचार व्यक्त गरेकी छिन् यिनको उक्त विचार पनि सतही र प्रभावपरक खालको देखिन्छ (शेरचन, शुभकामना : २०७३) ।
- सूर्य खड्का बिखर्चीले आफ्नो समीक्षा कृति पुष्पहारमा भनेका छन्- कथाकार रीता ताम्राकारका कथाले केवल मनोरञ्जन र उपदेश मात्र दिँदैनन् समाज सुधारका लागि शङ्खघोषसमेत गर्छन् । प्रायः कथा नारीप्रधान कथाका रूपमा लेखिएका भए तापनि उनका कथामा पुरुषप्रति सकारात्मक सोच राखिएका छन् । उनले कथामार्फत् समतामूलक समाज निर्माणका लागि अपिल गरेकी छन् । उनका केही कथाले नारी उन्मुक्ति र स्वतन्त्रताको स्वर सुसेलेका छन् (बिखर्ची, २०७६ : ७२) ।
- बलराम पौडेलले अनाम परिधिमा दृष्टि दिँदा शीर्षकमा उनको कथाकारिताबारे भनेका छन्- नेपाली समाजमा विद्यमान् विकृति, विसङ्गति र रुढिवादी परम्परासँगै थलिएको नेपाली समाजको चित्रणलाई मिठासपूर्ण शिल्प भावद्वारा राम्रोसँग उधिनेर कथा लेख्ने कथाकारका रूपमा चिनाउँदै उनका अधिकांश कथाले मानव जीवनमा आईपर्ने विभिन्न मोडलाई उजागर गरेका छन् (पौडेल, २०७६ : ७१) ।

- असफल गौतमले ताम्राकारको अनाम परिधि परिचर्चा कार्यक्रममा समीक्षा गर्दै भनेका छन्- रीता ताम्राकारले कथा विधाबाट साहित्यको उज्यालो फैलाउँदै सभ्य र सुन्दर समाज निर्माणको कामना गरिन् । त्यसैले उनको कथा लेखनमा समाज परिवर्तनको उज्यालो भेटिन्छ । समाजको उज्यालो सँगसँगै जिन्दगीलाई पनि साहित्यकै माध्यमबाट उजिल्याउँदै आएकी ताम्राकारले अवलम्बन गरेको कथा उद्योग पनि फस्टाउँदो देखिन्छ (गौतम, २०७६ पुस) ।

यसरी हेर्दा कथाकार रीता ताम्राकारको कथाकारिता बारेमा विभिन्न सामाजिक सञ्जाल, पुस्तक तथा पत्रपत्रिकामा भावपरक, प्रभावपरक, प्रशंसामूलक र परिचयात्मक भनाइहरू देखिन्छन् । जो शुभकामना, शुभेच्छा समीक्षात्मक बन्न सकेका देखिदैनन् । सोही कारण उनको कथाकारिताको समीक्षात्मक अध्ययन प्रस्तुत अध्ययनमा गर्न खोजिएको छ ।

## १.६ शोधको औचित्य

साहित्यका विविध विधामध्ये मूलतः आख्यान विधा र त्यसमा पनि कथा विधामा कलम चलाउने साहित्यकार ताम्राकारको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पत्रपत्रिकामा सामान्य लेख प्रकाशित भए तापनि यिनको **दृश्य परिदृश्य** कथासङ्ग्रह (२०७३) का बारेमा कृति भित्र बाहेक अन्य चर्चा परिचर्चा भएको पाइँदैन । यस कृतिका बारेमा केही टिकाटिप्पणी र समीक्षा गरिए पनि **दृश्य परिदृश्य** कथासङ्ग्रहमा केन्द्रित रहेर अध्ययन नभएकाले यसको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

## १.८ शोधको क्षेत्र र सीमा

रीता ताम्राकार नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् यिनका हालसम्म तीन वटा कथासङ्ग्रह प्रकाशित छन् । यस्तै विभिन्न पत्रपत्रिकामा फुटकर कथा र कविता पनि प्रकाशित हुँदै आएका छन् भने अन्य कृति प्रकाशोन्मुख छन् । यी कृतिमध्ये **दृश्य परिदृश्य** कथासङ्ग्रहको मात्र अध्ययन गर्नु यस शोधपत्रको क्षेत्र रहेको छ । प्रस्तुत कृति बाहेक अन्य कृतिको अध्ययन नगर्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्रमा शोध समस्यामा रहेका समस्यालाई समाधानका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालय पद्धतिको प्रयोग गरिएको छ । सम्बन्धित कृतिका बरेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता अनुसार सम्बन्धित विषयका बारेमा कथाकारसँग अन्तरवार्ता गरेर शोधपत्रमा वर्णनात्मक र विश्लेषणात्मक दुवै विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र सुसङ्गठित रूप दिनका लागि शोधको सम्भावित रूपरेखा तयार गर्दा प्रस्तुत शोधपत्रलाई निम्नानुसारको अध्यायमा विभाजन गरिएको छ :

परिच्छेद एक - शोधको परिचय,

परिच्छेद दुई - रीता ताम्राकारको जीवनी,

परिच्छेद तीन - कथाको सैद्धान्तिक परिचय,

परिच्छेद चार - दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन,

परिच्छेद पाँच - उपसंहार ।

परिच्छेद : दुई

# कथाको सैद्धान्तिक परिचय

## २ कथा परिचय

भाषाका माध्यमले गरिने जीवनगत्को कलात्मक अभिव्यक्ति साहित्य हो । साहित्यका निबन्ध, आख्यान, नाटक र कविता विधामध्ये आख्यान विधाअन्तर्गतको कथालाई महत्त्वपूर्ण साहित्यिक विधाका रूपमा लिँदै आएको पाइन्छ । कथाको मौखिक स्वरूपको इतिहास हेर्ने हो भने, यो मानव सभ्यता जत्तिकै पुरानो रहेको पाउँछौं । मानव सभ्यताको प्रारम्भसँगै मौखिक श्रुति परम्पराका माध्यमबाट कथा विधा क्रमशः अगाडि बढेको देखिन्छ । आफ्नो व्यवहार चलाउनका लागि भाषाको पनि विकास गऱ्यो । यही भाषिक विकासका सहायताले आफन्त माझ खुसी, पीडा, सुखदुःखका अनुभव, अनुभूति, विभिन्न आवेगसंवेग तथा मानवीय संवेदनाकास्तरमा रहने विविध भाव साटासाट गर्न आवाजले विभिन्न शब्द पायो अथवा विचारलाई ठीक-ठीक अर्थमा मानवले आपसमा विनिमय गर्ने सामर्थ्यप्राप्त गऱ्यो त्यो स्मृतिले नै कथाको रूप लियो (अर्याल, २०४९ : १) । यसपछि बिस्तारै मौखिक कथा परम्पराले लेख्य रूप ग्रहण गर्न पुगेको देखिन्छ ।

कथाको व्युत्पत्तिगत अर्थलाई हेर्दा ‘कथ्’ धातुमा ‘अङ्’ प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । यसरी कथ+अ+आ को प्रक्रियाबाट निष्पन्न भएको (सुवेदी, २०५१ः १) कथा शब्दको शाब्दिक अर्थ कथिएको वा भनिएको भन्ने हुन आउँछ । यसरी हेर्दा कथा निश्चित प्रकारको संरचनामा निबद्ध र सीमित आयतनभरिको समय र स्थानभित्र बिस्तारित विचार वा भावाभिव्यञ्जक सङ्क्षिप्त आख्यानात्मक गद्य रूप हो (श्रेष्ठ र शर्मा, २०६९ः६) । साहित्यका अन्य विधाका तुलनामा कथा जीवनसँग अत्यन्त सन्निकट सम्बन्ध भएको लोकप्रिय विधा हो (थापा, २०५० : १५७) । यो केटाकोटी, युवायुवती तथा वृद्धवृद्धा सबैले मन पराउने लोकप्रिय साहित्यिक विधा हो । पूर्वीय र पाश्चात्य साहित्यकाशमा अनादिकालदेखि विविध प्राचीन कथाहरू प्रचलीत भए पनि आधुनिक कथा १९ औं शताब्दीको पश्चिमा साहित्यबाट विकसित भएको हो ।

कथालाई काव्य, नाटक, उपन्यास र निबन्धबाट छुट्याएर पृथक साहित्यिक विधाको प्रतिष्ठा १९ औं शताब्दीले दिन सकेको देखिन्छ । पुश्किन, प्रास्फर र वाल्जाकहरू नै ती

नामी कथाकार थिए, जसले कथालाई साहित्यमा पृथक विधाका रूपमा मात्र उभ्याएनन् कथाको शिल्प विधान र उद्देश्यमा पनि व्यापक क्रान्ति ल्याए (अर्याल, २०४९ : ७) । यसरी प्राचीन समयदेखि विकसित हुँदै आएको कथा छोटो समयमै पढ्न र बुझ्न सकिने अत्यन्त मनोरञ्जनात्मक सर्वप्राचीन विधा हो ।

कथालाई विभिन्न भाषामा आ-आफ्नै तरिकाले चिनाउने प्रयास गरिरएको छ । शुरूमा अङ्ग्रेजीमा कथा विधाको थालनी हुँदा यसलाई **सर्टटेल** भनियो भने पछि **सर्टस्टोरी** भन्न थालियो । यस्तै फ्रान्सेली भाषामा **नुबेल** भनियो गुजराती भाषामा यस विधाको नाम **नवलिका** रहन यो भने बङ्गालीमा **गल्प** राखियो र हिन्दीमा **कहानी** शब्दले यो विधा परिचित भयो (शर्मा, २०६६ : १३) । यसरी विविध भाषामा व्युत्पत्ति हुँदै आएको कथा शब्दलाई नेपाली साहित्यमा भन्ने कसैले छोटा किस्सा त कसैले कुथुङ्ग्री पनि भनेको पाइन्छ भने कसैले छोटा कथा पनि भनेका छन् । तर अन्त्यमा कथा शब्द नै कायम रहन गयो । जसको शाब्दिक अर्थ कुनै कुराको कथन गर्नु भन्नु वा बताउनु भन्ने बुझिन्छ ।

## २.१ कथाको परिभाषा

मानवीय संवेदनासँग निकटको सम्बन्ध राख्ने महत्त्वपूर्ण साहित्यिक विधाका रूपमा कथा विधा प्रतिष्ठापित भएको पाइन्छ । मौखिक श्रुति परम्पराबाट अघि बढेको कथा साहित्यले लेख्य रूप ग्रहण गरेपछि यसको व्याख्या, विश्लेषण तथा समालोचना गर्ने र यसमा रहेका विशेषताका आधारमा कथालाई परिभाषित गर्ने क्रम पनि आरम्भ भएको देखिन्छ । विभिन्न विद्वान्ले आ-आफ्नै तरिकाबाट यस विधालाई परिभाषित गर्ने प्रयास गरेका छन् । जसमध्ये केही परिभाषा यस प्रकार रहेका छन् :

- **एडगर एलेन पो :** कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एकै बसाइमा पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैँमा पूर्ण हुन्छ (श्रेष्ठ, २०६७ : ७) ।
- **हड्सन :** एकपटक तयार भएको मानसिक स्थिरता भङ्ग नभई एकै बसाइमा सजिलैसित पढिसकिने आख्यानात्मक रचना कथा हो (अवस्थी, २०६५ : ५) ।

- **जेम्स, डब्लु लिन :** कुनै एक पात्रका जीवन सम्बन्धित महत्त्वपूर्ण घटना वा मनोदशाको सङ्क्षिप्त नाटकीय रूपद्वारा प्रतिनिदान गरिने वस्तु कथा हो (शर्मा, २०६७ : १७) ।
- **डेभिड बी. गुराल्निक :** वास्तविक वा काल्पनिक घटना वा घटनासँग सम्बद्ध उपन्यासको तुलनामा लघुरूप भएको र पद्य या गद्यमा लेखिएको काल्पनिक कथा भएको साहित्य रचना नै कथा हो (शर्मा, २०६७ : १७) ।
- **प्रेमचन्द्र :** कथा एक त्यस्तो गद्य रचना हो, जसमा जीवनको कुनै एक अङ्ग वा एक मनोभावको प्रदर्शन गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथा विन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् । उपन्यासमा झैँ यसमा मानव जीवनका सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिँदैन न त यसमा उपन्यासमा झैँ सबै रसहरूको सम्मिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय बगैँचा होइन, जसमा थरीथरीका फूलहरूबुट्टा सजिएको हुन्छ तर एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखापर्दछ (श्रेष्ठ, २०६७ : ७) ।
- **लक्ष्मीप्रसाद देवकोटा :** छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो .... यो जत्तिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी कुरा अरू छदैछैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ ... यसको ढंग नाटकीय हुन्छ चट्ट जीवनलाई एक दृश्यमा छुन्छ (श्रेष्ठ, २०६७ : ८) ।
- **ईश्वर बराल :** एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अंगको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ (श्रेष्ठ, २०६७ : ८) ।
- **मैनाली:** कुनै एक पात्रका जीवनको संकटमय घटनालाई कलापूर्ण रीतले लेख्नु नै कथा रचना हो (शर्मा, २०६७ : ३१) ।
- **रूपनारायण सिंह :** एउटा व्यक्तिका जीवनमा एउटा विशेष घटना अथवा अनुभूति चित्रण गरी यथार्थ रूपमा देखाउनु नै गल्पको मुख्य ध्येय रहन्छ (शर्मा, २०६७ : ३३)।

यी विभिन्न कथा चिन्तकका परिभाषाबाट के स्पष्ट हुन्छ भने, कथा छोटो समयमै पढ्न र बुझ्न सकिने सिर्जना हो । जहाँ जीवनको कुनै एक पक्षको चित्रण गरिएको एक सशक्त आख्यानात्मक सङ्क्षिप्त कला, मूल्यलाई अवलम्बन गरेको प्रभावान्विति नै मुल मेरुदण्डका रूपमा रहेको गद्य रूप हो । जुन सङ्क्षिप्त भएर पनि आफैँमा पूर्ण हुन्छ ।

## २.२ कथाको उत्पत्ति

कथाको उत्पत्तिका सन्दर्भमा विभिन्न पूर्वीय तथा पाश्चात्य मान्यता प्रचलनमा रहेको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### क. पूर्वीय मान्यता

मानव सभ्यताको प्रारम्भदेखि नै पूर्वीय साहित्य जगत्मा कथा विधा विकसित हुँदै आएको देखिन्छ । पूर्वीय संस्कृत साहित्यका वैदिक (वेद, ब्राह्मण, आरव्यक, उपनिषद्) र लौकिक (रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेश, बृहत्कथा) जस्ता साहित्यिक कृतिहरूमा प्रशस्त कथात्मक अंश पाइए तापनि यी कथाको तर्जुमा साहित्य समृविद्धका दृष्टिले गरिएको नभई आध्यात्मिक चिन्तनको प्रसङ्ग, आत्मा, परमात्मा, पूर्वजन्म, पुर्नजन्म, ज्ञान, अज्ञान, पापधर्म, जीवनमृत्यु जीवजगत् इत्यादी बारेका गहनतम् चिन्तनहरूलाई व्यवहारिक रूपमा बुझाउन नै गरिएको हुनुपर्दछ (अर्याल, २०४९ : ४) । ऋग्वेदमा स्वाभाविक रूपमा काव्यात्मक कथा वर्णन पाइन्छ भने उपनिषद्हरूमा दार्शनिक कथा वर्णन पाइन्छ (शर्मा, २०६७ : ९८) यस्तै विविध वस्तु, विविध वस्तुसमृद्ध विविध कथा र विविध कथाका माध्यमबाट प्रस्तुत विविध प्रभावका कारणले गर्दा रामायण र महाभारत हिजोआजका कथाकोसमेत प्रारम्भिक आधारस्तम्भ बनेका छन् (शर्मा, २०६७ : १०१) । ४००-२०० ईसा पूर्वका कालवधिमा भारतीय समाजमा कथा, आख्यान र आख्यायिका प्रशस्त प्रचलित भइसकेका थिए भन्ने कुराको पुष्टी कात्यायन पतञ्जलिले आख्यान तथा आख्यायिकाको उल्लेख गरेबाट गर्न सकिन्छ (बराल, २०३३: १४) । त्यसैले कथा प्राचीनसमयदेखि नै आख्यान र आख्यायिका नामले पूर्वीय साहित्य जगत्मा प्रचलित भएको पुष्टि हुन्छ ।

संस्कृत साहित्यमा आख्यानका सम्बन्धमा आचार्य भामह र दण्डीका मत बढी महत्त्वपूर्ण छन् । भामहका अनुसार कथा सत्य घटना हो, यसको रचना संस्कृत, प्राकृत वा अपभ्रश भाषामा गर्न सकिन्छ भन्दै भामहले आख्यायिका र कथाको भेद विषयवस्तु, शैली,

वक्ता, छन्द र भाषाका दृष्टिले यिनलाई दुई स्वतन्त्र विधा माने तर, दण्डीले भने छन्दका छाँदमा नकज्याइने गद्यका आख्यायिका र कथा दुई विधा मानिए तापनि यी विभिन्न विधा होइनन् भन्ने निर्णय गरे (बराल, २०३३: १५) । यी विविध मतका अनुसार संस्कृत साहित्यका विविध कृतिमा कथात्मक अंश पाइए पनि खास आधुनिक कथाको स्वरूप पाइँदैन । त्यसकारण आधुनिक कथा पाश्चात्य साहित्यको देन मानिन्छ ।

**ख. पाश्चात्य मान्यता**

पाश्चात्य साहित्य जगत्मा आख्यानको आरम्भ मिश्रको **जादुगरका कथाहरू**बाट भएको मानिन्छ । जादुगरका कथापछि पश्चिमी आख्यान साहित्यको प्राचीन इतिहासमा यहुदीहरूको धर्मग्रन्थ **ओल्डटेष्टमेन्ट** किस्तानहरूको धर्मग्रन्थ **न्यूटेस्टामेन्ट बाइबल** ज्यादै महत्त्वपूर्ण मानिन्छन् । ग्रिस र रोमको **इसप** नीतिकथा होमरका **इलियड** र **ओडेसी** वर्जिलको **एनियड** दाँतेको **डिभाइन कमेडी** वोकारिसयोको **देकामेरोन** पनि उत्तिकै प्रसिद्ध मानिएका छन् (शर्मा, २०६७ : ११२) । यी पश्चिमी प्राचीन विविध कृतिहरूले आधुनिक कथाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

लोककथालाई आधार बनाउँदै आधुनिक कथाले आफ्नो अलग स्वरूप निर्धारण गरेको छ । परम्परित अन्धविश्वासयुक्त कथाले अहिले आधुनिकता प्राप्त गरेका छन् । जुन प्रारम्भमा १९ औं शताब्दीमा अमेरिकी कथाकार एडगर एलेन पोले चिनाएका हुन् । यस विधालाई अझ शसक्त रूपमा अगाडि बढाउनेमा बेलायती इर्विङबविट, चर्ल्स डिकेन्स, डी.एच.लरेन्स, सोमर सेट सम, जर्मनमा होफ्म्याम, पाउन होप्स, फ्रान्समा बाल्जाक, फ्लावेयर, जोला मोपाँसा, अल्बर्टकामु रुसी पुस्किन, टल्सटाय, चेखब, म्याक्सिम गोर्की आदि कथाकारका कथाहरू महत्त्वपूर्ण मानिन्छन् ।

यसरी पश्चिमी विविध देशका कथाकारबाट विविध विषयवस्तु समेट्ने कथाहरू लेखिँदै कथालाई आधुनिक स्वरूप दिइएको हो । जस विधालाई अङ्ग्रेजीमा **Shortstorys** फ्रान्सेलीमा **नोवल**, गुजरातीमा **नवलिका** बंगालीमा **गल्प** हिन्दीमा **कहानी** जस्ता शब्दले चिनिएको छ । नेपालीमा भने आधुनिक कथा सानो किस्सा कथुङ्ग्री छोटो कथा हुँदै अन्तमा कथा शब्दले नै चिनिएको छ । जसको अर्थ कुनै कुराको कथन गर्नु, भन्नु वा बताउनु भन्ने हुन्छ । यसरी अमेरिकाबाट प्रारम्भ भएको कथाले विभिन्न देश र कथाकारको प्रयासद्वारा आधुनिक स्वरूप प्राप्त गरेको छ ।

## २.३ कथाका तत्त्व तथा उपकरण

साहित्य विभिन्न तत्त्व वा उपकरणहरूद्वारा निर्मित यौगिक वस्तु हो । यसका हरेक विधा निर्माणमा विभिन्न तत्त्वहरूको भूमिका रहेको हुन्छ । आख्यानको एउटा भेदका रूपमा रहेको कथाको निर्माणमा पनि विभिन्न तत्त्वको योगदान रहेको पाइन्छ । कथाका तत्त्वहरू यति नै हुन्छन् भन्नेबारे विद्वान्बीच मतैक्यता पाइँदैन । विभिन्न विद्वान्ले कथा तत्त्वको निर्धारण आ-आफ्नै तरिकाले गरेको पाइन्छ तीमध्ये केही विद्वान्का कथा तत्त्व सम्बन्धी मतलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- **डा. ईश्वर बराल** : कथानक, क्रियाकलाप, पात्र, घटना, सङ्घर्ष, परिवेश, कौतुहल र प्रभावान्वितिलाई कथाका मुख्य तत्त्व मानेका छन् (बराल, २०३३ : ५०) ।
- **डा. हिमांशु थापा :** कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य गरी कथाको छ वटा तत्त्व उल्लेख गरेका छन् (थापा, २०५० : १६०) ।
- **राजेन्द्र सुवेदी :** कथानक, पात्र, क्रियाकलाप, कथोपकथन, घटना, द्वन्द्व (संघर्ष), परिवेश, कौतूहलता, चरमोत्कर्ष, फलागम र प्रभावान्विति आदि तत्त्वहरू कथाका उपकरण हुन् भनेका छन् (सुवेदी, २०५१ : २३) ।
- **हरिप्रसाद शर्मा** : कथानक वा कथावस्तु कथापात्र र दृष्टिकोण, कथापरिवेश र गति संवाद वा कथोपकथन कथाको उद्देश्य र शैली रचना कथाका उपकरण हुन् भनेका छन् (शर्मा, २०६७ : ५९) ।
- **केशवप्रसाद उपाध्याय :** कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतूहल, संवाद, शैली र उद्देश्यलाई कथाका प्रधान तत्त्व स्वीकारेका छन् (शर्मा, २०६७ : ५८) ।
- **महादेव अवस्थी** : शीर्षक प्रयोग, विषय वा केन्द्रीय कथ्य, कथावस्तु योजना, पात्रविधान, परिवेश चित्रण, परिच्छेद विधान, दृष्टिबिन्दु, भाषाशैली र बिम्बप्रतीक प्रयोगलाई कथाका प्रमुख तत्त्व स्वीकारेका छन् (अवस्थी, २०६५ : ५) ।
- **डा. दयाराम श्रेष्ठ :** नयाँ समालोचना अनुसार कथाको शरीर रचनालाई संरचना र रूपविन्यास गरी विभाजित गरेका छन् । जसमध्ये संरचनाअन्तर्गत कथावस्तु, पात्र, दृष्टिबिन्दु र सारवस्तु पर्दछन् भने रूपविन्यास अन्तर्गत पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीक विधान, तुलना शीर्षक पर्दछन् भनेका छन. (श्रेष्ठ, २०६७ : ८-१२) ।

यसरी कथा तत्त्व वा उपकरणका सम्बन्धमा विभिन्न विद्वान्बीच मन भिन्नता रहेपनि सबैजसो विद्वान्हरूले कथानक वा कथावस्तु, पात्रचरित्र, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुलाई नै मुख्य कथातत्त्व मानेको देखिन्छ । जसलाई निम्नानुसार क्रमशः चर्चा गरिन्छ ।

### २.३.१ कथानक वा कथावस्तु

त्यसपछि, अनि त्यसपछि र अब अनि त्यसपछि हुँदै चरमोत्कर्ष सम्मको अविराम गतिमा तानिने तन्तुको उपयुक्त नामकरण हो कथानक (सुवेदी, २०५१ : २४) । यो कथाको अनिवार्य तत्त्व हो । यसले कथा संरचनाको सबैभन्दा स्थूल तथा सबल तत्त्वको बोध गराउँदछ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, ०६७ : ९) । त्यसैले कथालाई सजाउँदा वा प्रस्तुत गर्दा त्यसको खास योजनालाई क्रमवद्ध रूपमा राख्नुपर्छ । कथावस्तुमा समावेश गरिएका विभिन्न घटनामा सङ्क्षिप्तता र परिमितता हुनुपर्छ । जसले कथामा समावेश गरिएका घटना, प्रसङ्ग, पात्र, संवाद आदिका गयात्मकता र तीव्रता प्रदान गर्दछ (थापा, २०५० : १६१) । यस्ता विविध कुराहरू समेट्ने कथावस्तु कथाको एक प्रमुख तत्त्व हो ।

कथावस्तुले पाठकमा जिज्ञासा, उत्कष्ठा तथा कौतुहल जन्माउन सक्नुपर्छ । पाठकका मनोभावनाबाट बिउँझाउन सक्ने र प्रभावकारी ढंगमा पाठकलाई आफूतिर तान्न सक्ने क्षमता कथावस्तुमा रहेको हुनुपर्छ (ढुंगेल, दाहाल, २०५७ : ८) । जसले गर्दा कथावस्तुमा पाठकको अन्तर्मनमा जिज्ञासा र उत्कण्ठा जगाई आफूतर्फ आकर्षण गराउने क्षमता रहेको हुन्छ । कथावस्तु योजनावद्ध कार्यक्रमको अर्को नाम हो (श्रेष्ठ, २०६७ : १०) । यसको रचनातन्त्र रैखिक आदि, मध्य, अन्त्यको शृङ्खलायुक्त ढाँचामा र विशृङ्खल वृत्ताकारीय ढाँचामा रहेको हुन्छ । जसले गर्दा यो एक बौद्धिक प्रक्रिया हो ।

कथाको चरित्र विकासमा सहयोग पुऱ्याउनु र योगदान दिनु कथावस्तुको मुख्य उद्देश्य हो । विशृङ्खलित र अव्यवस्थित घटनाक्रमलाई व्यवस्थित रूप दिने र नियन्त्रणका साथ एकात्मक सूत्रमा आवद्ध गर्ने काम कथावस्तुले गर्दछ । कथा लेखनका लागि इतिहास, पुराण, साहित्य, कल्पना, पत्रपत्रिका, दैनिक जीवन सम्बद्ध घटना र विविध वस्तु प्राप्तिका श्रोत मानिन्छन् तापनि कथानक कुनै मानव जीवन आधृत गहनत्म घटनासँग सम्बद्ध रहनुपर्छ (शर्मा, २०६७ : ६०) । कथानक सरल, सहज स्वाभाविक र योजनावद्ध हुनुपर्छ ।

यस प्रकारको कथानक आधुनिक कथामा महत्त्वपूर्ण मानिन्छ तर, वर्तमान समयका कथाहरूमा कथानक ढाँचालाई भत्काएर कथानकको नगन्य रूप दिने प्रचलन छ । फलस्वरूप अकथाले प्रश्रय पाउँदै गएको छ । तापनि जस्तोसुकै कथामा पनि कथानक रहेकै हुन्छ ।

## २.३.२ पात्र वा चरित्र

कथाभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथानकलाई गति दिई कथालाई जीवन्तता प्रदान गर्न कथामा पात्रको महत्त्वपूर्ण भूमिका रहन्छ । कथालाई गतिशीलता दिने तथा कथानकका उपकरणका रूपमा रहेका द्वन्द्व, क्रियाव्यापार, कौतूहलता आदिलाई चलायमान बनाउने अंग नै पात्र हो । कथाभित्र मानवीय, मानवेत्तर तथा कल्पनिक जे जस्ता पात्रको प्रयोग गरिए पनि त्यस्ता पात्रले मानवीय तथा सामाजिक जीवनजगत्को यथार्थ चित्रण गरेको हुनुपर्छ ।

पात्रको उपस्थितिले कथामा सशक्तता र जीवन्तताका लागि आवश्यक भूमिका प्रदान गरेको हुनुपर्छ । कथामा पात्रलाई कथाकारको मुखपात्र बनाउनु हुँदैन । मुख पात्रको रूपमा रह्यो भने कथामा शास्वत र कलात्मक मूल्यको ह्रास हुन्छ । यसैले कथामा पात्रको व्यक्तित्व र अस्तित्व स्वतन्त्र वातावरणमा प्रस्तुत हुनुपर्दछ जसले गर्दा पात्रको व्यक्तित्वमा सजीवता र सशक्तताको प्रादुर्भाव हुन्छ (थापा, २०५० : १७३) । यसरी कथाभित्र स्वतन्त्र रूपमा रहेर कथाकारले आफ्नो बौद्धिकताद्वारा प्रदान गरेको कथानकलाई गति दिई कथालाई सशक्तता र जीवन्तता प्रदान गर्न कथामा पात्रको महत्त्वपूर्ण भूमिका रहन्छ ।

कथामा प्रयुक्त पात्रको चरित्र आद्योपान्त समान रूपमा प्रदर्शित हुनुपर्छ । एउटै चरित्रलाई कहिले कातर, कहिले साहसी, कहिले क्रुर, कहिले दयालु देखाइयो भने जीवनको वास्तविक प्रतिबिम्बन र कथा कलामा व्यवधान उत्पन्न हुन्छ (शर्मा, २०६७ : ६८) । त्यसैले कथाकारले कथामा आफ्नो कथावस्तु अनुरूप र परिवेश सुहाउँदो पात्र चयन गरेको हुनुपर्छ । कथामा आउने पात्रलाई विभिन्न आधारमा वर्गीकरण गर्ने गरिन्छ जुन निम्न रहेका छन् :

- स्वभावका आधारमा : स्थिर र गतिशील
- लिंगका आधारमा : स्त्री र पुरुष
- कार्यका आधारमा : प्रमुख, सहायक र गौण

- प्रवृत्तिका आधारमा : अनुकूल र प्रतीकूल
- जीवन चेतनाका आधारमा : प्रतिनिधिमूलक र व्यक्तिगत
- सामाजिक सम्बन्धका आधारमाः उच्च, मध्यम र निम्न वर्गीय
- आसन्नताका आधारमा : मञ्चीय र नेपथ्य
- आबद्धताका आधारमा : बद्ध र मुक्त पात्र ।

यस बाहेक पात्रहरू गोला, च्याप्टा, अन्तर्मुखी र बहिर्मुखी, पारम्परिक, मौलिक र आञ्चलिक आदि रहेका हुन्छन् । यसरी पात्रहरूले विभिन्न परिवेश र अवस्थामा रहेर कथावस्तुलाई अग्रसरता दिने कार्य गर्दछन् ।

### २.३.६ उद्देश्य

कथामा जीवनवको कुनै एक पक्षको, एक मनोदशाको चित्रण प्रकटीकरण हुन्छ । यसै आधारमा जीवनजगत् सम्बन्धी दृष्टि कथाले उद्देश्यका रूपमा प्रस्तुत गरेको हुन्छ । अतः कथाकारले कथाका माध्यमबाट पाठकसमक्ष प्रस्तुत गर्न खोजेको सन्देश नै कथाको उद्देश्य वा सारवस्तु हो (ढुंगेल र दाहाल, २०५७ : १० ) । यस तत्त्वले कथाको स्वरूपलाई एकान्विति प्रदान गर्दछ । कुनै पनि कथाकृति पढिसकेपछि समग्रमा जुन भावार्थ वा अभिप्रायः प्राप्त हुन्छ त्यो नै सारवस्तु वा उद्देश्य हो । यसले लेखकले जीवनदर्शनको भारवहन गरेको हुन्छ । जीवनका सत्यानुभवलाई कल्पनाको सहायताले प्रस्तुत गरी नरनारीको जीवन र त्यसमा उद्भूत हुने समस्या, सङ्घर्ष, अुनभूत हुने रहस्यको कलात्मक ढंगले प्रत्याङ्कन गर्नु नै कथाको मुलभूत उद्देश्य हो (उपाध्याय, २०५९ : १२४) । उद्देश्यका आधारमा नै कथाकारले आफ्नो कथालाई गतिशील बनाएको हुन्छ । यस तत्त्वले कथाको स्वरूपलाई एकान्विति प्रदान गर्दछ । कथामा उद्देश्य केन्द्रमा र अन्य तत्त्वहरू परिधिमा रहने गर्दछन् । प्राचीन कथाको उद्देश्य नीति उपदेश र मनोरञ्जन प्रदान गर्नु थियो भने आधुनिक कथाको उद्देश्य समाजको यथार्थ चित्रण, नीतिचेतना, सुधारवादी भावना र मनका विभिन्न भावहरूको वर्णन गर्नु रहेको छ । कथामा सारवस्तु मानवशरीरको रक्त सञ्चार र प्रणाली झैँ सर्वव्याप्त हुन्छ (श्रेष्ठ, २०६६ : १२) यो कथाको सौन्दर्यात्मक तत्त्व हो । यसले मानव समाजमा विभिन्न भाव सञ्चार गर्दछ । अतः कथामा कथाकारले दिन खोजेको सारवस्तु दृष्टिकोण वा सन्देश नै उद्देश्य हो र यो कथाको महत्त्वपूर्ण तत्त्व हो ।

### २.३.४ भाषाशैली

कुनै पनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यमलाई भाषा भनिन्छ भने भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढंग वा ढाँचालाई शैली भनिन्छ । भाषा कुनै वस्तुको आवरण हो भने, शैली त्यसको प्रकार हो । यसरी नै भाषा व्यक्ति हो भने, शैली व्यक्तिको व्यक्तित्व हो । भाषा अभिव्यक्तिको माध्यम हो भने, शैली त्यस भाषालाई सुन्दर र मिठासपूर्ण तुल्याउने मसला वा उपकरण हो (गैरे, २०६३ : १८) । त्यसैले विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न भाषाशैलीको आवश्यकता पर्दछ । भाषाशैली विना कथाकारले कथाको साकार रूप दिन सक्दैन ।

साहित्य भनेको भाषाको कलापूर्ण प्रयोग हो, कथा पनि साहित्यकै एक भेद भएको हुनाले कथामा पात्रको स्तर र विषयवस्तु अनुरूप सरल र सहज भाषाशैलीको प्रयोग गर्नुपर्दछ । कथाले प्रस्तुत गरेको भौतिक र मानसिक वातावरण अनुकूल भाषाशैलीको प्रयोगद्वारा कथामा स्वाभाविकता र सहजताको आविर्भाव हुन्छ जसले पाठकका लागि विश्वसनीयताको स्थिति सिर्जना गर्दछ (थापा, २०५० : ११७) । तर कथामा कथाकारले आफ्नो परिवेश र व्यक्तित्व अनुरूप भाषाशैलीको प्रयोग गरेको हुन्छ । शैलीलाई समयका आधारमा परम्परागत र आधुनिक भाषाका आधारमा काव्यात्मक, वर्णनात्मक, व्याख्यात्मक र वैज्ञानिक गरी वर्गीकरण गर्न सकिन्छ (ढुंगेल र दाहाल, २०५७ : १०) । पात्रको  भूमिकालाई स्पष्ट पार्न भाषालाई मिठासपूर्ण र सुन्दर बनाउन शैलीले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । सफल कथाकारले साधारण विषयवस्तुलाई पनि विशिष्ट रोचक र प्रभावकारी ढंगले प्रस्तुत गर्न सक्छन् तसर्थ भाषालाई उच्चता र विशिष्टतातिर उन्मुख गराउनका लागि भाषाशैलीको विशिष्ट भूमिका रहन्छ ।

### २.३.५ दृष्टिबिन्दु

कथाकारले कुनै विषयमा कथावस्तुको परिकल्पना गरिसकेपछि पाठक समक्ष आफ्नो अनुभूतिलाई प्रस्तुत गर्ने मुख्यस्थिति, स्थान अथवा सीमा दृष्टिकोण हो (शर्मा, २०६७: ७०) । यसमा केन्द्रित रहेर नै कथाकारले आफ्ना अनुभूतिलाई मूर्तरूप प्रदान गर्दछ । दृष्टिबिन्दुका माध्यमबाट कथा भन्ने को हो ? कसले कथा भनिरहेको छ ? भन्ने कुरा स्पष्ट रूपमा चिनिन्छ । कथामा दृष्टिबिन्दु दुई प्रश्नमा आधारित हुन्छन् ती हुन् कुन पात्रलाई मुख्य केन्द्र

बनाएर कथा भनिएको छ र कथासँग त्यस पात्रको कस्तो प्रकारको सम्बन्ध छ (श्रेष्ठ, २०६७ : ११) । यसका आधारमा दृष्टिबिन्दुलाई दुई प्रकारबाट विश्लेषण गर्न सकिन्छ :

क. आन्तरिक दृष्टिबिन्दु,

ख. बाह्य दृष्टिबिन्दु ।

## क. आन्तरिक दृष्टिबिन्दु

कथामा पात्र प्रथम पुरुषका रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ । यसलाई प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । यस्तो दृष्टिबिन्दु भएको कथामा कथयिताले घटना वा चरित्रको वर्णन गर्दा आफूलाई नै कथाभित्र समाहित गरेको हुन्छ । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधिय गरी दुई प्रकारका हुन्छन् । मा पात्रको प्रधान भूमिका भएको दृष्टिबिन्दु केन्द्रीय दृष्टिबिन्दु हो । यस्तो दृष्टिबिन्दुमा पात्रले आफ्ना मनका कुराहरूलाई मुख्य रूपमा प्रस्तुत गरेको हुन्छ भने परिधिय दृष्टिबिन्दुमा चाहीँ म पात्र त रहन्छ तर कथामा उसको स्थान गौण हुन्छ । म पात्र तटस्थ रहेर अर्को पात्रको बारेमा अभिव्यक्त गर्ने कार्यलाई परिधिय दृष्टिबिन्दु भनिन्छ ।

## ख. बाह्य दृष्टिबिन्दु

कथामा मुख्य पात्र तृतीय पुरुषका रूपमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । यस प्रकारको दृष्टिबिन्दु भएको कथामा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ । ऊ घटनास्थल भन्दा बाहिर बसेर अरूका बारेमा टिप्पणी गर्दछ । बाह्य दृष्टिबिन्दुलाई पनि सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारमा विभाजन गरिएको पाइन्छ । सर्वदर्शी दृष्टिबिन्दुमा कथाकारले सबै पात्रको भावना, मानसिक विचार र चिन्तनलाई प्रस्तुत गर्दै तिनका सूक्ष्म र अमूर्त विचारलाई जस्ताको तस्तै प्रस्तुत गर्दछ भने सीमित दृष्टिबिन्दुमा एक मात्र पात्रको मानिसक चित्रण गराइन्छ । त्यस्तै वस्तुपरकमा चाहीँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन । अतः अन्तमा भन्नुपर्दा कथाकारले कथामा दिन चाहेको सन्देश बसेर दिने ठाउँ नै दृष्टिबिन्दु हो ।

यसरी समग्र रूपमा हेर्दा कथा गद्य भाषामा रचित एक आख्यानात्मक विधा हो । जुन विभिन्न अवयवद्वारा निर्मित हुन्छ । जसका लागि कथानक वा कथावस्तु, पात्र, चरित्र, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दु महत्त्वपूर्ण मानिन्छन् ।

### २.३.३ परिवेश

देश, काल वातावरणको समष्टि रूप नै परिवेश हो । कथामा परिवेशलाई कथा तत्त्वमध्येको महत्त्वपूर्ण तत्त्व मानिन्छ । परिवेशद्वारा कथा स्वभाविक र सत्य प्रतित हुन्छ । यसद्वारा देश, काल एवम् परिस्थितिको यथार्थ चित्रण गर्न सकिन्छ । सामाजिक आचारविचार, सांस्कृतिक विशेषता एवम् राजनीतिक गतिविधिको परिचय दिन सकिन्छ । सम्यक परिवेशद्वारा तत्कालीन युगको यथार्थ स्वभाविक र सत्य चित्रण गर्न सकिन्छ (बराल, २०३३: ८३) । यसकारण परिवेशले कथाका पात्रको व्यक्तित्व, पारिवारिक पृष्ठभूमि, समाज, सामाजिक परम्परा, प्रकृति तथा ऋतु जस्ता विषयदेखि लिएर पात्रका क्रियाकलाप, घटना घट्ने पृष्ठभूमि, भाषा, भाषिका, व्यक्ति बोली आदि विविध कुरालाई प्रमाणित गर्दछ । यसका अतिरिक्त परिवेशले कथामा सजीवता, स्वाभाविकता, विश्वसनीयता र मार्मिकता थप्ने काम गर्दछ (गैर, २०६३ : १६) ।

कथालाई जीवन्त र सशक्त बनाउन कथामा समावेश गरिएका घटना र व्यक्तिको व्यवहारले ठूलो भूमिका खेल्ने हुनाले कलात्मक प्रस्तुति नाटकीय स्थिति र चरित्रगत मनस्थितिको संरचनामा वातावरणको महत्त्वपूर्ण योगदान हुन्छ (थापा, २०५० : १८३) । कथामा मानवका आन्तरिक र बाह्य स्थानीय तथा आञ्चलिक परिवेशको चित्रण पाइन्छ । कथाको गति बढाउन पाठकलाई यथार्थबोध गराउन वा यथार्थको भ्रम सिर्जना गर्न र कथानकलाई विश्वसनीय बनाउनमा परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

## २.४ नेपाली कथाको विकासक्रम

नेपाली कथाको प्रारम्भ कहिलेदेखि भयो भन्नु किटान गर्न नसकिए पनि अनादिकालदेखि नै कथा भन्दै र सुन्दै आएको पाइन्छ । यसको आरम्भ र विकासको पृष्ठभूमिमा नेपाली लोकजीवनमा युगौंयुगदेखि चलि आएका लोककथा, लोकगाथा, गाउँखानेकथा, कर्खा, भारत, चैत, चँचरी, सोरठी, घाटु, बालुन जस्ता विविध प्राचीन जातक कथाहरू मठ मन्दिरमा रहेका विविध पौराणिक चित्रावलीहरू र भित्रि चित्रहरूको भूमिका उल्लेखनिय छ । यसरी प्रारम्भदेखि नै नेपाली लोकजीवनमा व्याप्त रहेका यस किसिमका आख्यान उपाख्यान युक्त लोकसाहित्यका विधा तथा उपविधाहरूमा आख्यान तत्त्वको प्रधानता रहेको पाइन्छ । तर नेपाली साहित्यमा कथा परम्पराको इतिहास हेर्दा पूर्वीय वैदिक वाङ्मयका धरोहर वेद, ब्राह्मण, उपनिषद् र लौकिक संस्कृत साहित्यका रामायण,

महाभारत, पञ्चतन्त्र, हितोपदेशका कथाले प्राचीन नेपाली कथा परम्पराको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

नेपाली कथाको इतिहासमा लोक, पौराणिक, धार्मिक, जाति तथा नीति कथाहरू भन्ने र सुन्ने परम्परा रहे पनि लिखित रूपमा भने कथा प्राप्त गर्न सकिएको थिएन, लिखित रूपलाई हेर्दा हालसम्म प्राप्त कथाहरूमा १८२७ सालमा शक्तिबल्लभ अर्यालद्वारा लेखिएको संस्कृतको अनुदित कृति **महाभारत विराट पर्व**लाई नै सर्वप्राचीन कथात्मक रचना मानिएको छ (श्रेष्ठ र शर्मा २०६९ : ७४) । यसरी हेर्दा नेपाली कथाले लेख्य रूप प्राप्त गरेको पनि दुई शताब्दी भन्दा धेरै समय भै सकेको छ । यस समयावधिमा कथा विधाले विविध मोड र उपमोडहरू पार गर्दै निरन्तर रूपमा गतिवान रहँदै आएको छ । यिनै मोड उपमोडलाई विद्वान्हरूले आ-आफ्नै तरिकाले काल विभाजन गरेर अध्ययन गरेका छन् । तीनै विभाजनलाई आधार मानेर प्रस्तुत शोधलाई निम्न आधारमा पूर्णता दिन सकिन्छ :

- प्रारम्भिक/प्राथमिक काल : १८२७ सालदेखि १९५७ सालसम्म
- माध्यमिक कालः १९५८ सालदेखि १९९१ सालसम्म
- आधुनिक कालः १९९२ सालदेखि हालसम्म ।

### २.४.१ प्राथमिक काल १८२७ सालदेखि १९५७ सालसम्म

१८२७ सालमा शक्ति बल्लभ अर्यालको महाभारत विराट्पर्वको अनुवादसँगै कथाले मौखिक परम्पराबाट लेख्य रूप ग्रहण गऱ्यो । यसलाई नै नेपाली कथाको प्रारम्भ बिन्दु मान्न सकिन्छ । माध्यमिक काल र आधुनिक कालको पृष्ठभूमिमा रहेका प्राथमिक कालले एक सय ३० वर्षको लामो समयावधि ओगटेको छ । यस कालखण्डमा संस्कृत, हिन्दी, अङ्ग्रेजी, उर्दू, फारसी जस्ता भाषामा लेखिएका आख्यानात्मक कृतिहरू अनुवाद गरी समाजमा नीति उपदेश र मनोरञ्जन दिने काम गरियो । १८२७ सालदेखि १९५७ सालसम्मका नेपाली कथाको प्रकृति हेर्दा रामायण, महाभारत, हितोपदेश, स्वस्थानी, श्रीमद्भागवत र विभिन्न पुराणका साथै **सिंहासन बत्तीसी, बेताल पच्चीसी, बहत्तर सुगाको कथा** जस्ता कथा आख्यानहरूले नेपाली विद्वान्लाई ठूलो प्रभाव पारेको पाइन्छ (श्रेष्ठ, २०६७ : २०) । यस कालखण्डमा विविध भाषाका कथाकृति नेपालीमा अनुवाद गरिएको पाइन्छ । जसमध्ये संस्कृतबाट महाभारतका विभिन्न पर्व **हितोपदेश, मित्रलाप, मुद्रा राक्षस, दशकुमार चरित्म**

त्यस्तै अङ्ग्रेजीबाट सेरामपुरको **बाइबल** र भारतीय भाषाबाट अनुदित कृतिहरूमा **मुसीका तीन आहान, बीरवल चातुरी** आदि महत्त्वपूर्ण कथा कृति मानिन्छन् ।

समग्र रूपमा हेर्दा १८२७ सालदेखि १९५७ सालसम्मको नेपाली कथा शैल्पिक चेतनाका दृष्टिले प्राचीन र प्रारम्भिक अवस्थामा रहेको छ । यसकालका कृतिहरू विभिन्न भाषाबाट अनुदित रहेकाले मौलिक कृतिको अभाव देखिनु, अनुदित कृति नीतिमूलक, मनोरञ्जनात्मक हुनु, घटना र पात्रको बहुलता रहनु, पद्यको मिश्रणले कथाको खास संरचना निर्माण हुन नसक्नु जस्ता प्रवृत्तिलाई यसकालका परिचायक मान्न सकिन्छ । ऐतिहासिक दृष्टिले यस कालका कथाको विकासक्रममा त्यति धेरै गतिशीलता आएको नपाइए तापनि प्रारम्भिक जग भने सार्थक रूपले नै बसेको देखिन्छ (श्रेष्ठ, २०६७ : २१) ।

### २.४.२ माध्यमिक काल १९५८ सालदेखि १९९१ सालसम्म

१९५८ सालमा गोर्खापत्रको प्रकाशनसँगै  प्रारम्भ भएको नेपाली कथाको माध्यमिक काल १९९२ सालको शारदा पत्रिकाको प्रकाशन पूर्वको समयसम्म कायम रहन्छ । केवल तीन दशकको छोटो समयावधिमा बाँधिएको माध्यमिक कालमा नेपाल भित्र र नेपाल बाहिरबाट प्रकाशित साहित्यिक र साहित्येतर पत्रिकाहरूको प्रकाशनले गर्दा साहित्यकारमा विधागत सचेतता आउनु चिन्तनको दायरा विस्तृत हुँदै जानुको परिणामस्वरूप मौलिक सिर्जनातर्फ प्रेरित हुनु, युगीन स्थितिप्रति सक्रिय सहभागिता दिनु जस्ता धारणाले गर्दा नेपाली कथामा गतिशीलता आएको पाइन्छ (श्रेष्ठ, २०६७ : २१) ।

यस समयका पत्रिकामा गोर्खापत्रका अतिरिक्त **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **गोर्खाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोर्खा संसार** (१९८३) आदि पत्रिकाको प्रकाशनले नेपाली कथा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । जसमध्ये देहरादूनको गोर्खा संसार (१९८३) ले गरेको योगदान ज्यादै महत्त्वपूर्ण रह्यो (श्रेष्ठ, २०६७ : २२) । यस कालमा आएर कथाले बिस्तारै आफ्नो स्वरूप प्राप्त गर्न थालेको प्रतित हुन्छ । यस समयका नेपाली कथाहरूले अनुवाद परम्परालाई त्याग्दै मौलिकताका साथसाथै सामाजिक चिन्तनसमेत ग्रहण गर्न थालेको पाइन्छ । यस समयावधिमा प्रकाशित कथाहरूमा **प्राचीन प्रपञ्च** (१९६२), **प्रत्यागमन** (१९६७), **सुकुल गुण्डाको कहानी** (१९६८), **हीराको औठी** (१९७०), हृ**दय परीक्षा** (१९७२), **बूढाको विवाह** (१९७४), **उट्पटयाङ** (१९५९), **हस्सी** (१९६२), **देवीको बली** (१९८३), **अन्नपूर्णा** (१९८४),

**करनीको फल** (१९८६) **एउटा गरीब सार्कीकी छोरी** (१९८६) आदि महत्त्वपूर्ण कृति मानिन्छन् । माध्यमिक कालको प्रारम्भतिरका कथाहरू धार्मिक, पौराणिक, मनोरञ्जनात्मक, जासुसी आदि विषयमा लेखिएका छन् भने अन्ततिरका कथामा भने सामाजिक खराबी र त्यसका परिणामको गम्भीरतापूर्वको विश्लेषण गरिएको पाइन्छ । यसकालका मुख्य प्रवृत्तिमा मौलिक कथा लेखन-प्रकाशनको आरम्भसँगै नैतिकता, मनोरञ्जनात्मकता, उपदेशात्मकताका साथै मानवीय तथा मानवेत्तर पात्रको प्रयोग हुनु, कथाको स्वरूप निर्धारण हुनु, सामाजिक सुधारको चेतनाको साथै विधागत सचेतता आउनु जीवनको आदर्श पक्षको चित्रण गर्नु जस्ता प्रवृत्तिहरू रहेका छन् ।

### २.४.३ आधुनिक काल १९९२ सालदेखि हालसम्म

१९९२ सालमा शारदा पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको नासो कथालाई आधुनिक कालको प्रारम्भ बिन्दु मानिन्छ । यो नयाँ परम्पराको थालनी भएको पनि सात दशक पुगीसकेको छ । यस समयका विविध सामाजिक र राजनीतिक परिवर्तनले नेपाली कथामा गति आएको छ । यसरी आधुनिक कालमा आएर मात्र नेपाली कथामा शिल्प सचेतता आएको पाइन्छ । केन्द्रमा यथार्थवादलाई र त्यसपछि परिधिय स्थितिमा क्रमशः राजनीतिक, सामाजिक चेतनाको जागरण लेखन पद्धतिको विकासमा यन्त्र युगप्रति बढी सचेतता, आधुनिक सञ्चार माध्यमप्रति तीव्र सचेतता र स्वआर्जित शिल्प सौन्दर्यप्रति अनुष्ठान आदिलाई पाउन सकिन्छ (श्रेष्ठ र शर्मा, २०६९ : ८१) । समग्रमा आधुनिक कालका प्रवृत्तिमा परम्परागत आख्यानशैली विलुप्त भएर पाश्चात्य मान्यतानुसारको संरचना भित्र कथा रचना आबद्ध हुनु विशुद्ध गद्यशैलीमा कथा लेखिनु, कथाकृति, यथार्थ जीवनबीच निकट सम्बन्धको स्थापना हुनु र कथामा दृश्यात्मक पद्धति अंगाल्नु आदि रहेका छन् । आधुनिक नेपाली कथाको अध्ययन गर्ने क्रममा विभिन्न विद्वान्ले विविध मोड उपमोडका आधारमा अध्ययन गरेको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### क. यथार्थवादी युग १९९२ सालदेखि २०१९ सालसम्म

अ. सामाजिक यथार्थवादी धारा,

आ. मनोवैज्ञानिक यथार्थवादी धारा,

इ. समाजवादी यथार्थवादी धारा ।

**ख. नवचेतनावादी युग २०२० देखि २०३९ सम्म**

**ग. समसामयिक युग २०४० देखि हालसम्म**

**क. यथार्थवादी युग (१९९२ देखि २०१९ सम्म**

नेपाली साहित्यको कथा परम्परामा विभिन्न काल विभाजन भए जस्तै आधुनिक काललाई विभिन्न धारा उपधारामा विभाजन गरेको पाइन्छ । जस अनुसार आधुनिक नेपाली कथामा शारदा पत्रिकाको प्रकाशनसँगै यथार्थवादको प्रारम्भ भएको हो । नेपाली कथामा डार्विन, मार्क्स तथा फ्रायडबाट प्रभावित कथाकारका कथाले यथार्थवादको विकास गरेका हुन् । यसका पनि सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, समाजवादी प्रगतीवादी यथार्थवाद गरी तीन भेद रहेका छन् । जसलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :

**अ. सामाजिक यथार्थवादी धारा :** कथामा अति मानवीय र मानवेत्तर पात्रलाई उभ्याउने र पाठकलाई नैतिक शिक्षाको बोझ बोकाउने जस्ता मध्ययुगीन प्रवृत्तिको अन्त्य गर्दै १९९२ सालको शारदा पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको नासो कथाबाट सामाजिक यथार्थवादी धाराको प्रारम्भ भएको हो । सामाजिक यथार्थवादी कथामा समाजमा व्याप्त विकृति र विसङ्गतिलाई यथार्थ रूपमा उतारिएको हुन्छ । यस धाराका कथाकारले समाजका निम्न वर्गको समस्या, पारिवारिक तनाव, सामाजिक, सांस्कृतिक, आर्थिक पक्ष, धार्मिक सहिष्णुता, क्षमा, दान, परोपकार जस्ता विषयवस्तुलाई कथामा उतार्ने गर्दछन् । यस धाराका मुख्य कथाकारमा गुरूप्रसाद मैनाली पूर्णदास श्रेष्ठ, इन्द्र सुन्दास, भीमनिधि तिवारी, पुष्कर शमशेर, बालकृष्ण सम, रूपनारायण सिंह, शिवकुमार राई, दौलतविक्रम विष्ट, लीलबहादुर क्षत्री आदि रहेका छन् ।

समाजमा विद्यमान निम्नवर्गका मानिसहरूले भोगेका गरीबी, सामाजिक कुप्रथा, सङ्कीर्णता, रुढी तथा अन्धविश्वास अनि व्यथा, वेदनाले छटपटाएको नारी जीवन र तिनले देखाएको त्यागमय आदर्श सांस्कृतिक मूल्य र मान्यताको यथार्थपरक चित्रण गर्नु यस धाराका महत्त्वपूर्ण प्रवृत्ति हुन् ।

**आ. मनोवैज्ञानिक यथार्थवादी धारा :** आन्तरिक मनलाई आधार बनाए यथार्थको अङ्कन गर्नु नै मनोवैज्ञानिक यथार्थ हो । १९९२ सालको शारदा पत्रिकामा विश्वेश्वरप्रसाद कोइरालाको

चन्दवदन कथा प्रकाशित भएपछि यस धाराको प्रारम्भ भएको हो । नेपाली कथाको आधुनिक कालको स्थापना सामाजिक यथार्थवादबाट भयो भने यसलाई सघन रूप दिने र भित्रैदेखि शक्तिशाली बनाउने काम मनोविज्ञानवादबाट भयो (श्रेष्ठ, २०६७ : २७) । कोइरालाले चेखब, गोर्की, फ्रायड आदिबाट प्रभावित हुँदै यस धारालाई नेपाली कथामा भित्र्याएको पाइन्छ । फ्रायडवादको अनुशरणमा उनले यौन मनोविश्लेषणलाई अंगालेर यसका विविध आमुखिकाहरूको चित्रण जीवन्त रूपमा गरे (श्रेष्ठ, २०६७ : २७) । यस मनोविज्ञान अन्तर्गत पनि बालमनोविज्ञान, यौनमनोविज्ञान, अपराधमनोविज्ञान जस्ता प्रकारहरू पर्दछन् । यस धाराका मुख्य कथाकारमा विश्वेश्वरप्रसाद कोइराल, भवानी भिक्षु, गोविन्द गोठाले, तारिणीप्रसाद कोइराला, केशवराज कर्माचार्य, देवकुमारी थापा, प्रेमा शाह, पोषण पाण्डे आदि रहेका छन् ।

मानिसका सम्पूर्ण जीवनका यौनजन्य कुण्ठा, नैराश्य, आक्रोश, असन्तोष आदिलाई अचेतन मनसँग दाँजेर हेर्नु, बाल तथा अपराधमा मनोविज्ञानको चित्रण गर्नु, चेतन र अचेतन इद तथा अहं वृत्तिका मूल्य र मान्यताबीच द्वन्द्वदृश्य प्रस्तुत गरी व्यक्तिलाई बुझ्ने र उसका मनोवैज्ञानिक रहस्यको उद्घाटन गर्नु, पात्रको आन्तरिक यथार्थको चित्रण गर्नु जस्ता प्रवृत्तिहरू यस धारामा पाउन सकिन्छ ।

**इ. समाजवादी यथार्थवादी धारा :** आधुनिक नेपाली कथाको इतिहासमा समाजवादको आरम्भ रमेश विकलद्वारा लिखित गरीब (२००६) कथाबाट भएको मानिन्छ । नेपाली कथामा प्रगतिवादी कथा लेखनका प्रयासहरू आधुनिकताको सुरुआतसँगै हुन थाले पनि राणा शासनका कारण तत्कालीन कथाकारहरू स्पष्ट रूपमा बाहिर आउन नसकेको पाइन्छ । २००७ सालको क्रान्तिपछिको राजनीतिक परिवर्तनको प्रभाव स्वरूप समाजवादी धाराको विकासमा सहजता आएको पाइन्छ । यो वाद कालमार्क्सको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तबाट प्रभावित भएको छ । जुन आधुनिक नेपाली आख्यानको क्षेत्रमा २००७ सालदेखि २०१७ सालसम्म सक्रिय देखिन्छ । यस समाजदवादी यथार्थवादी धारालाई गतिशील बनाउन श्यामप्रसाद शर्माले जेलभित्र रहेर पनि जनसाहित्य मण्डल खोली प्रगतिशील साहित्यलाई नेपाली वाङ्मयमा प्रतिष्ठापित गर्ने महत्त्वपूर्ण प्रयास गरे (श्रेष्ठ, २०६७ : २८) । त्यसपछि यस धारामा **जनयुग** (२००९), **जनविकास** (२०१०), **जनसाहित्य** (२०११) र **साहित्य** (२०१२) जस्ता पत्रिकाहरूको प्रकाशनले यस धारालाई अझ बढी शसक्त र आकर्षक बनायो ।

यस धाराको मुख्य उद्देश्य गरीब वर्गले शोषणको चपेटामा पर्नुपर्ने कटु विवशताको चित्रण गर्दै त्यसबाट उत्पन्न मानवीय समस्याको प्रतिबिम्ब प्रस्तुत गर्नु र त्यस्तो निस्सहाय वर्गप्रति सहानुभूति प्रकट गर्नु हो (शर्मा, २०६७ : २०४) । यस धाराका कथाकारहरू डि.पी. अधिकारी, रमेश विकल, हृदयचन्द्र सिंह प्रधान, भवानी घिमिरे, तारानाथ शर्मा, खगेन्द्र संग्रौला, ऋषिराज बराल, नारायण ढकाल आदि मुख्य मानिन्छन् । यस धाराका कथाहरूमा गरीब वर्गको दयानीय अवस्थाको चित्रणका साथै आर्थिक असन्तुलनको विरोध, असहायप्रति सहानुभूति, सामन्ती मनोवृत्तिको विरोध जस्ता प्रवृत्तिहरू रहेका छन् ।

ख. **नवचेतनावादी युग २०२० देखि २०३९ सम्म**

आधुनिक नेपाली कथाको इतिहासमा २०२० सालपछि थालिएको कथालेखनलाई नवचेतनावादी कथा भनिन्छ । परम्परागत कथा लेखन शैलीका विरुद्ध नेपाली कथामा नविनताको खोजी गर्ने क्रममा यस युगको प्रारम्भ भएको हो । जसको प्रारम्भकर्ताका रूपमा २०२० सालको आयामेली आन्दोलनका अगुवा इन्द्रबहादुर राईलाई मानिन्छ । यस बाहेक **राल्फा आन्दोलन** (२०२३), **बुटपालिस** (२०३०) र **तरलवाद** जस्ता आन्दोलनले नवचेतनावादी कथा लेखनको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

नविन विषयको यात्रा क्रममा यस वादले कथाको संरचनालाई भिन्न तुल्याई दिएर पाठगकवर्गाको चेतना संवेग र बौद्धिकतालाई छुने प्रयास गरेको छ (श्रेष्ठ, २०६७ : ३०) । यस धाराका कथामा कथानकको विशृङ्खलता कथानकहीन कथा, बहुकथा, अकथा, विधामिश्रित कथा, बौद्धिकतापूर्ण कथा आदि कथा लेखनको अवधारणा विपरित भएको पाइन्छ । नवेचनवाद सामाजिक नैतिक मूल्यसँगको विद्रोहको अभिव्यक्ति हो त्यसैले यो युग विसङ्गतिवाद, निस्सारतावाद वा अस्तित्ववादको खुला सीमाभित्र बाँधिएको छ । यस युगका प्रमुख कथाकारमा ध्रुवचन्द्र गौतम, पारिजात, परशुप्रधान, मोहनराज शर्मा, शैलेन्द्र साकार, अशेष मल्ल, मनु ब्राजाकी, गोपाल पराजुली, ध्रुव सापकोटा आदि पर्दछन् ।

यस युगका प्रवृत्तिहरूमा कथा लेखनमा नयाँ विषयवस्तु र शिल्पविधानको आविष्कारका साथै कथानकमा मिश्रितता, पात्रको अल्पमतको चित्रण, दृश्यात्मक तथा सङ्क्षेप पद्धतिको मिश्रण, विधाभञ्जन, विधा मिश्रणका साथै अकथा, कथानकहीन कथालेखन बिम्बप्रतीक, प्राकसन्दर्भ, व्यङ्ग्य प्रयोगको बहुलता आदि रहेका छन् ।

**ग. समसामयिक युग २०४० सालदेखि हालसम्म**

आधुनिक नेपाली कथामा ४० को दशकयता लेखिएको कथा लेखनलाई समकालीन कथालेखन वा समकालीन कथाधारा भनिन्छ (शर्मा, २०६७ : २५१) । कथा विकासक्रमको पछिल्लो युगका रूपमा रहेको यस युगमा नेपाली कथाकारले नेपाली कथाको आफ्नो अस्तित्व अक्षुण राख्दै विश्व साहित्यसँगै जोड्ने गरेको पाइन्छ । यस समयका कथाकारले वैयक्तिक जीवनलाई भन्दा मानव जीवन र त्यसका अन्तरबाह्य सम्बन्ध सूत्र एवम् सीमाहरूको विश्लेषणलाई विषयवस्तु बनाएका छन् । समकालीन कथाकारहरूले आफ्ना कथामा परम्परित र प्रयोगशील दुवै पक्षको अभिव्यक्ति दिएको पाइन्छ । समकालीन नेपाली कथाकारले आफ्नो ध्यानलाई केन्द्रित गरेको सबैभन्दा ठूलो र उर्वर क्षेत्र हो मानव जीवन । यसका अन्तरबाह्य सम्बन्ध सूत्र एवम् सीमाहरूको विश्लेषण (श्रेष्ठ र शर्मा, २०६९ : ८९) तसर्थ यस क्षेत्रका कथाकारहरू जीवनको समीक्षक जस्ता लाग्दछन् ।

यस समयका कथाकारहरूले आ-आफ्नो भाषा, भेषभुषा, रीतिशैली, रहनसहन आदिका आधारमा स्वैरकल्पनालाई विशिष्ट आधार बनाएर जीवन मूल्यलाई भावना र भावुकता होइन तार्किकताको दृष्टिले प्रस्तुत गरेका छन् । इतिहासमा घट्ने राजनीतिक घटनाक्रमले साहित्यलाई कुनै न कुनै रूपमा प्रभावित गरिरहेको हुन्छ । कथाका सन्दर्भमा पनि समसामयिक कथाकारहरूलाई २०४१/४२ तिरको विद्यार्थी आन्दोलन, २०४६ सालको जनआन्दोलन, बहुदलीय व्यवस्थाको स्थापना, माओवादी जनयुद्ध र त्यसपछिको दरबार हत्याकाण्ड, सङ्कटकाल, ज्ञानेन्द्र शासन, जनआन्दोलन, लोकतन्त्रको स्थापना आदि जस्ता घटनाक्रमले अत्यन्त प्रभावित पारेको पाइन्छ ।

समसामयिक कथाकारका इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा, खगेन्द्र सङ्ग्रौला, ध्रुव सापकोटा, सरुभक्त, परशुप्रधान, नयनराज पाण्डे, रीता ताम्राकार आदि रहेका छन् । यस युगका कथाकारले नेपाली कथालाई विश्वका समकालीन सन्दर्भसँग जोडी आफ्ना कथाहरूमा अधिकमात्रामा स्वैरकल्पना, विसङ्गत र अस्तित्वगामी अनुभूतिहरूलाई महत्त्व दिएका छन् । यस धारामा विनिर्माणवाद, विधाभञ्जन, विद्या मिश्रण, सामाजिक यथार्थवाद, नारीवाद, व्यङ्ग्यात्मकता, वैज्ञानिकता, आलोचनात्मकता, विसङ्गति र अस्तित्वको चित्रण प्रगतिवादी लेखन आदि प्रवृत्ति रहेका छन् । यसरी नेपाली कथाले १८२७ सालदेखि वर्तमानसम्म गतिशील रूपमा अगाडि बढ्दै विविध युग र प्रवृत्तिलाई आत्मसात् गर्दै साहित्यको एक लोकप्रिय विधाका रूपमा स्थापित हुन पुगेको छ ।

## २.५ आधुनिक नेपाली कथामा रीता ताम्राकारको स्थान

आधुनिक नेपाली कथाको आरम्भ १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको नासो कथाबाट भएको हो । जसले आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराको प्रारम्भ गऱ्यो । १९९२ सालमै कोइरालाको शारदामा प्रकाशित चन्द्रवदन कथाले यौनमनोवैज्ञानिक धाराको शुरूआत गऱ्यो । त्यसपछि २००६ सालमा रमेश विकलको गरीब कथाले प्रगतिवादी धाराको आरम्भ गऱ्यो भने २020 सालपछि विविध आन्दोलनहरू चर्कंदै गए । कथाकारहरूले सोही अनुरूप प्रयोगवादी कथा लेख्न थाले भने २०४० सालपछि भिन्दै समसामयिक धारालाई अंगालेर कथाकारहरूले कथा रचना गर्न थाले । यी विविध कथा धारालाई अगाडि बढाउने कथाकारहरूमा इस्लामी, ऋषिराज बराल, खगेन्द्र सङ्ग्रौला, घनश्याम ढकाल, मोहनराज शर्मा, परशुप्रधान, रीता ताम्राकार आदि रहेका छन् ।

कथा लेखनको उपर्युक्त परम्परालाई आत्मसात गरी आफ्नो कथायात्रा प्रारम्भ गर्ने आधुनिक कथाकार रीता ताम्राकारले २०५३ सालमा भत्किएका चाहना शीर्षकको कथा गोरेटो नामक पत्रिकामा प्रकाशन गरी आधुनिक नेपाली कथा साहित्यमा प्रवेश गरेकी हुन् । नेपाली कथाको समसामयिक धाराकी एक सशक्त प्रतिभाका रूपमा परिचित ताम्राकारले करीब दुई दशक लामो कथायात्रा पार गरेकी छन् । हालसम्म उनका **तुषारापात** (२०६१), **दृश्य परिदृश्य** (२०७३), **संवेग** (२०७४) र **अनाम परिधि** (२०७६) गरी चार कथाकृति प्रकाशित छन् । ताम्राकारले आफ्ना कथामा निम्न तथा मध्यम वर्गीय नेपाली जनजीवनको चित्रणका साथै वर्तमान समयमा समाजमा व्याप्त धार्मिक, सांस्कृतिक, अन्धविश्वास, विकृति, विसङ्गति जस्ता विषयवस्तुलाई समावेश गरी कथा सिर्जना गरेकी छन् ।

आफूले देखे भोगेका सामाजिक तथा सांस्कृतिक परिवेशको यथार्थपरक चित्रण गर्नु उनका कथाको महत्त्वपूर्ण विषय हो । त्यस्तै यिनका कथाहरूमा नेपाली समाजमा विद्यमान रहेका विदुषता, रुढीवादी परम्परा, विदेशिएका युवाहरूको पीडा, सामाजिक असमानता, विभेद, नारीमाथिको अपहेलना, पुरुषमाथि आइपरेका विभिन्न सङ्घर्ष, द्वन्द्वकालमा निर्दोष जनताले भोग्नु परेको दुःख, पीडा, धार्मिक आडम्बर, समाजमा पुरुषद्वारा नारीमाथि गरिने अन्याय, अन्याचार जस्ता घटनाका साथै समाजमा घट्न सक्ने सम्भावित घटनालाई कथात्मक शिल्प भरेर व्यङ्ग्यात्मक ढंगले व्यक्ति समाज र सिंगो राष्ट्रप्रति सचेत गराउन खोजिएको पाइन्छ । यसरी दुई दशक लामो कथायात्रा पूरा गरिसकेकी कथाकार ताम्राकार आधुनिक नेपाली कथाकी समसामयिक धारालाई अगाडि बढाउने एक सशक्त प्रतिभा हुन् ।

समसामयिक विषयवस्तुलाई अंगाल्दै आधुनिक नेपाली कथा साहित्यलाई सशक्त रूपमा अगाडि बढाउन सहयोग पुऱ्याउने कथाकार ताम्राकारको समसामयिक धारामा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

## २.६ निष्कर्ष

श्रुतिपरम्पराबाट विकसित हुँदै आएको कथा एक स्वतन्त्र र व्यापक क्षेत्र ओगटेको लोकप्रिय विधा हो । आफैँमा स्वतन्त्र हुँदै व्यापक क्षेत्र ओगट्दै अगाडि बढेको कथा विधा स्वतन्त्र भइकन पनि साहित्यका अन्य विधासँग सम्झौता गर्दै र सबल धरातल बनाउँदै अगाडि बढेको छ । परम्परित रूपमा रहेका आफ्ना मूल्य र मान्यतालाई अँगाल्दै आफूलाई समयानुसार आधुनिकीकरण गरी अगाडि बढाउन सक्नु नै कथाको मौलिक विशेषता हो । यिनै विशेषताका कराणले कथा विधा आजको समयमा अझ सर्वाधिक लोकप्रिय विधा बन्न सफल भएको छ । समयको गतिसँगै अभिव्यक्तिमा नवीनता, प्रयोगशील र गतिशील हुँदै अगाडि बढेको कथामा सामाजिक, सांस्कृतिक विकृति, वितृष्णाको चिन्तन, समतामूलक समाजको निर्माणको आग्रह, प्रगतिशील चेतनाको तीव्रता, स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष, विद्रोह, स्वैरकल्पनाको प्रयोग, विश्व परिवेशप्रति सचेतता, बौद्धिक चेतनाको अभिव्यक्ति पाइने भएकाले आधुनिक नेपाली कथा लेखन दिन प्रतिदिन समृद्ध हुँदै आएको पाइन्छ ।

परिच्छेद : तीन

# रीता ताम्राकारको जीवनी

## ३ रीता ताम्राकारको जीवनी

नेपाली साहित्यको कथा विधामा क्रियाशील स्रष्टा हुन् रीता ताम्राकार । विभिन्न फुटकर कथाका साथै कृतिगत हिसाबले चार वटा कथासङ्ग्रह प्रकाशन गरिसकेकी ताम्राकारको जीवनीलाई यस परिच्छेदमा चर्चा गरिएको छ ।

### ३.१ जन्म र स्थान

नेपाली आख्यान साहित्यमा क्रियाशील प्रतिभा रीता ताम्राकारको जन्म वि.सं. २०२२ जेठ ९ गते शनिबारको दिन कोशी अञ्चलको सङ्खुवासभा जिल्ला चैनपुर ४ हिटी टोलमा भएको हो । पिता सानुकाजी ताम्राकार र माता देवीमाया ताम्राकारको ज्येष्ठ सन्तानका रूपमा उनको जन्म भएको थियो । ताम्राकारको बाल्यकाल नौ वर्ष चैनपुरमै साथीहरूसँगै डाँडापाखामा घुम्दै रमाउँदै, स्कूल जाने आउने गरेर रमाइलोसँग बितेको पाइन्छ । त्यसपछि उनले आफ्नो बाँकी बाल्यकालीन समय धरानका चल्तालाइन र देसी लाइनमा बिताएकी थिइन् ।

### ३.२ शिक्षादिक्षा

रीता ताम्राकारको अक्षरारम्भ ४ वर्षको उमेरमा घरमै भएको थियो । उनलाई अक्षर चिनाउने कार्य छिमेकी शिक्षिका दिलुमाया शाक्यद्वारा भएको थियो । त्यसको एक वर्षपछिमात्र उनले विद्यालय जाने मौका पाइन । उनको औपचारिक शिक्षाको आरम्भ ५ वर्षको उमेरमा गाउँकै सरस्वती नि.मा.वि.बाट भयो त्यहाँ कक्षा पाँचसम्मको अध्ययनपश्चात् उनले धरानको देसीलाइनस्थित शिक्षा निकेतन मा.वि.बाट २०३७ सालमा प्रवेशिका उत्तीर्ण गरिन् । यसपछि आर्थिक, पारिवारिक विविध कारणले गर्दा आफ्नो औपचारिक शिक्षालाई अगाडि बढाउन पाइनन् । स्वाध्ययनबाट नै उनले आफ्नो साहित्यिक ज्ञानको भण्डारलाई विस्तार गरेको पाइन्छ ।

## ३.३ पेशा, व्यवसाय

ताम्राकारले सानै उमेरदेखि आफ्नो सिलाइबुनाई सीपको प्रयोग गर्दै मातापितालाई घरखर्च चलाउन आर्थिक सहयोगसमेत गरेकी थिइन् । यी र यस्तै सानातिना व्यवहारिक र पारिवारिक समस्यामा अल्झिनु परे पनि ताम्राकार आफ्नो भिन्नै परिचय निर्माण गर्न सफल देखिन्छिन् । ताम्राकारको मुख्य पेशा सिलाइबुनाई नै हो । उनले विद्यार्थी समयदेखि निरन्तर रूपमा यस कार्यलाई अगाडि सार्दै आएको पाइन्छ । यसका लागि उनले २०३७ सालमा **लाखे शिल्पकला तालिम केन्द्र** धरानबाट प्रशिक्षण प्राप्त गरी सोही केन्द्रमा प्रशिक्षकको नोकरीसमेत गरेको पाइन्छ । सो तालिम केन्द्रमा केही समय नोकरी गरेपश्चात् विगत २३ वर्षदेखि निरन्तर रूपमा इटहरीस्थित अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था एस.ओ.एस. बालग्राममा कार्यरत छिन् । यसरी साहित्यकार ताम्राकार आफ्नो मुख्य पेशाका रूपमा सिलाइबुनाई जस्तो सीपमूलक कार्यलाई अपनाए पनि साहित्य सिर्जनामा एक विशिष्ट प्रतिभा हुन पुगेकी छन् ।

## ३.४ रुचि र स्वभाव

नेवार समुदायमा परम्परादेखि चलिआएको इही (वेलविवाह) र गुफा राख्ने संस्कार भएको पाइए तापनि साहित्यकार ताम्राकार अविवाहित नारी हुन् । विवाहका सन्दर्भमा स्त्रीजातिले विवाह गर्नैपर्छ र गर्न हुँदैन भन्ने पनि छैन भन्ने विचार उनमा पाइन्छ । उनी विद्यार्थी समयदेखि नै पारिवारिक कर्तव्य निर्वाह गर्नु परेकाले आफ्नो विवाहतर्फ खासै रुचि नरहेको बताउछिन् । ताम्राकारको मुख्य रुचिको विषय साहित्य सिर्जना गर्नु नै हो । पेशाका रूपमा सिलाइबुनाई जस्ता सीपमूलक कार्य रहे पनि साहित्यिक कृतिको अध्ययन मनन गर्ने, साहित्य सिर्जना गर्ने, विविध पत्रपत्रिका पढ्ने, सुन्ने र चिन्तन मननमा रमाउने जस्ता विषय उनका रुचिका रूपमा रहेका छन् । ताम्राकार सबैसित राम्रो बोल्ने, आफूभन्दा ठूलालाई आदर तथा सानालाई माया गर्ने स्वभावकी छिन् । उनमा सङ्घर्षशीलता, धैर्यता र आत्मविश्वास जस्ता गुण रहेको पाइन्छ । सभ्य, शिष्ट, विनम्र, मृदुभाषी इमान्दार र हँसिलो बोलीवचनलेयुक्त ताम्राकार पहिरनमा आफू सुहाउँदो कुर्ता सुरुवाल रुचाउँछिन् । सामान्यतः आम नेपालीको भान्सामा पाक्ने दाल, भात, गुन्द्रुक, अचार उनका मनपर्ने खाना हुन् । एकान्तप्रिय ताम्राकार नम्र र शिष्ट भाषाको प्रयोग गर्ने स्रष्टा हुन् । उनी सैद्धान्तिक र व्यक्तिगत क्षेत्रमा सामान्य नेपाली जनजीवनबाट प्रभावित भएको पाइन्छ ।

### ३.५ रीता ताम्राकारको व्यक्तित्व

हरेक मानिसका आ-आफ्नो पहिचान वा व्यक्तित्व हुन्छन् । कुनै पनि मानिसको पहिचान भनेको उसको व्यक्तित्व हो । जसका आधारमा व्यक्ति समाजमा परिचित भएको हुन्छ । मानिसको व्यक्तित्व निर्माणमा उसका जीवनमा आइपर्ने आरोह-अवरोह, हर्ष-विस्मात् तथा ऊ बाँचेको सामाजिक परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैगरी असल व्यक्तित्व निर्माणका लागि प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता जस्ता कारक तत्त्व आवश्यक पर्दछन् । यिनै तत्त्वका आधारमा मानिसले आफ्नो जीवनमा साहित्यकार, वैज्ञानिक राजनीतिज्ञ, समाजसेवी, विचारक जस्ता व्यक्तित्वको निर्माण गरेको हुन्छ ।

नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण र प्रभावकारी सक्रियता देखाएकी साहित्यकार रीता ताम्राकार बहुमुखी प्रतिभाकी धनी व्यक्तित्व हुन् । ताम्राकारको व्यक्तित्व निर्माणमा विशेषतः उनको आचरण व्यवहारिक क्रियाकलापका साथै पारिवारिक, आर्थिक, सामाजिक जस्ता पक्षको महत्त्वपूर्ण भूमिका रहेको छ । यहाँ रीता ताम्राकारले आफ्नो जीवनमा आर्जन गरेका व्यक्तित्वका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

#### ३.५.१ शारीरिक व्यक्तित्व

शारीरिक व्यक्तित्व अन्तर्गत मानिसको बाह्य व्यक्तित्व पर्दछ । हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा उसको बाह्य शारीरिक सुसंगठन र स्वभावले प्रत्यक्ष भूमिका खेलेको हुन्छ । जीवनको अर्धशताब्दी पार गरिसकेकी साहित्यकार रीता ताम्राकारको शारीरिक बनोट औसत साढे पाँच फिट उचाई, हृष्टपुष्ट शरीर, गहुँगोरो वर्ण, कालो कपालले युक्त छ । उनी चस्मा लगाउन रुचाउँछिन् । उनी आफ्नो दैनिक कार्यमा अल्छी नगर्ने, कार्यप्रति जिम्मेवार रहने गर्दछिन् । धेरै नबोल्ने, अरूका कुरा गम्भीरतापूर्वक सुन्ने, विभिन्न पत्रपत्रिका र पुस्तक अध्ययन गर्न रुचाउने, सानो ठूलो उचनीचको भावना नराख्ने विशेषता उनमा पाइन्छ । साधारण नेपाली भएर बाँच्न रुचाउने साहित्यकार ताम्राकार सहयोगी र मिलनसार व्यक्तित्व रहेकी छन् ।

#### ३.५.२ सामाजिक व्यक्तित्व

हरेक व्यक्तिको सामाजिक व्यक्तित्व निर्माणमा ऊ जन्मेको र हुर्केको समाजले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । मान्छे जस्तो समाज र परिवेशमा घुलमिल भयो त्यस्तै किसिमको

व्यक्तित्व निर्माण हुनु स्वभाविकै हो । रीता ताम्राकारको व्यक्तित्वमध्येको महत्त्वपूर्ण साहित्येतर व्यक्तित्व सामाजिक व्यक्तित्व हो । आफू बाँचेको समाजका लागि व्यक्तिले दिएको योगदान र सामाजिक क्रियाकलापबाट कुनै पनि व्यक्तिको सामाजिक व्यक्तित्व निर्माण भएको हुन्छ । समाजसेवालाई मानव सेवासँग जोडेर हेर्ने र मानव सेवा नै धर्म हो भन्ने तर्क दिने ताम्राकार साहित्य सिर्जनाका साथै सामाजिक सेवाका क्षेत्रमा पनि उत्तिकै क्रियाशील छन् । उनी प्रत्यक्ष रूपमा उपस्थित भएर सामाजिक उत्थानको प्रयासमा कम देखिए पनि साहित्यका माध्यमद्वारा समाजको उन्नति र प्रगतिका लागि उनले धेरै सुझाव सल्लाह दिएकी छन् ।

ताम्राकार साहित्य लेखनसँगै व्यक्तिगत जीवनका अन्य क्रियाकलापबाट समय निकालेर समाजसेवामा पनि क्रियाशील छन् । उनी इटहरीस्थित किसान कल्याण सहकारी संस्थाको उपाध्यक्ष पदमा रहेर समाजप्रतीको आफ्नो दायित्व निर्वाह गरेकी छन् । यस्तै उनी कार्यरत संस्था एस.ओ.एस.द्वारा सञ्चालित समाज उत्थान कार्यक्रममा सहभागी हुनुका साथै संस्थाका तर्फबाट सञ्चालित दलित तथा पिछडावर्ग साक्षर अभियान र सीपमूलक कार्यक्रमका लागि सक्रिय रूपमा सहभागी हुने गरेकी छन् । उनी साहित्य सञ्चार प्रतिष्ठान इटहरीकी संस्थापक सदस्य, वाणी प्रकाशन विराटनगरकी आजीवन सदस्य, साहित्य सञ्चार प्रतिष्ठानको कार्यकारिणी सदस्य जस्ता साहित्यिक संघसंस्थामा रहेर साहित्यका माध्यमबाट सामाजिक विकासमा पनि निरन्तर रूपमा लागिरहेकी छन् ।

### ३.५.३ साहित्यिक व्यक्तित्व

नेपाली साहित्यको विकासमा निरन्तर रूपमा लागिरहेकी रीता ताम्राकार आसालाग्दी प्रतिभा हुन् । उनले साहित्यका कथा, कविता, मुक्तक जस्ता विधामा आफ्नो सिर्जनाकौशल प्रदर्शन गरिरहेकी छन् । ताम्राकारको लेखनकार्य साहित्यका विभिन्न विधामा छरिएको भएपनि साधनाको प्राप्तिमूलक विधाका रूपमा कथा विधा नै स्थापित हुन पुगेको पाइन्छ । २०५३ सालमा **गोरेटो** नामक पत्रिकामा प्रकाशित **भत्किएका चाहनाहरू** कथा ताम्राकारको पहिलो प्रकाशित कथा हो । त्यसपछि विविध पत्रपत्रिकामा प्रकाशित भएका कथालाई सङ्कलन गरेर २०६१ सालमा तुषारापात कथासङ्ग्रह प्रकाशनमा ल्याएको पाइन्छ । अहिलेसम्म उनका प्रकाशित कथासङ्ग्रहमा **तुषारापात** (२०६१), **दृश्य परिदृश्य** (२०७३) र **संवेग** (२०७४), **अनाम परिधि** (२०७६) रहेका छन् ।

कथाकार ताम्राकारका कथामा आफूले देखेभोगेका, समाजमा विद्यमान सामाजिक उत्पीडन, विकृतिविसङ्गति, सामाजिक, आर्थिक, सांस्कृतिक आदि कारणले सिर्जित समस्यापूर्ण विविध परिस्थितिलाई विषयवद्ध गरिएको पाइन्छ । उनी सामाजिक जीवन भोगाइको क्रममा आइपर्ने साना पक्षलाई पनि कथाको विषयवस्तु बनाएर कलात्मकताका साथ अत्यन्त मर्मस्पर्शी ढंगले जस्ताको तस्तै प्रस्तुत गर्ने कथाकार हुन् । नेपाली समाजमा विद्यमान सामाजिक असमानता, विभेद, कुसंस्कृति, धार्मिक आडम्बर, खराब रीतिरिवाज, समाजमा पुरुषद्वारा नारीमाथि गरिने अन्याय, अत्याचार, द्वन्द्वकालमा निर्दोष जनताले भोग्नु परेका दुःख, पीडा, विदेशिएका युवाले भोग्नु परेको पीडा जस्ता समस्यालाई टड्कारो रूपमा प्रस्तुत गर्ने ताम्राकारका कथा सफल देखिन्छन् ।

जिज्ञासु र सिर्जनशील स्रष्टा ताम्राकारका विषयवस्तुमा समसामयिकता, सोचमा प्रगतिशीलता, प्रस्तुतिमा सरलता, संरचनामा छरितोपन, सुकोमल गद्यको प्रयोग, समकालीन यथार्थको कलात्मक प्रस्तुति कथाकारिताका मुख्य विशेषता हुन् । थोरै पात्र, छोटा संवाद, प्रवाहपूर्ण भाषाशैली, सुहाउँदो परिवेश सिर्जना आदिले यिनका कथा सम्प्रेषणीय र प्रभावकारी बन्न पुगेका छन् । यिनै कथाकारिताका विशेषताले गर्दा ताम्राकार वर्तमान समयकी प्रतिभाशाली कथाकारका रूपमा स्थापित हुन पुगेकी छन् ।

### ३.६ निष्कर्ष

साहित्यका कथा, कविता, मुक्तक जस्ता विविध विधामा कलम चलाएर ताम्राकार बहुमुखी व्यक्तित्व निर्माण गर्न सफल देखिन्छिन् । कथा लेखनबाट साहित्यिक यात्रा आरम्भ गरेकी ताम्राकारका वर्तमानसम्म चार कथासङ्ग्रह प्रकाशित छन् । यिनका प्रकाशित कथासङ्ग्रहका कथामा सामाजिक र आर्थिक असामनता, विभेदका साथै नेपाली समाजमा विद्यमान कुसंस्कृति, धार्मिक आडम्बर, नारीले नारी हुनुकै कारण भोग्नु परेको विभेद, अन्याय, अत्याचार, जस्ता समाजमा घट्ने र घट्न सक्ने स-साना सामाजिक विषयवस्तुलाई कलात्मक ढंगले प्रस्तुत गरेको पाइन्छ । सोहीकारण उनी सामाजिक यथार्थवादी कथाकार हुन् ।

परिच्छेद : चार

# दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन

## ४. दृश्य परिदृश्य कथासङ्ग्रहको अध्ययन

साहित्यका विविध विधामा आफ्नो उपस्थिति जनाए पनि मूलतः आख्यान विधामा केन्द्रित बनेकी कथाकार रीता ताम्राकारको दृश्य परिदृश्य कथासङ्ग्रह २०७३ सालमा प्रकाशित दोस्रो कथासङ्ग्रह हो । उनको यस कथासङ्ग्रह भित्रका कथामा सामाजिक, आर्थिक, असमानता र विभेदजन्य घटनाको मुक्तिगामी चेतना पाइनुका साथै नारीले भोग्नु परेको शोषण, उत्पीडन, अन्याय, अत्याचार, समाजिक कुप्रथा जस्ता विषयप्रति विद्रोह व्यक्त गर्दै सामाजिक परिवर्तनको अपेक्षा गरिएको छ ।यस सङ्ग्रहका कथामा प्रायः एउटै नारी पात्रको प्रयोग ग्रामीण सहरीया परिवेशका साथै सबै स्तरका पाठकले बुझ्ने भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथासङ्ग्रहमा ताम्राकारले २७ वटा कथाहरू समावेश गरेकी छन् । यी कथालाई तत्त्वका आधारमा निम्नानुसार अध्ययन गरिएको छ ।

## ४.१ 'सपनाको समुद्र' कथाको अध्ययन

सपनाको समुद्र दृश्य परिदृश्य कथासङ्ग्रहमा सङ्कलित कथामध्येको पहिलो कथा हो । प्रस्तुत कथाकी म पात्र आफ्नो श्रीमान्द्वारा दिग्दार भएर मामा घरमा आश्रय लिइरहेका बेला मामाले जागिर गर्ने स्कूलको प्राचार्यले उनको छोरालाई आफ्नो बोर्डिङ स्कूलमा निःशुल्क पढाइदिने आश्वासन दिएपछि म पात्रमा आएको शारीरिक र मानसिक परिवर्तनसँगै यस कथाको आरम्भ भएको छ ।

प्राचार्यले दिएको आश्वासनपछि म पात्रका विभिन्न क्रियाकलाप र हाउभाउबाट कथामा ऊ विक्षिप्त जस्तै बन्न पुगेको प्रतीत हुन्छ । आफ्नो छोरा अरू स्कूले केटाकेटी जस्तै स्कूल ड्रेसमा सजिएर, ब्याग, तुम्लेट भिरेर स्कूल गएको र आफू उसलाई सधैं स्कूल पुऱ्याउन र ल्याउन जाने जस्ता कुरा सोचेर कल्पनामा हराउन थालेकी छ । कथाकी म पात्र प्रिन्सिपलले दिएको आश्वासन कार्यान्वयन नभएर शब्दमा मात्रै सीमित रहन सक्छ भन्ने ज्ञान हुँदाहुँदै पनि के साँच्चै मेरो र मेरा छोराको सपना साकार हुन्छ त ? उसले उच्च शिक्षा प्राप्त गरेर विशिष्ट व्यक्तित्व बन्ने अवसर पाउला त ? आज अर्काको आश्रित भएर

बिताउनु परेको जीवनले भोलि स्वाधिनता प्राप्त गर्ला त ? जस्ता अनेक शंकाउपशंकामा म पात्रको समय बितिरहेको छ । सोहीबेला प्राचार्यले दिएको आश्वासन कार्यान्वयन नभएर आश्वासनमा मात्र सीमित रहेपछि म पात्रले छोरालाई धेरै पढ्ने, ठूलो र असल मान्छे बन्ने सपना हामी गरीबका लागि पाप हो, यस्तो आकाङ्क्षा राख्नु अपराध हो बाबु भन्ने वाक्यबाट कथाको कथावस्तु समापन भएको छ ।

प्रस्तुत कथाले वर्तमान समयमा शिक्षा जस्तो महत्त्वपूर्ण क्षेत्रमा देखिएका विकृति, विसङ्गति र हुनेखानेले गरीब असहायप्रति दिने खोक्रा आवश्वासनप्रति विद्रोह गर्ने एउटी आमाको सन्तानप्रतीको उत्तरदायित्वलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ । वर्णनात्मक र केही प्रश्नोत्तरात्मक शैलीमा अगाडि बढेको यस कथाको कथावस्तु केही ठाउँमा क्रमभङ्ग भए पनि सामान्य रूपमा रैखिक ढाँचामा संरचित छ ।

कथामा म पात्र, प्राचार्य, मामा, माइजू, छोरी, दीपेश, रानु महिप जस्ता पात्रहरू ल्याइएका छन् । जसमध्ये म पात्र यस कथाकी प्रमुख पात्र हो । प्राचार्य, छोरो, मामा, माइजू, सहायक पात्र हुन् भने दीपेश, महिप रानु जस्ता पात्र यस कथामा गौणपात्रका रूपमा आएका छन् । म पात्र यस कथाकी प्रमुख नारी पात्र हो । ऊ निम्नवर्गीय पात्र हो । ऊ आफ्नो पतिबाट अपहेलित भएर मामा माइजूँसँग बसेकी पात्र हो । एक दिन मामाले काम गर्ने स्कूलको प्रिन्सिपलले उसको छोरालाई निःशुल्क आफ्नो स्कूलमा पढाइ दिने भनेपछि उसमा आएको शारीरिक, मानसिक, परिवर्तनलाई प्रत्यक्ष रूपमा भोग्ने पात्र हो । कथामा उसको केन्द्रीय भूमिका रहेकाले ऊ प्रमुख, गतिशील, अनुकूल प्रवृत्ति भएकी निम्नवर्गीय पात्र हो । कथाको घटना वा कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने मञ्चीय पात्र हो ।

प्रस्तुत कथाले सहरिया परिवेशलाई समावेश गरेको छ । म पात्रको मामाघर, बोर्डिङ स्कूल, ठूलो कम्पाउण्ड, अफिस जस्ता स्थानगत परिवेशका साथै ड्रेस लगाएर टुम्लेट भिरेर बोर्डिङ स्कूल जाने, अल्छी नगरी राम्रो पढ्ने जस्ता संवादले गर्दा प्रस्तुत कथा शहरीया परिवेशमा संरचित भएको छ ।

बाह्य रूपकारका दृष्टिले सानाठूला ३६ अनुच्छेदमा संरचित प्रस्तुत कथाको कथावस्तु वर्णनात्मक र प्रश्नोत्तरात्मक शैलीमा अगाडि बढेको छ । केही तत्सम् र आगन्तुक शब्दको प्रयोग भए पनि सरल, सहज तथा पात्र अनुकूल भाषाको प्रयोगका साथै उखान टुक्काको प्रयोग र सरल संरचनाको प्रयोगले गर्दा कथा सहज बोधगम्य बनेको छ ।

प्रस्तुत कथाको उद्देश्य वर्तमान समयमा शिक्षा जस्तो महत्त्वपूर्ण क्षेत्रमा रहेको बेथिति, विकृति, विसङ्गतिको उजागार गर्नु रहेको छ । कथामा शिक्षा सबैले भेदभावरहित समान रूपमा पाउनुपर्छ भन्ने अपेक्षा प्रकट गरिएको छ । साथै, समाजका ठूलाबडा, हुनेखानेले गरीब र असहायप्रति गर्ने भेदभाव, झुटा आश्वासन जस्ता प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै असन्तुष्टि कथाले प्रकट गरेको छ ।

दृष्टिबिन्दुका दृष्टिले प्रस्तुत कथामा आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथामा म पात्रले आफ्ना अनुभूति स्वयम् प्रकट गरेकी छ । म पात्रको कथानकबाट नै कथाको कथानक अगाडि बढेको हुनाले प्रस्तुत कथामा आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.२ 'शङ्खघोष' कथाको अध्ययन

शङ्खघोष दृश्य परिदृश्य कथासङ्ग्रहमा सङ्कलित कथामध्ये दोस्रो कथा हो । प्रतीकात्मक शीर्षक प्रयोग गरिएको प्रस्तुत कथाको म पात्र आफूलाई शूरवीर ठान्ने आफ्नो मनमाफिक जिउने, रंगीन मिजास भएको प्रमुख पुरुष पात्र हो । म पात्र खुट्टा भए जुत्ता जति पनि पाइन्छ भन्ने उखानबाट प्रभावित पात्र हो । ऊ स्त्रीलाई भोग्याको रूपमा लिने, उसका भावना, मर्म, आकाङ्क्षा र आवश्यकतालाई कुनै महत्त्व नदिने पात्र हो । म पात्रका सामुन्ने उसकी विवाहिता छोरीले आफ्नी आमालाई हजुर जसरी बाँच्नुभयो त्यसरी म कदापि बाँच्न सक्तिनँ । बाबाले हजुरलाई जहिले पनि पशुलाई जस्तै निकृष्ट व्यवहार गर्नुभयो । हजुर निरीह भएर आफ्नो स्वाभिमान् र आत्मसम्मान मारी जिउनु भयो तर म त्यसरी बाँच्न चाहन्न् । त्यसैले म छुट्कारा चाहन्छु छोडपत्र गरेर भन्ने वाक्य सुनेपछि म पात्रमा आएको परिवर्तनबाट यस कथाको कथावस्तु अगाडि बढेको छ ।

आफूले विगतमा गरेका कार्यप्रति आफ्नै छोरीको व्यङ्ग्यले म पात्र स्तब्ध भएको छ । उसले आफ्नी श्रीमतीमाथि गरेको अन्याय, अत्याचार, अपहेलना, तिरस्कार उसकै कोखबाट जन्मेकी सन्तानको नजरमा कति तुच्छ रहेछ भन्ने विचार गरेर ग्लानिबोधले निरीह बन्न पुगेको छ । यसरी यस कथाले हाम्रो समाजमा परापूर्वकालदेखि रहँदै आएको बहुविवाह प्रथाका साथै अनेक बहानामा पुरुषले नारीमाथि गर्ने अन्याय, अन्याचार, शोषण जस्ता विकृति, विसङ्गतिप्रति तीव्र रोष प्रकट गर्नुका साथै नारी र पुरुष दुवै सृष्टिका वरदान हुन् । जो एक अर्का विना अपूर्ण छन्, यस समाजमा दुवैको उत्तिकै महत्त्व र दायित्व हुनुपर्छ भन्ने

विचार कथामा व्यक्त भएको छ । कुनै पनि नारीले नारी हुनुकै कारण अत्याचार, विभेद सहनु हैन उसले पनि स्वतन्त्र आफ्नो इच्छा अनुसार बाँच्न पाउनुपर्छ भन्ने नारीवादी चिन्तन प्रकट गरिएको छ ।

प्रस्तुत कथामा म पात्र, उसकी छोरी, म पात्रका श्रीमतीहरू जेठी, माइली, साइली, काइली, ठूलीकान्छी, कान्छी जस्ता पात्र ल्याइएका छन् । जसमध्ये म पात्र यस कथाको प्रमुख पात्र हो । जेठी र उसकी छोरी सहायक पात्र हुन् । कथामा आएका काइली, ठूलीकान्छी, कान्छी आदि गौण पात्र हुन् । म पात्र यस कथाको प्रमुख पुरुष पात्र हो । आफूलाई सुरो र मनमाफिक जिउने व्यक्ति ठान्ने ऊ जब उसकी छोरीले आफू आफ्नी आमा सरह जिउँदो लास जस्तो भएर पतिसँग नबस्ने त्यसैले ऊ छोडपत्र गरेर आफू अनुकूल जीवन चाहन्छु भनेपछि म पात्र आफूले विगतमा आफ्नी श्रीमतीमाथि गरेको अन्याय, अत्याचार, अपहेलनालाई सम्झेर आत्मग्लानि भई हीनताबोध गर्ने पात्र हो । कथामा म पात्रको केन्द्रीय भूमिका रहेको छ । उसले कथामा घटना र कार्यव्यापारलाई प्रत्यक्ष रूपले अगाडि बढाएको छ । यस दृष्टिले यहाँ ऊ प्रमुख, गतिशिल, बद्ध, मञ्चीय, आफ्नो विगतलाई सम्झेर ग्लानिबोध गर्ने प्रमुख पुरुष पात्र हो ।

प्रस्तुत कथाले शहरको कुनै एउटा कोठालाई आफ्नो परिवेश बनाएको छ । जहाँ म पात्र आफ्नी छोरीका शब्दवाणले स्तब्ध भई आफ्नो कोठाको ओल्लो र पल्लो छेउ हिँड्नु उसलाई त्यहाँ भएका बहुमूल्य समान पनि थोत्रा टिनका वट्टा जस्ता लाग्नु जस्ता प्रसङ्गले प्रस्तुत कथाले आफ्नो परिवेशका रूपमा शहरको कुनै एउटा कोठालाई अंगालेको छ ।

बाह्य रूपाकारमा दृष्टिले सानाठूला ३५ अनुच्छेदमा संरचित कथाको कथानक वर्णनात्मक र प्रश्नोत्तरात्मक शैलीमा अगाडि बढेको छ । छोटा-छोटा संवाद, सरल, सहज र पात्रानुकूल सम्प्रेष्य भाषाको प्रयोगले कथा बोधगम्य बनेको छ । कुनै ठाउँमा संस्मरणात्मक शैलीमा अगाडि बढेको प्रस्तुत कथाको संरचना आदि, मध्य र अन्त्यको रैखिक ढाँचाको रहेको छ ।

प्रस्तुत कथाको उद्देश्य हाम्रो समाजमा सामाजिक कुरीतिका रूपमा विद्यमान संस्कारलाई देखाउनु रहेको छ । समाजमा बहुविवाह प्रथाका साथै नारीले पुरुषद्वारा भोग्नु परेका अन्याय, अन्याचार, शोषण जस्ता प्रवृत्तिप्रति विरोध गर्दै समाजमा नारी पुरुष समान छन् । कोही कसैसँग दबिएर बाँच्नु हुँदैन । कसैले पनि आफ्नो जीवन आफू अनुरूप बाँच्न पाउनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ ।

कथामा आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथाको म पात्रले आफ्नो जीवनमा घटेका घटनालाई सम्झेर वर्तमानमा ग्लानीबोध गरेको छ । म पात्रको विगतको कथाबाट नै यस कथाको कथानक अगाडि बढेको छ । त्यसैले प्रस्तुत कथामा आन्तरिक भित्रको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.३ 'मनका तरङ्ग' कथाको अध्ययन

मनका तरङ्ग दृश्य परिदृश्य कथासङ्ग्रहमा सङ्कलित कथामध्येको तेस्रो कथा हो । प्रस्तुत कथाले कथाको मुख्य पात्र ऊ (चन्द्रे) का माध्यमद्वारा नेपाली समाजमा विद्यमान सौतेनी आमा (कान्छी आमा) को सन्तानप्रतीको दायित्व र उसलाई हेर्ने दृष्टिकोणलाई केलाउने प्रयास गरेको छ । यस कथाको मुख्य पात्र ऊ निम्न वर्गीय परिवारको सानैमा आफ्नी आमाको स्नेह प्राप्त गर्नबाट वञ्चित पात्र हो । पढ्ने, लेख्ने उत्कट इच्छा हुँदाहुँदै पनि आफ्नो इच्छामा चिन्तनशील अभिभावकको अभाव, गरीबी र कान्छी आमाको अपहेलना, तिरस्कार र बाबुको दायित्वनहीनताले गर्दा सानै उमेरमा घर छोड्न बाध्य भएको छ ।

लामो समयपछि ऊ फेरि आफ्नो जन्मभूमि आइपुगेको छ । जहाँ आएर आफ्नो विगत र विगतका तीतामीठा अतीतको स्मरण गर्दै चौतारीमा बसेको छ । चौतारीमा बसेर आफ्नो बाल्यकालमा हराइरहेको बेला उसको बढीआमासँग भेट हुन्छ । यसरी अकस्मात उसलाई भेट्दा उसकी बढीआमाले चन्द्र तँ यत्रो समय कहाँ थिइन् ? तलाई हाम्रो सम्झना आएन ? माया लागेन ? जस्ता अनेक प्रश्न गरेर भावुक बन्दै आज सारा गाउँ नै चकित बन्ने भयो भन्छे ।

आफ्नी बढीआमासँग भेट भएर यती लामो समयपछि घर फर्कदा के घरका सदस्यले मप्रति हार्दिकता, सदासयता, आत्मीयता देखाउलान् त ? भन्ने मनभरि विविध तरङ्ग खेलाउँदै घर पुग्दछ । घर पुगेकै दिन ठूले तँ फर्किस ? अब भाइलाई नछोड्नु है ? भाइलाई एक्लो नपार्नु ! मलाई बचन दे, त अब कतै जादैनस् जस्ता कुरा आफ्नी आमाले सपनामा आएर भनेको देखेर यत्रो वर्ष नदेखेको आमाको सपना घर पसेकै दिन किन देखियो ? हामी माझ नरहेर पनि आमाको उपस्थिति हाम्रा बीच छ त भन्ने विचार गरेर भावुक बन्छ । उसलाई आमाको ममता र स्नेहले व्याकुल बनाउछ । आमाको अदृश्य उपस्थितिलाई आफूमा महसुस

गर्छ । यसरी संवादात्मक र कहीँकहीँ प्रश्नोत्तरात्मक शैलीमा अघि बढेको कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रम मिलेको रैखिक प्रकारको रहेको छ ।

प्रस्तुत कथामा ऊ पात्र, चन्द्रे, बडीआमा, भाइ, बाबु, कान्छी आमा, आमा जस्ता पात्रहरू ल्याइएका छन् । ऊ अर्थात् चन्द्रे यस कथाको प्रमुख पात्र हो । बढीआमा र भाइ कथाका सहायक पात्र हुन् भने बाबु, कान्छीआमा, आमा गौण पात्रका रूपमा आएका छन् । ऊ चन्द्र यस कथाको प्रमुख पुरुष पात्र हो । ऊ सानै छँदा आफ्नी आमाको मृत्यु भएको र कान्छी आमाको तिरस्कारले सानै उमेरमा घर छाड्न बाध्य भएको पात्र हो । कथामा ऊ पात्रले बाल्यकालमा भोगेका महत्त्वपूर्ण घटनाको वर्णन गरेको छ । त्यसैले कथाभित्र ऊ पात्रको महत्त्वपूर्ण भूमिका रहेको छ । तसर्थ ऊ पात्र यहाँ प्रमुख, पुरुष, बद्ध, अनुकूल र मञ्चीय पात्रका रूपमा आएको छ ।

प्रस्तुत कथाले ग्रामीण परिवेशलाई समावेश गरेको छ । यस कथामा चन्द्रको गाउँ, चौतारो, गोरेटो बाटो, परालको थुप्रो, एक्लो घर, घरको कालो दलिन, जाँतोले कोदो पिँधेको जस्ता ग्रामीण परिवेशका बिम्ब आएका छन् । यसका साथसाथै नेपाली ग्रामीण समाजमा विद्यमान राँकेभूत, वनझाक्री जस्ता कपोलकल्पित कुरा पनि आएका छन् । साथै कथामा ग्रामीण नेपाली महिलाले लगाउने छिटको सारी, पहेलो पटुकी, मखमलको चौबन्दी, नौगेडी माला, झुम्के बुलाकी जस्ता बिम्बको प्रयोगले कथाले ग्रामीण नेपाली परिवेशलाई समेटेको छ ।

बाह्य रूपाकारका दृष्टिले सानाठूला ३६ अनुच्छेदमा संरचित कथामा वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ । सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रस्तुत कथाको संरचना पनि सरल छ । पात्रअनुकूल भाषाशैलीको प्रयोग गरिएको कथामा नेपाली ग्रामीण क्षेत्रमा बोलिने दाज्यै, बडीआमा, कान्छीआमा, जेठा, ठूले जस्ता सम्बन्धवाचक शब्दकोसमेत प्रयोग गरिएको छ ।

प्रस्तुत कथाको मुख्य उद्देश्य हाम्रो समाजमा सौतेनी अर्थात कान्छी आमाले सौतेनी सन्तानप्रति हेर्ने दृष्टिकोण, गरिने व्यवहारलाई प्रस्तुत गर्नु हो । कथाको ऊ पात्रले भोगेका दुःख, पीडा, अपहेलना र तिरस्कारलाई उजागर गर्दै समाजमा हुने त्यस्ता विकृति, विसङ्गतिप्रति असन्तुष्टि प्रकट गर्नुका साथै सुधारको अपेक्षा गर्नु कथाको मुख्य उद्देश्यका रूपमा रहेको छ ।

ऊ पात्र चन्द्रेलाई मुख्य पात्र बनाएर प्रस्तुत गरिएको यस कथाको दृष्टि केन्द्रीय चरित्र ऊ पात्र नै हो । उसैको केन्द्रीयतामा यसको कथावस्तु अगाडि बढेको छ । त्यसैले प्रस्तुत कथामा बाह्य अर्थात् तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.४ 'खण्डित विभाजित म' कथाको अध्ययन

प्रस्तुत कथा दृश्य परिदृश्य कथासङ्ग्रहमा सङ्कलित चौथो कथा हो । प्रस्तुत कथाले कुनै न कुनै रूपमा हाम्रो नेपाली समाजमा रहँदै आएको अमाजुबुहारीको अनमेल सम्बन्धलाई विषयवस्तु बनाएको छ । यस कथाकी म पात्रको 'आज एक बिहानै आमा र फुपूको झगडाको कर्कश आवाजले मेरो निद्रा खुल्यो' भन्ने वाक्यबाट प्रारम्भ भएको छ । कथामा भाइबुहारीसँग अविवाहित बसेकी म पात्रकी फुपूले हरेक काममा अनावश्यक हस्तक्षेप गर्ने, आफूले भनेका कुरा नभएमा मर्न जाने भन्दै घरबाट हिँड्ने जस्ता क्रियाकलापबाट म पात्र चिन्तित बन्न पुगेकी छ ।

फुपूको व्यवहारबाट चिन्तित भए तापनि म पात्र रहर र दृश्यावलोकनको मोहले छिमेकी वृद्धवृद्धाको समूहसँग तीर्थयात्रा गएकी छ । तीर्थका सहयात्री वृद्धवृद्धाहरूमा आफ्नी आमा फुपूको प्रतिछायाँ देख्ने, आफ्ना सन्तानबाट तिरस्कृत र अपहेलित भएर वृद्धाश्रममा बस्न बाध्य भए पनि सन्तानप्रति माया, ममता, गाँसिएका वृद्धवृद्धाहरूलाई देख्दा आफूले आफ्नी आमा र फुपूलाई सँगै राखेकोमा गर्व र सुखानुभूति महसुस गर्ने पात्र हो । एकातर्फ सुखानुभूति गरेपनि दिन प्रतिदिनको झैँझगडा र आफ्नै आमाको फुपूको रातदिन पोल सुनेर फुपूसँग मिलेर मलाई नोकर्नी नै बनाएका छन् यो घरमा भन्ने दोषारोपणबाट ग्लानी महसुस गर्ने पात्र पनि हो । दिनप्रतिदिनको आमा र फुपूको लडाइ, झगडा, झुटो दोषारोपणबाट दिक्क भएर दुईमध्ये एक जनालाई वृद्धाश्रममा राख्ने विचारले वृद्धाश्रम हेर्न गएको सन्दर्भबाट कथानक थप अगाडि बढेको छ । यसरी जाने क्रममा म पात्रका चिनजानका, आफन्त र छिमेकीले अचेल छोराबुहारीले त आफ्ना आमाबाबुलाई वृद्धावस्थामा वृद्धाश्रम पुर्‍याई रहेका छन् तर, तपाईंले आफ्नी आमा, फुपूलाई मिलाएर आफूसँगै राख्नु भएको छ धन्य हो भनेर प्रशंसा गर्दा उसको मन फेरिन्छ । त्यो मात्रै होइन, वृद्धाश्रमका वृद्धवृद्धाले आफूलाई जस्तै आफ्ना अभिभावकलाई आश्रममा नपुर्‍याउने सल्लाह दिएपछि म पात्रले आफ्नी आमा र फुपूले आँफूलाई जति दुःखकष्ट दिए पनि कसैलाई वृद्धाश्रम राख्दिन भन्ने निर्णय गरेबाट यसको कथानक टुङ्गिन्छ ।

यसरी वर्तमान समयमा आफ्ना घरका ज्येष्ठ सदस्यहरू वृद्ध र असक्त भएपछि उनीहरूको इच्छा विपरित वृद्धाश्रममा बस्न बाध्य बनाइने कुप्रवृत्तिको उजागर गरेको यस कथाको कथानक ढाँचा आदि, मध्य, अन्ययुक्त रैखिक ढाँचाको रहेको छ ।

प्रस्तुत कथामा म पात्रका अतिरिक्त उसकी आमा, फुपू, तीर्थयात्रीका रूपमा आएका वृद्धावृद्धा, छिमेकीहरू, छिमेकी भाउजु, वृद्धाश्रमका वृद्धवृद्धा जस्ता पात्र ल्याइएका छन् । यिनीहरूमध्ये म पात्र यस कथाकी मुख्य पात्र हो । उसकी आमा र फुपू सहायक पात्र हुन् । छिमेकी वृद्धाश्रमका वृद्धवृद्धा कथाका गौण पात्र हुन् । म पात्र यस कथाकी प्रमुख स्त्री पात्र हो । ऊ आफ्नी आमा र फुपूको दिनप्रतिदिनको लडाई, झगडा, मिथ्या दोषारोपणबाट दिक्क बनेर वृद्धाश्रममा राख्न चाहेपनि पुनः उनीहरूको स्नेहले गर्दा आफूसँगै राख्ने गतिशील स्वभाव भएकी पात्र हो । कथाको घटना र कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने ऊ मञ्चीय पात्र हो । यस कथामा ऊ प्रमुख स्त्री, अनुकूल स्वभाव भएकी, मध्यम वर्गीय, बद्ध पात्रका रूपमा यहाँ आएकी छे ।

प्रस्तुत कथाले हिउँखोला, पिलुवाखोला, सिद्धपोखरी, मादी, खराङ, सप्तकोशी जस्ता पूर्वी नेपालका स्थानगत परिवेशलाई समेटेको छ । यसका साथै नेपालका प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ, स्वर्गद्धारी, देवघाट, राम्दीघाटलाई पनि समेटेको छ । यसरी हेर्दा प्रस्तुत कथामा पूर्वी नेपालका विभिन्न ठाउँका साथै नेपालका प्रमुख तीर्थस्थल स्थानगत परिवेशका रूपमा आएका छन् ।

बाह्यरूपाकारका दृष्टिले सानाठूला ३१ अनुच्छेद र तीन भागमा संरचित प्रस्तुत कथामा सरल, सहज, स्थानीयस्तरमा बोलिने जनजिब्रोको भाषा प्रयोग गरिएको छ । कथ्य भाषाको प्रचुर प्रयोग गरिएको हुनाले कथामा स्थानीय भाषाको प्रभाव देखिन्छ । सरल भाषाशैली र छोटा वाक्यको प्रयोगले कथामा मिठास ल्याएको छ । संवादात्मक र वर्णनात्मक शैलीमा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ

प्रस्तुत कथाको उद्देश्य नेपाली समाजमा विद्यमान अमाजुबुहारीको सम्बन्धमा देखिने गरेका विकृति, विसङ्गतिलाई उजागार गर्नु रहेको छ । समाजमा विद्यमान त्यस्ता सम्बन्धप्रति सुधारको अपेक्षा कथाले राखेको छ । साथै काम गर्न नसक्ने असक्त वृद्धावृद्धालाई आफ्ना सन्तानले बोझ मानेर वा तिरस्कार गरेर आफ्नो स्वार्थपूर्तिका लागि ढाँटेर र छलेर वृद्धाश्रममा राख्ने, सामाजिक संघसंस्थामा बस्न बाध्य बनाउने जस्ता प्रवृत्तिलाई निमूर्ल पार्ने उद्देश्य कथाले राखेको छ ।

प्रस्तुत कथामा दृष्टिकेन्द्रीय चरित्रको रूपमा म पात्र आएको छ । कथामा सम्पूर्ण घटनाक्रम तथा कथानकको विवरण म पात्रकै माध्यमबाट भएको छ । त्यसैले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.५ 'नगाँसिएको सम्बन्ध' कथाको अध्ययन

प्रस्तुत कथाले कथाकी प्रमुख म पात्रका माध्यमबाट आफ्ना माइती दाजुभाइ र परिवारको इज्जत, प्रतिष्ठा, मानसम्मान र संस्कारलाई जोगाउन आफ्नो इच्छा विपरित विवाह गर्न बाध्य नारीको वेदनालाई आफ्नो विषयवस्तु बनाएको छ ।

कथाकी म पात्र 'इन्दु' शहरको प्रतिष्ठित धनीमानी परिवारकी पाँचजना दाजुभाइमध्येकी एक्ली बहिनी हो । उसको विवाह हुने निश्चित भई टीकाटाला गरेर उसको भावी श्रीमान् लाहुर गएपछि आफू पनि लाहुरेनी हुने निश्चय गर्दै चिनजानका अरू लाहुरेनी जस्तै सुखसयलको सपना सजाउँदै कल्पनामा रमाउँदै आनन्दित जीवन जिउन थालेकी उसलाई आफ्नो भावी श्रीमान्ले लाहुरबाट फर्केर विवाह गर्न अस्वीकार गरेपछि माइतीको इज्जत प्रतिष्ठाको कुराले गर्दा इच्छा नहुँदा नहुँदै पनि विवाह गर्न बाध्य हुनुपरेको छ । यसरी जबर्जस्ती विवाह भएको हुनाले आफ्नो लोग्ने, परिवारबाट अपहेलना र तिरस्कार सही विवाहित कुमारी जीवन बाँच्न बाध्य ऊ आफ्नी सासु र अमाजुको अनावश्यक अपनत्वपूर्ण व्यवहार र सहानुभूतिका कारण मानसिक रूपमा विचलित बन्न पुगेकी छ । उसलाई सौता नै भए पनि एउटी नारीले 'महिला भएर के भयो त ? तपाईं पनि पूर्ण मानव हुनुहुन्छ त्यसैले तपाईंलाई पनि मान्छे नै भएर बाँच्ने अधिकार हुनुपर्छ' भनेपछि आन्तरिक सङ्घर्ष, त्याग र समर्पण भाव जागेको छ । मेहनतद्वारा समयानुकूल आफूलाई अनेक प्रकारका कार्यहरूमा संलग्न गराउँदै आफ्नो छुट्टै अस्तित्व र पहिचान बनाउने नारीका रूपमा आएकी म पात्रको त्यो अतीतले वर्तमान भएर मलाई डसिरहन्छ... तर मैले त्यो उज्यालो जोगाउनु छ ...। अपहरित भएका हरेक अँध्यारा बस्तीमा भन्ने वाक्यबाट टुङ्गिएको यस कथाको कथावस्तुले कुनै पनि नारी एक पुरुषको नामसँग अल्झिएर उसबाट तिरस्कृत र अपहेलित भएर जीवन जिउने होइन, उसले पनि आफ्नो इच्छा, आकाङ्क्षा अनुरूप आफ्नो जीवन जीउन पाउनु पर्छ भन्ने विचार प्रकट गरिएको यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको रैखिक प्रकारको छ ।

प्रस्तुत कथामा म पात्र इन्दुका अतिरिक्त उसका बुबा, दाजुहरू, उसकी सासु, अमाजु, उसकी सौता जस्ता पात्रहरू ल्याइएका छन् । जसमध्ये म पात्र यस कथाकी प्रमुख पात्र हो । उसकी सासु, अमाजु, सौता सहायक पात्र हुन । म पात्रको पति, बुबा, दाजुहरू आदि गौण पात्रका रूपमा कथामा आएका छन् । म पात्र यस कथाकी प्रमुख स्त्री पात्र हो । कथामा म पात्र आफ्नो इच्छा नहुँदा नहुँदै पनि माइतीको इज्जत प्रतिष्ठाले गर्दा विवाह गर्न बाध्य भई त्यसबाट अनेक दुःख, पीडा भोग्न बाध्य पात्र हो । कथामा उसको महत्त्वपूर्ण भूमिका रहेकाले म पात्र यस कथामा गतिशील, मञ्चीय, बद्ध र अनुकूल प्रवृत्तिकी प्रमुख नारी पात्रका रूपमा आएकी छे ।

प्रस्तुत कथामा यकिनका साथ कुनै पनि स्थानगत परिवेशको उल्लेख नभए पनि कथामा अफिस, सभा, सेमिनार, गोष्ठी जस्ता शब्द आएका छन् । यसका साथै कथाकी प्रमुख म पात्रले कथामा कैयौं ठाउँमा प्रमुख अतिथि बन्छु । कैयौं सभाको सभापतित्व गर्छु भनेका वाक्यले गर्दा कथाले सहरिया पृष्ठभूमिलाई आफ्नो परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले साना-ठूला १६ अनुच्छेदमा संरचित वर्णनात्मक शैलीमा अगाडि बढेको प्रस्तुत कथामा सरल, सहज पात्रानुकूल भाषाशैलीको प्रयोग गरिएको छ । क्षितिज, शुष्क, प्रतिबिम्ब, तृष्णा, अफिस, सेमिनार, म्याडम जस्ता तत्सम् र आगन्तुक शब्दको प्रयोगले कथामा रोचकता प्रदान गरेको छ ।

यस कथाको उद्देश्य एउटी नारीले आफ्ना माइतीको इज्जत, सम्मान, प्रतिष्ठाका लागि आफ्नो लोग्नेद्वारा तिरस्कृत र अपहेलित भएर बाँच्नुपरेको छ । सोहीकारण उसले आफ्ना इच्छा, आकाङ्क्षा, चाहनालाई तिलाञ्जली दिएर बाँच्नु पर्ने अवस्थाप्रति असन्तुष्टि जनाउँदै आएकी छ । एक नारीले नारी हुनुका कारण पुरुषबाट तिरस्कृत अपहेलित भएर होइन, उसले पनि आफ्नो इच्छा आकाङ्क्षा अनुरूप पूर्ण मानव भएर बाँच्न पाउनुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

प्रस्तुत कथामा आन्तरिक दृष्टिबिन्दु अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा सम्पूर्ण घटनाक्रम र कथानकको विवरण म पात्रका माध्यमबाट भएको हुनाले कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.६ 'स्याबास भाइ' कथाको अध्ययन

आज आमाबुबा तीर्थयात्रा हिँड्नु भएको ठ्याक्क १० दिन भयो भन्ने वाक्यबाट कथा प्रारम्भ भएको छ । कथाको कथावस्तुले परिवारको धार्मिक र सांस्कृतिक परिवेशका कारण उत्पन्न दुई पुस्ता बीचको द्वन्द्वलाई रोचक ढङ्गले प्रस्तुत गरेको छ । कथाको म पात्र टोलछिमेकमा नाम चलेका पण्डितको एकमात्र छोरो हो । ऊ आफू वर्तमान आधुनिक समय परिवेश अनुरूप बाँच्न रुचाउने पात्र हो तर, घरको धार्मिक एवम् सांस्कृतिक परिवेश, आफ्ना बुबाआमाको पुरातनवादी सोचका कारण साथीहरूको संगतमा होटल बाहिरको खाजा, खाना, खादा आफ्ना बुबाआमाको अनावश्यक निगरानी र दबाबमा परेको छ ।

यसका साथै आफ्नी श्रीमती सुत्केरी भएका बेला परिवारको संस्कार, संस्कृति कै कारण राम्रो हेरचाह स्याहारसुसार नपाउँदा 'ज्वानोको झोल मात्र खुवाएर सुत्केरी मार्न आटे छिमेकीले' भन्ने जस्ता कुरा आफ्नै छिमेकीबाट सुन्नु परेको छ । साथै, ज्वाई सुत्केरीमा खान्की दह्रो हुनुपर्छ, गाह्रो होला आमाबुबालाई मनाउनु होला भन्ने जस्ता आफ्नै जेठीसासुका कुराको तात्वर्य बुझेर आफूले चाहँदाचाहँदै पनि आमाबुबा र परिवारको धार्मिक सांस्कृतिक संस्कारका कारणले सङ्कुचित बन्न पुगेको म पात्र परिवारको संस्कारका कारण श्रीमती र छरछिमेकीहरूबाट हाँस्यको पात्र बन्न पुगेको छ । तथापि, समय परिवेश अनुरूप आफूलाई परिवर्तन गर्दै विभिन्न सार्वजनिक ठाउँमा संलग्न हुँदै गएको म पात्रलाई "समयसँग परिवर्तन जरुरी छ नत्र घर स्वर्ग होइन कुरु क्षेत्र बन्न पुग्छ । ... स्याबास भाइ" भन्ने वाक्य म पात्रकी दिदीले भनेसँगै कथाको कथानक टुङ्गिएको छ । प्रस्तुत कथाले हाम्रो समाजमा परापूर्वकालदेखि चल्दै आएका धार्मिक, सांस्कृतिक रितीरिवाज, संस्कार, संस्कृतिको संवर्द्धन र संरक्षण गर्नुका साथसाथै समय सापेक्ष परिवर्तन जरुरी छ भन्ने सन्देश दिएको प्रस्तुत कथाको कथानक ढाँचा रैखिक खालको नै रहेको छ ।

प्रस्तुत कथामा प्रमुख म पात्रका अतिरिक्त उसका बुबा, आमा, श्रीमती, छोरो, दिदी, छिमेकी जस्ता पात्रहरू ल्याइएका छन् । म पात्र यस कथाको मुख्य पात्र हो । बुबा, आमा, श्रीमती, दिदी कथाका सहायक पात्र हुन् भने अन्य गौण पात्र पनि कथामा आएका छन् ।

म पात्र यस कथाको प्रमुख पुरुष पात्र हो । आफू वर्तमान समयसापेक्ष बाँच्न चाहे पनि आमा, बुबा र परिवारको संस्कार संस्कृतिका कारण श्रीमती सुत्केरी हुँदा राम्रो हेरचाह, स्याहारसुसार गर्न नपाउने पात्र हो । ऊ आफ्नी जेठी सासु र छिमेकीका कुराले आत्मग्लानि भई हीनताबोध गर्ने पात्र हो । म पात्रका कथामा मुख्य भूमिका रहेकाले ऊ यस कथाको

प्रमुख, पुरुष, मञ्चीय र वद्ध पात्रका रूपमा कथामा आएको छ । प्रस्तुत कथामा किटानीका साथ कुनै स्थानगत परिवेशको उल्लेख छैन । कथामा प्रयोग गरिएका तीर्थयात्रा, रेष्टुरेन्ट, बजार जस्ता शब्दावलीले गर्दा समग्र नेपालको सांस्कृतिक, धार्मिक साथै सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको पाउन सकिन्छ ।

कथा बाह्य रूपाकारका दृष्टिले सानाठूला ३९ अनुच्छेदमा संरचित छ । संवादात्मक र वर्णनात्मक शैलीमा अगाडि बढेको कथामा सरल, सहज भाषाको प्रयोग भएको छ । पात्रानुकूल छोटा-छोटा संवादका साथै नेपाली समाजमा प्रयोग गरिने सम्बन्धवाचक शब्द जोइ, ठूले, ज्वाइँ, जेठीसासु जस्ता शब्दका साथै असती, डाँका, काट्टो घिचिस्, बजिया, गधा, भाते, जस्ता श्रुतिकटु शब्दहरूको प्रसङ्ग अनुसार प्रयोगले कथामा रोचकता प्रदान गरेको छ ।

प्रस्तुत कथाको उद्देश्य हाम्रो समाजमा विद्यमान संस्कार, संस्कृति र परम्पराको वर्णन गर्नु रहेको छ । यसका साथै समयसापेक्ष देश, काल, परिवेश अनुकूल परिवर्तन जरुरी छ । नत्र घर स्वर्ग होइन, कुरुक्षेत्र बन्न पुग्छ भन्ने कथामा प्रयुक्त संवादबाट समय अनुसार परिवर्तन जरुरी रहेको देखाउनु नै यस कथाको उद्देश्य हो ।

प्रस्तुत कथामा दृष्टि केन्द्रीय चरित्रका रूपमा म पात्र आएको छ । कथाको सम्पूर्ण घटनाक्रम र कथानकको विवरण म पात्रकै माध्यमबाट भएको हुनाले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.७ 'ती दुई प्रश्न' कथाको अध्ययन

प्रस्तुत कथाले नेपाली समाजमा कुरीतिका रूपमा विद्यमान अनमेल विवाहको सन्दर्भलाई देखाएको छ । जसकाकारण एउटी नारीले भोग्नु परेका अपहेलना, तिरस्कार, पीडा, मर्का, वेदनाका साथै समाजमा एउटी नारीले आफ्नो जीवनको बारेमा आँफै निर्णय लिन नपाउँदा उत्पन्न समस्यालाई कथाले विषयवस्तु बनाएको छ ।

कथाकी म पात्र आफ्नो इच्छा नहुँदा नहुँदै पनि पुरातनवादी पुरुषप्रधान समाज र संस्कृतिका कारण आफू भन्दा धेरै जेठो व्यक्तिसँग विवाह गर्न बाध्य भएकी छे । विवाह हुनुका साथै पटक-पटकको अनिच्छापूर्ण संसर्गबाट जन्मेका सन्तान नरहनुले सन्तानको पीडामा व्यथित उसलाई आफ्नो परिवार समाजबाट तिरस्कृत र अपहेलित पात्र बन्नु परेको छ । अमिल्दो जोडीसँग विवाह गर्नु परेको र त्यसप्रति हेर्ने समाजको दृष्टिकोण र व्यवहारले

गर्दा ऊ विद्रोही बन्न पुगेकी छे । उसलाई आफ्नो प्रौढ लोग्नेको साथ बोझ लाग्न थालेको छ । जसका कारण उसले आफ्नो उमेर सुहाउँदो लोग्नेको कल्पना गरी उसँग बिताएका रमाइला क्षणहरूको कल्पना गर्दै आफूमै रमाउन थालेकी छे । उसमा आएको यस्तो परिवर्तनले मर्माहत भई उसको प्रौढ लोग्ने हिंस्रक बन्न पुगेको छ । जसले गर्दा ऊ आफ्नो घरमा डेरा गरेर बस्ने आफ्नै उमेर सुहाउँदा युवकसँग बस्न पुगेकी छे ।

यसरी प्रस्तुत कथाले पुरातनवादी संस्कार, संस्कृति र पुरुषप्रधान समाजका कारण एक महिलाले भोग्नु परेको अन्याय, अत्याचार र विभेदलाई देखाएको छ । समाजमा पुरुष महिलाको उत्तिकै महत्त्व रहेकाले महिलाले पनि आफ्नो जीवनको निर्णय आफू स्वयम्ले गर्न पाउनुपर्छ । उसले पनि इच्छा, आकाङ्क्षा, स्वाधिनता, स्वेच्छाले पूर्ण मानव भएर स्वअस्तित्वका साथ जीवन जिउन पाउनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । कथाको कथानक ढाँचा आदि, मध्य, अन्त्यको क्रम मिलेको रैखिक खालको रहेको छ ।

प्रस्तुत कथामा म पात्र उसका बुबा, आमा, पति, प्रेमी, अस्पतालमा भेटिएका विभिन्न व्यक्तिहरू पात्रका रूपमा आएका छन् । जसमध्ये म पात्र (चन्द्रा) यस कथाकी प्रमुख पात्र हो । उसको लोग्ने, प्रेमी सहायक पात्र हुन भने कथामा आएका अन्य पात्रहरू गौढ पात्र हुन् । यस कथाकी प्रमुख नारी पात्र चन्द्राले पुरातनवादी समाज संस्कृतिका कारण इच्छा विपरित आफूभन्दा जेठो व्यक्तिसँग विवाह गर्न बाध्य भएपछि विरोध गरेकी छ । ऊ आफूमाथि भएको अन्याय अत्याचारबाट विद्रोही बन्न पुगेकी छे । कथाको सम्पूर्ण घटनाक्रम म पात्र कै केन्द्रीयतामा रहेकाले म पात्र यहाँ प्रमुख पात्रका रूपमा आएकी छे ।

प्रस्तुत कथाले एकातिर नेपाली दिदीबहिनीहरूले आफ्नो जीवनको निर्णय स्वयम् गर्न नपाउँदाको अवस्थालाई देखाएको छ । यस्तै, आफ्नो बुबा, आमा, दाजुभाइको निर्णयमा नै आफ्नो जीवन व्यतित गर्नुपर्ने समग्र नेपाली सामाजिक परिवेश कथामा आएको छ । यसका साथै कथामा प्रयोग भएका अस्पताल, कोठा, डेरा जस्ता कथामा प्रयुक्त शब्दले गर्दा कथाले सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले साना ठूला २३ अनुच्छेदमा संरचित प्रस्तुत कथालाई वर्णनात्मक र संवादात्मक शैलीका माध्यमबाट अगाडि बढाइएको छ । लाञ्छना, अनिच्छा, वितृष्णा, अतृप्ति जस्ता तत्सम, वेश्या, नाठो जस्ता श्रुतिकटु शब्दको प्रयोग गरिए तापनि छोटा-छोटा संवाद, पात्रानुकूल भाषाको प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

नेपाली समाजमा विभिन्न कुप्रथा विद्यमान छन् । बहुविवाह, अनमेल विवाह जस्ता कुप्रथाका कारण नारीहरूले भोग्नुपरेका अन्याय, अत्याचार र उनीहरूलाई हेर्ने समाजको दृष्टिकोणको कथामा उल्लेख गरिएको छ । प्रस्तुत कथाले कथाकी मुख्य पात्रका माध्यमबाट एउटी महिलाले आफ्नो जीवनको निर्णय स्वयम् आफूले नै गर्न पाउनुपर्छ । आफ्नो स्वेच्छा र स्वअस्तित्वमा बाँच्न पाउनुपर्छ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

म पात्र चन्द्रालाई मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । यस कथाकी दृष्टिकेन्द्रीय चरित्र म पात्र नै हो । उसकै केन्द्रीयतामा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ । तसर्थ प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.८ 'अलिखित कथाको एक पात्र' कथाको अध्ययन

प्रस्तुत कथाको मुख्य पात्र रामराम हर्कजीत श्रेष्ठका माध्यमबाट गरीब असहाय वर्गप्रति धनी सम्भ्रान्त व्यक्तिले गर्ने व्यवहार देखाइएको छ । समाजमा धनीबाट गरीबप्रति गरिने व्यवहार र हेर्ने दृष्टिकोणलाई देखाइएको छ । यसका साथै, एक गरीब व्यक्तिको परिश्रम, त्याग, समर्पण र सङ्घर्षमा उसका आकाङ्क्षाले मूर्तरूप लिँदा उसले अनुभव गरेका सुखानुभूतिका क्षणलाई नै कथाले विषयवस्तु बनाएको छ ।

प्रस्तुत कथाको मुख्य पात्र अभावका कारण आफ्नो गाउँ, घरपरिवार छोडेर कामको खोजीमा सहर झरेको छ । ऊ सहरमा सानोतिनो काम गरी आफ्नो जीविका चलाउने एक निम्नवर्गको पात्र हो । सहर आएबाट नै उसलाई आफू बस्ने ठाउँ नजिकै रहेको चोकमा बाटो हिँड्ने बटुवाहरूका लागि विश्रामस्थल बनाउने चाहना रहेको हुन्छ । त्यही चाहनापूर्तिका लागि उसले आफ्नो बारीमा काठका लागि जामुन र सिसौ जस्ता रुख रोपेको छ । आफ्नो कमाइबाट केही पैसा बचत गर्दै जम्मा गरेको छ । अन्य कार्यका लागि सहयोग र साथ पाउने आसाका साथ म पात्रलाई आग्रह गर्न उसको घरमा आएको छ । यसरी आर्थिक अभावका कारण धनी सम्भ्रान्त व्यक्तिहरूको अपहेलना र तिरस्कार सहँदै सामान्य जीवनयापन गर्ने व्यक्ति रामरामको समाजसेवा गर्ने आकाङ्क्षालाई देख्दा म पात्रलाई पृथक अनुभूति हुन्छ । म पात्र जसले लामो समयदेखि देखिराखेको रामरामलाई आज भिन्न रूपमा देख्दा अचम्मित र विस्मृत बन्दै उसको विगतको जीवनलाई सम्झन पुगेको छ । आफूले

उसको कामलाई सक्दो सहयोग गर्ने विश्वास दिलाउँदै उसका आकाङ्क्षालाई मूर्त रूप दिन सफल भएको छ ।

यसरी प्रस्तुत कथाले एक सामान्य जीवनयापन गर्ने व्यक्तिले आफ्नो परिश्रम र मेहनतद्वारा आफ्नो आकाङ्क्षापूर्ति हुँदा उसले अनुभव गरेका क्षणहरूको वर्णन गर्नुका साथै एउटा व्यक्तिले आफ्नो व्यक्तिगत जीवनलाई सुखमय बनाउन विभिन्न प्रयत्न गरे पनि आफ्नो समाज, परिवेशका लागि केही गर्नु त्यो नै सार्थक जीवन हो भन्ने सन्देश दिएको छ ।

प्रस्तुत कथामा रामराम, हर्कजीत श्रेष्ठ, उसकी श्रीमती, छोरी, म पात्र, म पात्रकी आमा, म पात्रकी श्रीमती, काम गर्ने केटी, कार्की मालिक, टोल छिमेकी, पत्रकार जस्ता अनेक पात्र ल्याइएका छन् । जसमध्ये रामराम यस कथाको प्रमुख पात्र हो । म पात्र यस कथामा सहायक पात्रका रूपमा आएको छ । अन्य कथामा आएका पात्रहरू गौण पात्र हुन् । रामराम यस कथाको निम्न वर्गीय पात्र हो । ऊ ज्याला मजदुरी गरेर आफ्नो जीविका चलाउने मेहनत र परिश्रमद्वारा आफ्नो आकाङ्क्षा पूरा गर्ने अनुकूल प्रवृत्ति भएको, मञ्चीय, बद्ध, प्रमुख पुरुष पात्रका रूपमा कथामा आएको छ ।

प्रस्तुत कथामा यकिनका साथ कुनै निश्चित परिवेशको उल्लेख भएको छैन । तापनि कथामा प्रयोग गरिएका चोक, चियाको चुस्कीसँग अखबारका समाचार पढिरहेका बेला, पत्रकार जस्ता संवादका आधारमा प्रस्तुत कथाले सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले दुई भाग सानाठूला २९ अनुच्छेदमा संरचित कथाको कथावस्तु संवादात्मक शैलीमा अगाडि बढेको छ । सरल, सहज, पात्रानुकूल भाषाको प्रयोगका साथै टुकुक्क, झिलिक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथामा मिठास ल्याएको छ ।

प्रस्तुत कथाको मुख्य पात्र रामरामका माध्यमबाट निम्नवर्गीय श्रम गरेर आफ्नो जीवनयापन गर्ने व्यक्तिहरूप्रति समाजले हेर्ने दृष्टिकोण देखाइएको छ । समाजमा विपन्नप्रति गर्ने व्यवहार सुधारको अपेक्षा गर्दै एक निम्नवर्गीय व्यक्तिको आफ्नो सङ्घर्ष, त्याग र मेहनतद्वारा सामाजिक कार्य गर्ने आकाङ्क्षा पूर्ति हुँदा उसले अनुभव गरेको सुखानुभूतिलाई कथामा व्यक्त गरिएको छ । हरेक व्यक्ति आफ्नो समाज सुधारमा प्रयत्नशील हुनुपर्छ भन्ने उद्देश्य कथामा राखिएको छ ।

प्रस्तुत कथाको दृष्टिकेन्द्रीय पात्रको रूपमा रामराम आएको छ । रामराम आए पनि यस कथाको कथयिताका रूपमा म पात्र आएको छ । उसले रामरामको कथा कथेको छ । रामरामको कथाबाट नै यस कथाको कथानक अगाडि बढेको छ । तसर्थ प्रस्तुत कथामा आन्तरिक अन्तर्गतको परिधिय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.९ 'सुखदु:खका आँसु' कथाको अध्ययन

प्रस्तुत कथामा एक महिलाले भोग्नुपरेका विभिन्न प्रकारका विभेद अन्याय अत्याचार, पीडा, मर्म, वेदना जस्ता समस्यालाई नै विषयवस्तु बनाइएको छ । कथाको म पात्र (रूपा) आफ्नो औषधि उपचारका लागि सहर आएको बेला उसकी पुरानी साथी मधुसँग उसको भेट हुन्छ । धेरै समयपछि म पात्रले आफ्नी साथीलाई भेट्दा आफ्नो जीवनमा एक इतिहास बनिसकेको अतीतमा रुमलिन पुगेकी छे ।

पूर्वदिप्ति शैलीको प्रयोग गरिएको यस कथामा म पात्रले साथीलाई अचानक भेट्दा उसले विगतमा भोगेका सङ्घर्ष, कठिनाई र चुनौतीलाई स्मरण गर्न पुगेकी छे । अन्धविश्वास, पुरातनवादी सोच र सुखभोगी लालसाका कारण मध्यमवर्गीय परिवारकी मधुको खानदानी कुल घरानको एक विकृत मानसिकता भएको पुरुषसँग कम उमेर मै विवाह हुन्छ । विवाहको केही समयपछि छोरीको जन्म हुनुका साथै पतिको मृत्यु हुन्छ । यसरी सानो उमेरमै बाल विधवाको आरोप खेप्न बाध्य उसलाई छोराको मृत्युपछि उसकी सासुको सम्पत्तिबाट बञ्चित गर्न गरिएका अनेक अन्याय, अत्याचार र यातनाबाट पीडित भएर घर छोडी माइतीको शरणमा पुग्न बाध्य बनेकी छे । आफ्नो हक अधिकारबाट बञ्चित र अपहेलित बन्न पुगेकी ऊ गरीबी र अभावका बावजुद लगन, मेहनत र कठोर परिश्रमद्वारा आफ्नी छोरीलाई उचित शिक्षा प्रदान गर्दै डाक्टर बनाउन सफल भएकी छ । त्यो मात्रै होइन उसले अञ्जानमै छोरीले आफ्नी साथीको उपचार गरेको थाहा पाउँदा खुसी व्यक्त गर्दै यस कथाको कथावस्तु सकिएको छ ।

हाम्रो समाजमा एक विधवा नारीप्रति उसकै परिवार र समाजले गर्ने व्यवहार, हेर्ने दृष्टिकोण, उसले भोग्नुपरेका पीडा, अन्याय र अत्याचारका साथै एक महिलाले आफ्नो लगन, मेहनत र परिश्रमद्वारा प्राप्त गरेको सफलतालाई देखाइएको छ । कथाको कथानक वृत्ताकारीय ढाँचाको रहेको छ ।

प्रस्तुत कथामा म पात्र रूपा, उसको श्रीमान्, छोराबुहारी, उसकी साथी मधु, उसकी छोरी जस्ता पात्रहरू ल्याइएका छन् । जसमध्ये म पात्र यस कथाकी मुख्य पात्र हो । मधु उसकी छोरी सहायक पात्र हुन् भने कथामा आएका अन्य गौण पात्र हुन् । म पात्र स्वास्थ्य उपचार गराउन सहर आएको बेला उसकी पुरानी साथी मधुसँग उसको भेट हुन्छ । यसरी अचानक पुरानी साथीलाई भेट्दा उसले अतीतमा भोगेका दुःखकष्ट चुनौतीलाई याद गर्दै भावुक बन्न पुगेकी पात्र हो म पात्र । ऊ कथामा कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने अनुकूल गतिशील, स्वभाव भएकी मञ्चीय, बद्ध, प्रमुख स्त्री पात्रका रूपमा कथामा आएकी छे ।

प्रस्तुत कथाले सहरिया परिवेशलाई नै आफ्नो कार्यस्थल बनाएको छ । किटानीका साथ कुनै स्थानगत परिवेशको वर्णन कथामा नभए पनि कथाका पात्रको जीवनशैली र कथामा प्रयोग भएका गाडी, ड्राइभर, अस्पताल जस्ता शब्दको प्रयोगले गर्दा प्रस्तुत कथाले सहरिया परिवेशलाई स्थानगत परिवेश बनाएको प्रतित हुन्छ ।

कथा बाह्य संरचनागत दृष्टिले सानाठूला ३९ अनुच्छेदमा संरचित छ । वर्णनात्मक शैलीमा अगाडि बढेको कथामा पात्रानुकूल भाषाको प्रयोग छ । छोटा-छोटा संवादका साथै दिज्यू, चिनिसेन ?, कहिले आइस्यो ?, कहाँ बसिसेको छ ? जस्ता अति उच्च आदरका शब्दको यथोचित प्रयोगले कथालाई रोचकता प्रदान गरेको छ ।

प्रस्तुत कथाले नेपाली समाजमा एक विधवा महिलाप्रति उसकै परिवार र समाजले गर्ने दुर्व्यवहार, अन्याय, अत्याचार, महिलाले नै महिलाप्रति गर्ने व्यवहारप्रति असन्तोष प्रकट गर्दै एउटी आमाले आफ्ना सन्तानको सुखद भविष्यका लागि गरेका दुःख, कष्ट, त्याग, तपस्या र समर्पणको भावलाई देखाइएको छ । साथै धैर्य, लगन र निरन्तर परिश्रम गर्नाले कुनै पनि कार्यमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने देखाउनु नै कथाको उद्देश्य हो ।

यस कथामा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु अन्तर्गतको परिधिय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा म पात्र रूपाले आफ्नी साथी मधुको कथा कथेकी छे । मधुको कथाबाट नै यस कथाको कथावस्तु अगाडि बढेको छ । त्यसैले यस कथाको दृष्टिबिन्दु प्रथम पुरुष आन्तरिक अन्तर्गतको परिधिय हो ।

### ४.१० 'मनसँग प्रश्न' कथाको अध्ययन

प्रस्तुत कथा प्राकृतिक सौन्दर्यको मनमोहक वर्णनका साथै प्रारम्भ भएको छ । कथाले एक किशोरीमाथि भएको दुर्व्यवहारका कारण उसले भोग्नुपरेका सामाजिक अवहेलना, तिरस्कार, पीडा, मर्म र वेदनालाई आफ्नो विषयवस्तु बनाएको छ ।

कथाकी म पात्र बिहान पत्रिका पढ्ने क्रममा पत्रिकामा लेखिएको 'व्यस्थित युवतीको हृदयविदारक आत्महत्या' भन्ने वाक्य पढ्नुपर्दा चिन्तित बनेकी छ । २१ औं शताब्दीमा पनि नारीका हकअधिकार, समानता र स्वाधिनताका लागि अनेक प्रकारका नारा, भाषण र सेमिनार देखाउनका लागि मात्र भएको भन्दै खै कहाँ सुरक्षित छे नारी ? भनेर प्रश्न गरिएको छ । कहाँ पाएकी छे उसले हकअधिकार जस्ता प्रश्न मनमा खेलाउँदै क्रोधित बन्न पुगेकी छ । यसै सन्दर्भमा उसले आफ्नो बाल्यकालमा देखे-भोगेको त्यस्तै एक घटनालाई सम्झन पुगेकी छे ।

धेरै समय पहिले काम विशेषले म पात्र आफ्नी ठूली आमाकोमा गएको बेला ६०-६५ वर्षको वृद्धले एक नाबालिका किशोरी माथि गरेको दुर्व्यवहारलाई लिएर मानिसहरू माझ विभिन्न प्रकारका टिकाटिप्पणी भैरहेका छन् । एक निर्दोष लाचार किशोरीलाई सभ्य कहलिने व्यक्तिको भेलाले आफूले भोग्नुपरेको दुर्व्यवहार पीडालाई खुरुखुरु भन्न लगाइएको छ । त्यसरी निर्दोष युवतीलाई आफूमा परेको अन्याय, अत्याचार र पीडालाई भन्न लगाउने समवेदना शून्य त्यो उत्ताउलो भिडप्रति उसलाई रिस उठेको छ । तापनि केही गर्न असमर्थ भई त्यो दृश्य हेर्न बाध्य उसले त्यो दुराचारी खत्री बुढोलाई उसको उमेरको ख्याल गर्दै गाउँ, समाज र पञ्चभलाद्मीले गल्ती नदोहोऱ्याउने वाचा गराउँदै माफी माग्न लगाएर छोडी दिएको सन्दर्भ कथामा आएको छ । त्यही व्यक्ति गाउँघरमा जान्नेसुन्ने भएर, ठूला-ठूला गफ गर्दै हिँड्छ भने त्यो निर्दोष । त्यही युवती सामाजिक अपहेलना, तिरस्कार भोग्न बाध्य भई आफ्नै परिवारमा एकबन्दी सरह जीवन जीउनु पर्दाको सन्दर्भलाई लिएर चिन्ता व्यक्त गरिएको छ । एक यौनपिपासुको कामुकताको शिकार निर्दोष युवती दण्डित बन्नु परेको छ, उसको कहाँ गल्ती छ ? कहाँ भूल छ ? कहाँ छ अपराध ? गल्ती एकजनाको, सजाय अर्कोले भोग्नुपर्ने यो कस्तो चलन ? जस्ता निरुत्तरित प्रश्न गर्दै ऊ आँफैमा रुमलिन पुगेकी छे । यसरी एक निर्दोष किशोरीले विना अपराध भोग्नु परेको पीडा, मर्म र वेदनालाई समेटेको यस कथाको संरचना वृत्ताकारीय रहेको छ ।

प्रस्तुत कथामा म पात्र, म पात्रकी बुहारी, उसकी ठूलीआमा, अमृता, खत्रीबुढो, छिमेकी जस्ता अनेक पात्र आएका छन् । जसमध्ये म पात्र यस कथाकी मुख्य पात्र हो । अमृता, खत्री बुढो सहायक पात्र हुन भने कथामा रहेका अन्य पात्रहरू गौण पात्र हुन् । कथाकी प्रमुख पात्रले एक दिन आफ्नी ठूलीआमाकोमा गएको बेला देखे भोगेको घटनालाई सम्झिन पुगेकी छे । म पात्रको केन्द्रीयतामा कथाको घटना कार्यव्यापार अगाडि बढेको छ । म पात्र यस कथामा गतिशील स्वभाव भएकी, बद्ध, मञ्चीय र प्रमुख स्त्री पात्रका रूपमा आएकी छे ।

प्रस्तुत कथाले सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ । कुनै स्थान विशेषको प्रयोग नभए तापनि कथामा प्रयोग भएका आजको समाचार पत्रिकाहरू आइपुगे होला नि यसो समात्न देऊ न है ....शनिवारको दिउँसो बहिनी र म हजुरबुबाको घरमा टिभी हेर्न गयौं जस्ता संवादको प्रयोगले गर्दा प्रस्तुत कथाले सहरिया परिवेशलाई आफ्नो कार्य स्थल बनाएको प्रतित हुन्छ ।

बाह्य संरचनागत दृष्टिले सानाठूला ३४ अनुच्छेदमा संरचित कथामा पात्रानुकूल सरल, सहज, सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । कथामा छोटा-छोटा संवादका साथै जुरुक्क, चसक्क, कटक्क, थचक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथाको भाषामा रोचकता प्रदान गरेको छ ।

कथामा एक दुराचारी पुरुषको दुराचार र कुकृत्यका कारण आफ्नै परिवार समाजबाट तिरस्कृत र अपहेलित भई बन्दी जीवन जिउन बाध्य एक किशोरीको पीडा, मर्म र वेदनालाई विषयवस्तु बनाइएको छ । जहाँ आफ्नो अपराध विना, महिला हुनुकै कारण समाजमा तिरस्कृत बन्नुपर्ने सामाजिक संरचनाप्रति असन्तोष प्रकट गर्नु नै प्रस्तुत कथाको उद्देश्य हो ।

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा म पात्रले अमृताको कथा कथेकी छे । अमृताको कथाबाट नै यस कथाको कथानक अगाडि बढेको छ । त्यसैले प्रस्तुत कथामा आन्तरिक अन्तर्गतको परिधिय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.११ 'प्रतिबिम्ब' कथाको अध्ययन

प्रस्तुत कथाले आफ्ना सन्तान नहुनुका कारण सौता थपिनुका साथै बाँझी शब्दले विभूषित भई पीडित बन्न पुगेकी एक महिलाको वात्सल्य प्रेमलाई आफ्नो विषयवस्तु बनाएको छ । पूर्वदिप्ति शैली प्रयोग गरी लेखिएको यस कथाको म पात्रले "आमा किन मान्नु हुन्न मसँग बस्न" भन्ने वाक्य आफ्नो छोराबाट सुनेपछि अतीतमा आफ्नो जीवनमा घटेका घटनालाई सम्झिन पुगेकी छे ।

विवाह भएको धेरै समयसम्म सन्तान नहुनुका कारण सौता थपिनु र बाँझी आइमाइको आरोप खेप्न बाध्य भई पीडित बनेकी म पात्र आफ्नी सौताका केटाकेटीलाई पनि आफ्नै सन्तान सरह खेलाउँ, माया देखाउँ भन्ने चाहना भए पनि तिमीहरूलाई माया प्रेम दिनबाट वञ्चित भई वात्सल्य प्रेमको अभावमा त्रसित बनेको उसको मनलाई एउटा सानो बालकले मैंया (आमा, आमा) भन्दै बोलाइरहेको हुन्छ । यसरी अचानक बालकले आमा भनेर उसलाई बोलाउँदा वासल्य प्रेमको अभावमा त्रसित उसले सन्तुष्टिको अनुभव गरेकी छे । यसरी बेला बेलामा भेटिने त्यस बालकलाई आफ्ना सन्तानलाई जस्तै स्नेह र ममता प्रदान गरेकी उसलाई त्यस बालक जन्मेको केही समयपछि उसकी आमाको मृत्यु भएको, कान्छी आमाको सौतेनी व्यवहार र कान्छी आमाको भयले बाबुको स्नेहबाट पनि वञ्चित बनेको थाहा पाएपछि सन्तान अभावले पीडित म पात्रले उसलाई अपनाउन पुगेकी छे । जसका कारण समय-समयमा आफ्नो लोग्ने र आफन्तबाट आफ्नो आकाङ्क्षा र वात्सल्य प्रेम माथि अङ्कुश लगाउन चाहे पनि त्यस बालकलाई अभिभावकत्व प्रदान गर्दै सुखी जीवन जीउन थालेकी छे । ऊ आफ्नो पतिको मृत्युपछि सौता र उसका सन्तानको धम्कीपूर्ण व्यवहारले आफ्नो छोरा अनिशसँग बन्ने चाहना हुँदाहुँदै पनि एक्लै बस्न बाध्य छे । ऊ आफ्नो छोराको "तपाईं अब एक्लै बस्न पाउनुहुन्न म सँगै हिँड्नुहोस्" भन्ने बारम्बारको आग्रहले अबोध अवस्थामा तैंले म भित्र देखेको आफ्नी आमाको प्रतिबिम्ब र तैंले चाहेको आमाको वात्सल्यलाई म निरर्थक हुन दिन्न छोरा दिन्न ... म जान्छु तँ सँग बस्न, पक्का जान्छु भन्ने आश्वासन म पात्रले आफ्नो छोरालाई दिएसँगै टुङ्गिएको प्रस्तुत कथाले वात्सल्य सुखबाट वञ्चित अपरिचित बालकको वात्सल्य प्रेम र मातृत्व प्रेमलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ ।

प्रस्तुत कथामा म पात्र, उसको पति, उसको छोरा अनिश, उसकी सौता, उसका छोराछोरी जस्ता पात्रहरू आएका छन् । जसमध्ये म पात्र यस कथाकी प्रमुख पात्र हो ।

उसको छोरा अनिश सहायक पात्र हो भन्ने उसको पति सौता कथामा आएका अन्य गौण पात्र हुन् । म पात्र यस कथाकी मुख्य पात्र हो । विवाह भएपछि आफ्ना सन्तान नहुनुका कारण सौता थपिनु र उसका सन्तानहरूलाई पनि आफ्नो वात्सल्य प्रेम दिन नपाउनुका कारण एक अपरिचित बालकलाई मातृत्व सुख प्रदान गर्ने पात्रका रूपमा यस कथामा आएकी छे । कथाको सम्पूर्ण कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने म पात्र अनुकूल, मञ्चीय, स्थिर, बद्ध र प्रमुख स्त्री पात्रका रूपमा यस कथामा आएकी छे ।

प्रस्तुत कथामा सहरिया परिवेश देखाइएको छ । यसका साथै नेपालको तराई क्षेत्रमा बोलिने भाषाको प्रयोग कथामा गरिएकाले प्रस्तुत कथाले तराईको कुनै एक क्षेत्र विशेषलाई आफ्नो स्थानगत परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले कथा सानाठूला ३२ अनुच्छेदमा संरचित छ । वर्णनात्मक र संवादात्मक शैली प्रयोग गरिएको कथामा छोटा-छोटा संवाद, सरल, सहज पात्र अनुकूल भाषाको प्रयोगका साथै विशेषगरी तराई क्षेत्रमा बोल्ने मैथिली भाषाको प्रसङ्ग अनुसारको प्रयोगले कथालाई रोचक बनाएको छ ।

आफ्ना सन्तान नहुनुका कारण आफ्नी सौताका सन्तानलाई माया, ममता, प्रेम, वात्सल्य प्रदान गर्न चाहे पनि त्यसबाट वञ्चित सन्दर्भलाई कथामा देखाइएको छ । जहाँ एक अपरिचित बालकलाई अपनाएर आफ्नो सन्तानको चाहना पूर्ण गर्न बाध्य एक नारीका माध्यमबाट उसमा रहेको मातृत्वप्रेम माया, ममतालाई प्रकट गर्नुका साथै हाम्रो समाजमा सन्तान नहुनुका कारण एक नारीले भोग्नुपरेका विविध समस्याको उजागार गर्नु नै प्रस्तुत कथाको उद्देश्य हो ।

म पात्रलाई प्रमुख पात्र बनाएर प्रस्तुत गरिएको यस कथाको दृष्टि केन्द्रीय चरित्र म पात्र नै हो । कथामा सम्पूर्ण घटनाक्रम र कथानकको विवरण म पात्रकै माध्यमबाट अगाडि बढेको हुनाले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१२ 'अस्तित्व तृष्णा' कथाको अध्ययन

प्रस्तुत कथाले आफूमा भएको योग्यता, दक्षता, ज्ञान र सीपको सदुपयोग गर्दै आफ्नो छुट्टै अस्तित्व र पहिचानका साथ जीवन जिउने चाहना हुँदाहुँदै परिवारको संस्कार संस्कृति

र परम्पराका कारण अरूको आश्रित भएर जीवन जीउन बाध्य एक महिलाको मानसिक व्यथालाई आफ्नो विषयवस्तु बनाएको छ ।

कथाकी मुख्य पात्र प्रविना भौतिक सुख सुविधाले सम्पन्न बुहारी हो । उसले आफूमा भएको योग्यता र दक्षताको सदुपयोग गर्दै स्वतन्त्र स्वअस्तित्वका साथ जीवन जीउन चाहेकी छ । तापनि ऊ आफ्नो परिवारको संस्कार, संस्कृति र परम्पराका कारण भौतिक सुखसुविधाले थिचिएको एउटा बन्दी सरहको जीवन जीउन बाध्य छ । उसलाई लामो समयपछि भेट भएकी साथीले लेऊ प्रविना यो मेरो किताब भन्दै दिएको किताब लिँदै गर्दा ऊ स्मरणमा रहेका विगतका घटनालाई सम्झन पुगेकी छे । गरीबी र अभावका कारण एउटा किताब किन्न नसक्नुले पढाइ छोड्न बाध्य बनेकी उसकी साथीले आफ्नो लगन, मेहनत र परिश्रमले आफ्नै किताब छपाएर उसको हातमा राखिँदिँदा ऊ स्तब्ध भएकी छ । आफ्नी साथीमा आएको यती ठूलो परिवर्तन, उसका कुरा गराइमा सैद्धान्तिकता र बौद्धिकता भरिएका शब्दहरू, उसको जीवनप्रतीको सोच अभिव्यक्तिका अगाडि ऊ आफूलाई निर्धो सम्झन्छे । आफूले आर्जित गरेको शिक्षादीक्षा, योग्यता अनुरूप छुट्टै अस्तित्व र पहिचान बनाउन चाहे पनि परिवारको संस्कार र संस्कृतिका कारण सीमित घेराभित्रको जीवन जीउन बाध्य बनेकी ऊ सीमित घेराभित्र खुम्चिएर जीवन जिउन र त्यसभित्र रहेको वैभव उपभोग गर्नुको के अर्थ र भन्ने निरुत्तरित्त प्रश्न गर्दै आफैँमा रुमलिन पुगेकी छे ।

यसरी एक महिलाको लगन, मेहनत र परिश्रमबाट उसले प्राप्त गरेको सफलता, अस्तित्व, पहिचानका साथै परिवारको संस्कार, संस्कृति र परम्पराका कारण सीमित घेराभित्रको जीवन जीउन बाध्य एक महिलाको कथाव्यथा देखाउन खोजिएको यस कथाको संरचना वृत्ताकारीय ढाँचाको रहेको छ ।

यस कथाकी ऊ अर्थात प्रविना मुख्य पात्र हो । उसकी साथी ज्ञानश्री, उसको पति सहायक पात्र हुन् भने उसकी सासु, छोरो, माइती जस्ता कथामा आएका अन्य पात्र गौण पात्र हुन् । प्रविना यस कथाकी प्रमुख पात्र हो । ऊ एक भौतिक सुखसुविधाले सम्पन्न घर परिवारकी शिक्षित बुहारी हो । आफूमा भएको क्षमता, दक्षताको सदुपयोग गर्दै आफ्नो छुट्टै व्यक्तित्व र पहिचान बनाउन चाहे पनि परिवारका कारण अरूमा आश्रित भएर बाँच्न बाध्य पात्र हो । कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने अनुकूल प्रवृत्ति भएकी, मञ्चीय, गतिशील, बद्ध र प्रमुख स्त्री पात्रका रूपमा यस कथामा आएकी छ ।

प्रस्तुत कथाले सहरिया परिवेशलाई आफ्नो स्थानगत परिवेश बनाएको छ । कथाका पात्रहरूको रहनसहन, आनीवानीका साथै कथामा प्रयोग भएका किताब विमोचन गर्नु, जागिर खाने जस्ता संवादले प्रस्तुत कथाले सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको प्रतित हुन्छ ।

कथा बाह्य संरचनागत दृष्टिले सानाठूला ३३ अनुच्छेदमा संरचित छ । वर्णनात्मक शैलीको प्रयोग गरिएको कथामा छोटा-छोटा संवाद छन् । सरल, सहज, पात्र अनुकूल भाषाका साथै तलमाथि, यताउता, कताकता, उदास-उदास, उपक्रम जस्ता समास, द्वित्व र उपसर्गबाट निर्मित शब्दको यथोचित प्रयोगले कथालाई रोचक बनाएको छ ।

आफूमा भएको योग्यता, क्षमताको उपयोग गर्दै आफ्नो छुट्टै व्यक्तित्व निर्माण गर्न चाहे पनि परिवारका कारण अरूमा आश्रित जीवन जिउन बाध्य एक महिलाको पीडालाई कथाले विषयवस्तु बनाएको छ । कथामा महिलाले आफ्नो योग्यता र क्षमताका आधारमा आफ्नो भिन्न पहिचान र स्वअस्तित्वका साथ बाँच्न पाउनुपर्छ भन्ने आसय प्रकट गरिएको छ ।

प्रस्तुत कथाको दृष्टि केन्द्रीय चरित्र ऊ प्रविना हो । कथाको सुरुदेखि अन्त्यसम्म नै प्रविनाको महत्त्वपूर्ण भूमिका रहेको छ । ऊ कथामा केन्द्रीय चरित्रका रूपमा आएकी छे । कथाको सम्पूर्ण घटना र सन्दर्भको विवरण ऊ प्रविना पात्रबाट गरिएकाले यस कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१३ 'कुन्जला' कथाको अध्ययन

'ऊ त्यो भालुको दाम पाँच यसदेखि एक हजारसम्म' भन्ने वाक्यबाट सुरुआत भएको प्रस्तुत कथाले गरीबी, अभाव र आफ्नो जँड्याहा लोग्नेका कारण समाजमा असभ्य मानिएको शारीरिक पेशा अँगाल्न बाध्य एक महिलाको पीडा, मर्म, वेदनालाई आफ्नो विषयवस्तु बनाएको छ ।

प्रस्तुत कथाकी मुख्य पात्र कुन्जला निम्नवर्गीय परिवारकी दुई सन्तानकी आमा हो । ऊ आफ्नो परिवारको रोजाइँमा सानो उमेरमै विवाह भएकी पात्र हो ।  जुवा, तास र रक्सीमा तल्लीन लोग्नेले गर्दा बिग्रिदै गरेको पारिवारिक अवस्थाका साथै, गरीबी, अभाव र प्रतिकूल वातावरणका कारण आफूले नचाहँदा नचाहँदै पनि सामाजिक दृष्टिले असभ्य मानिने शारीरिक पेशा अंगाल्न बाध्य भएको सन्दर्भ कथामा आएको छ । जसका कारण ऊ

सामाजिक अपहेलना, तिरस्कार सही उपहासपूर्ण जीवन जीउन बाध्य बनेकी छ । उसलाई लक्षित गर्दै आफ्नै टोल छिमेकका स्कूल, कलेज पढ्ने उमेरका युवाहरू र भद्र महिला टोलीको आफूले एक ममतालु कर्तव्यपरायण र परिपक्व आमाका रूपमा देख्दै आएकी महिलाप्रति बोलिएका उपयुक्त अनुपयुक्त तिरस्कार र उपहासपूर्ण संवाद सुनेपछि अनायास नै उसको दिनचर्या, आनिबानी नियाल्न थालेकी म पात्रले पीडा बोध गरेकी छ ।

म पात्रले उसको सम्पूर्ण यथार्थ पीडा, मर्म, वेदनाको जानकारी पाएपछि चिन्तित बनेकी छ । गरीबी, अभाव र आफ्नो स्वार्थी लोग्नेका कारण समाजमा अपहेलित र तिरस्कृत भई उपहासपूर्ण जीवन जीउन बाध्य उसको पीडा, व्यथालाई अनुभव गर्दै उसलाई उपेक्षापूर्ण दृष्टिले हेर्ने सभ्य समाजप्रति आक्रोश पोखेकी छ । साथै सो समुदायलाई लक्षित गर्दै किन वेश्या भनेर उपेक्षा ? उसलाई कसैले किन सोध्दैनन् ? तँ किन वेश्या भइस् कुञ्जला ? भन्ने प्रश्न गर्दै पुरुषवादी समाजका कारण महिलाले भोग्नु परेका विविध अन्याय, अत्याचारप्रति आक्रोश व्यक्त गरेकी छ ।

यसरी प्रस्तुत कथाले कथाकी प्रमुख पात्र कुञ्जलाका माध्यमबाट आफ्नै परिवार, समाज वा गरीबी, अभाव र अशिक्षाका कारण अनेक प्रलोभनमा परी समाजमा असभ्य मानिने शारीरिक पेशा अंगाल्न बाध्य महिलाहरूको पीडा, मर्म, वेदनालाई आफ्नो विषयवस्तु बनाएको यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रम मिलेको रैखिक प्रकारको रहेको छ ।

प्रस्तुत कथामा कुञ्जला, उसको पति, उसकी आमा र म पात्रका साथै त्यहाँका टोल छिमेकी जस्ता पात्र आएका छन् । जसमध्ये कुञ्जला कथाकी प्रमुख पात्र हो । म सहायक पात्र हो भने उसकी आमा, छिमेकीहरू, उसको पति जस्ता कथामा आएका अन्य गौण पात्र हुन् ।

कुञ्जला यस कथाकी प्रमुख पात्र हो । सानो उमेरमै विवाह हुनुका साथै आफ्नो जुवाडे स्वभावको पतिका कारण गरीबी, अभाव र आफ्नो प्रतीकूल अवस्थाका कारण समाजमा अमर्यादित मानिएको शारीरिक पेशा अंगाल्न बाध्य बनेकी महिलाका रूपमा कथामा आएकी छे । कथाको सम्पूर्ण कार्य व्यापारलाई अगाडि बढाउने ऊ गतिशील स्वभाव भएकी, अनुकूल प्रवृत्तिकी, मञ्चीय, बद्ध र प्रमुख स्त्री पात्रका रूपमा कथामा आएकी छ ।

प्रस्तुत कथाले सहरिया परिवेशलाई नै आफ्नो कार्यस्थल बनाएको छ । कथामा प्रयोग भएका चोक, डेरा जस्ता शब्दका साथै ऊ, त्यो भालको दाम पाँचसयदेखि एक

हजारसम्म ... तैले कसरी थाहा पाइस् ... हाम्रो टोलमा पनि भालु बस्न आएकी ? यसो आँखालाई रमाइलो हुने भो जस्ता वाक्यको प्रयोगले गर्दा प्रस्तुत कथाले वर्तमान सहरिया समाजको विकृति, विसङ्गतिका साथै समाजका युवाहरूको मानसिकतालाई आफ्नो परिवेश बनाएको छ ।

कथा बाह्य रूपाकारका दृष्टिले सानाठूला ४० अनुच्छेदमा संरचित छ । कथा वर्णनात्मक एवम् प्रश्नोत्तरात्मक शैलीमा अगाडि बढेको छ । कथामा भालु, वेश्या, नकचरी, आइमाइ, छाला व्यापार जस्ता केही श्रुतिकटु शब्दको प्रयोग गरिएको पाइन्छ । साथै, नेपाली समाजमा प्रचलनमा रहेका उखान टुक्का, पात्रानुकूल सरल, सहज सम्प्रेष्य भाषाको प्रयोग र छोटा-छोटा संवादले कथालाई रोचकता प्रदान गरेको छ ।

गरीबी, अभाव र प्रतीकूल अवस्थाका कारण समाजमा असभ्य मानिने शारीरिक पेशा अंगाल्न बाध्य, समाजबाट तिरस्कृत र अपहेलित भई उपहासको पात्र बन्न बाध्य एक महिलाको कथालाई विषयवस्तु बनाएको यस कथाको उद्देश्य कोही पनि व्यक्ति नारी होस् या पुरुष आफ्नो समाज परिवेशमा तिरस्कृत अपहेलित भई बाँच्न चाहँदैन । समय, परिस्थिति र प्रतीकूल अवस्थाका कारण उसलाई विभिन्न प्रकारका नैतिक, अनैतिक कार्यमा संलग्न गराए पनि समाजमा उसले सम्मानजनक मानवीय व्यवहारका साथ बाँच्न पाउनुपर्छ भन्ने रहेको छ ।

कथामा बाह्य अर्थात तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथाकी दृष्टि केन्द्रीय चरित्र कुञ्जला हो । कुञ्जलाकै माध्यमबाट सम्पूर्ण कथाको कार्यव्यापार अगाडि बढेको हुनाले यस कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.१४ 'प्रतिद्वन्द्वी स्नेह' कथाको अध्ययन

'आज मातातीर्थ औशी आमाको मुख हेर्ने दिन...' भन्ने वाक्यका साथ प्रस्तुत कथा आरम्भ भएको छ । यस कथाले विपन्नताका कारण जन्म दिलाएर पनि आफ्ना सन्तानलाई राम्रो संरक्षण गर्न असमर्थ आमाको कथालाई अभिव्यक्त गरेको छ । जसका कारण उसले आफ्नो सन्तान सामाजिक संस्थामा सुम्पन बाध्य भएकी छ । एउटी आमाको वात्सल्यप्रेमका साथै कथाको मुख्य म पात्र (महिप) ले पाएको आफ्नी आमाहरूको प्रतिद्वन्द्वी स्नेहलाई आफ्नो विषयवस्तु बनाएको छ । पूर्वदिप्ति शैलीको प्रयोग गरिएको यस कथामा म पात्रले आफ्ना

बाल्यकालमा भोगेका घटनाहरूलाई सम्झन पुगेको छ र यस कथाको कथावस्तु अगाडि बढेको छ ।

११-१२ वर्षको म पात्र महिप रमाइलो वातावरणमा स्नेहका साथ आफ्नो बाल्यका व्यक्तित गरिरहेको बेला उसको घरमा भएको एक अपरिचित महिलाको आगमन हुन्छ । ती महिलाले उसप्रति देखाएको अपनत्व र गरेको व्यवहारले विचलित बनेको उसको मनलाई तान्छ । अनायासै ती महिलाले उसको स्कूलमै आएर उसप्रति देखाएको अनौठो व्यवहार, अस्वभाविक रूपमा प्रकट गरेको माया, ममता र स्नेह साथै तिनको व्यवहारले अचम्मित साथै क्रोधित बन्न पुगेको छ । को हुन् यिनी ? किन त्यस्तो व्यवहार गर्छिन् मलाई ? किन यिनलाई मन नपर्दा नपार्दै रोक्न सक्नुहुन्न मम्मी पापा ? जस्ता अनुत्तरित प्रश्नहरू गर्दै व्यथित र विक्षिप्त बन्दै आफैँमा रुमलिन पुगेको उसलाई उसले मान्दै आएका बाबुआमा उसका आमाबाबु नभई उसलाई सबैको नजर भन्दा भिन्दै नजरले हेर्ने, सधैँ स्कूल र घरमा आइराख्ने ती अपरिचित महिला उसकी आमा हुन् भन्ने थाहा पाएपछि अचम्मित बनेको उसको मनमा पटक-पटक भेटेर पनि आफ्नो छोरालाई छोरा भन्न नपाउने कस्तो दुर्भाग्य ती महिलाको भन्ने विचार गर्दै ती महिलाप्रति अनयासै स्नेहको भाव जाग्न पुगेको छ । समय परिवर्तसँगै दुईतर्फ एक्लाएक्लै रहेकी उसकी मम्मी र आमालाई एकै ठाउँमा राखेर संरक्षण गर्ने हर सम्भव प्रयास गरे पनि ऊ असफल बन्न पुगेको छ । यसरी एक अर्काको मनको भाव र व्यथासँग पूर्ण परिचित भए पनि प्रतिद्वन्द्वी रहन्छन् नारी एक अर्काप्रति भन्ने विचार व्यक्त गरिएको यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

प्रस्तुत कथामा म पात्र, उसकी आमा, मम्मी, पापा, स्कूलको प्रिन्सिपल, उसकी पत्नी, पण्डितबाजे जस्ता अनेक पात्र आएका छन् । जसमध्ये म पात्र यस कथाको प्रमुख पात्र हो । उसकी आमा, मम्मी, पापा सहायक पात्र हुन् भने कथामा आएका अन्य पात्र गौण पात्र हुन् । म पात्र यस कथाको मुख्य पात्र हो । गरीबी र अभावका कारण आफ्ना आमाबुबाको स्नेहबाट बञ्चीत भई सामाजिक संस्थाका माध्यमबाट सम्पन्न परिवारमा बस्न पुगेको ऊ आफ्नो घरमा एक अपरिचित महिलाको आगमन र उनले गर्ने गरेको व्यवहारले गर्दा अचम्मित र विस्मित बन्न पुग्ने पात्रका रूपमा यस कथामा आएको छ । कथाको सम्पूर्ण कार्यव्यापार म पात्रकै माध्यमबाट अगाडि बढेकाले । ऊ यस कथामा अनुकूल प्रवृत्तिको गतिशील, मञ्चीय, बद्ध र प्रमुख पात्रका रूपमा कथामा आएको छ ।

प्रस्तुत कथाले सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ । कुनै निश्चित स्थान परिवेशको प्रयोग नभए पनि कथामा प्रयोग भएका अफिस, स्कूल, प्रिन्सिपल, अनाथ आश्रम जस्ता संवादहरूको प्रयोगले कथाले सहरिया परिवेशलाई आफ्नो स्थानगत परिवेश बनाएको प्रतित हुन्छ ।

बाह्य रूपाकारका दृष्टिले कथा सानाठूला ३९ अनुच्छेदमा संरचित छ । वर्णनात्मक र प्रश्नोत्तरात्मक शैलीमा अगाडि बढेको कथामा छोटा-छोटा संवाद रहेका छन् । कथामा पात्रानुकूल सरल, सहज सम्प्रेष्य भाषाशैलीको प्रयोग पाइन्छ । साथै मम्मी, पापा, आन्टी, प्रिन्सिपल, केही आगन्तुक शब्दको यथोचित प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

गरीबी र अभावका कारण आफ्नो सन्तानलाई संरक्षण गर्न नसक्दा सामाजिक संस्थामा सुम्पिन बाध्य एक आमाको आफ्नो सन्तान मपात्रप्रति गर्ने गरेको व्यवहारले एउटी आमाको मनमा आफ्ना सन्तानप्रति कत्तिको माया, ममता र वात्सल्य हुन्छ भन्ने देखाउनु नै प्रस्तुत कथाको उद्देश्य हो ।

दृष्टिकेन्द्रीय चरित्रका रूपमा म पात्र आएको यस कथामा म पात्रले आफ्नो स्मृतिका रूपमा रहेका बाल्यकालका घटनाहरूलाई सम्झन पुगेको छ । त्यसैका माध्यमले अगाडि बढेको यस कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.१५ 'मेरो दृष्टिमा ऊ' कथाको अध्ययन

प्रस्तुत कथामा देशमा व्याप्त सामाजिक असमानता र अशिक्षालाई अभिव्यक्त गरिएको छ । जसका कारण स्कूल पढ्ने, खेल्ने, खाने रमाउने उमेरमा नै आफ्ना इच्छा, आकाङ्क्षालाई कुण्ठित गर्दै आफ्नो उमेर क्षमताभन्दा ठूलो जिम्मेवारी बहन गर्न बाध्य कथाकी प्रमुख पात्र ऊ अस्मिताका माध्यमबाट देखाउन खोजिएको छ । गरीबी र अभावका कारण शिक्षा प्राप्त गर्ने उमेरमा श्रम गरी आफ्नो जीवनयापन गर्न बाध्य अनेकौं बालबालिकाको पीडा, मर्म, वेदनालाई कथाले विषयवस्तु बनाएको छ ।

कथाकारले म पात्रका माध्यमबाट आफूले विगतमा देखेका अविस्मरणीय दृश्यलाई कथावस्तुका रूपमा उतारेकी छन् । पूर्वदीप्ति शैलीको प्रयोग गरी लेखिएको यस कथामा गरीबी, अभाव र कर्तव्यच्यूत आफ्नो बाबुका कारण पढ्ने, लेख्ने बाल्यकालीन उमेरमा नै पारिवारिक व्यवहारमा डुबेकी ऊ अस्मिताका पीडा, मर्म, व्यथा र देशमा व्याप्त गरीबी,

बेरोजगारी हटाई जनताका इच्छा, आकाङ्क्षा पूरा गर्ने वाचाका साथ चुनाव जितेपछि आफ्नो र आफन्तको उन्नति प्रगतिमा नै केन्द्रित रहने विकृत राजनीतिक परिवेशलाई पनि देखाइएको छ । यसका साथै अधिकांश निम्न आय भएका र ज्याला मजदुरी गरेर जीविका चलाउने परिवारका पुरुषहरू जाँड, रक्सी र दुर्व्यसनीमा लिप्त रहनुले घरमा भै राख्ने कलह र असमझदारीका कारण त्यस्ता घरका महिला, बालबालिकाहरूले भोग्नु परेका अन्याय, भेदभावका साथै आफ्नो बाल्यकालीन उमेरमा नै घरायसी काममा वा ज्याला मजदुरी गर्न बाध्य भई आफ्नो शिक्षा प्राप्त गर्ने अमूल्य समय गुमाउन पुगेका कथाकी मुख्य पात्र ऊ अस्मिता जस्ता अनेक गरीब, दुखी परिवारका बालबालिकाको पीडा, वेदनाका साथै वर्तमान समयमा पनि छोरा र छोरीमा गरिने भेदभाव, सत्तालिप्साका कारण विकृत बन्दै गएको देशको राजनीतिक परिवेश र जाँड, रक्सी र दुर्व्यशनीकाा कारण बढ्दै गरेको सामाजिक विकृति जस्ता समसामयिक विषयवस्तुलाई समेटेको प्रस्तुत कथाको कथानक वृत्ताकारीय ढाँचाको रहेको छ ।

प्रस्तुत कथामा म पात्र, ऊ अस्मिता, उसकी आमा, बाबु, भाइहरू, छिमेकी जस्ता अनेक पात्रहरू आएका छन् । जसमध्ये ऊ अस्मिता यस कथाकी मुख्य पात्र हो । निम्नवर्गीय परिवारकी पात्र ऊ गरीबी र अभावका कारण सानो उमेरमै परिवारको जिम्मेवारी बहन गर्न बाध्य छे । यसरी अस्मिताले आफ्नो परिवारको कमजोर आर्थिक अवस्थाका कारण आफूले पढ्ने उमेरमा पढ्न नपाए पनि भाइहरूले पढ्न पाएकोमा सन्तोष गर्ने अनुकूल प्रवृत्तिकी पात्रका रूपमा आएकी छे । यस कथाको सम्पूर्ण कार्यव्यापार उसकै माध्यमबाट अगाडि बढेकाले ऊ यस कथामा गतिशील, मञ्चीय, वद्ध, प्रमुख स्त्री पात्रका रूपमा यस कथामा आएकी छे ।

प्रस्तुत कथामा यकिनका साथ कुनै स्थानगत परिवेशको उल्लेख नगरिएको भए पनि माटाका भाँडा बनाउने हाट बजार बेच्न लाने जस्ता प्रसङ्गहरू कथामा आएकाले तराई भेगको कुनै सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाउनुका साथै गरीबी, बेरोजगारी, अभाव र अशिक्षाका कारण पढ्ने, लेख्ने उमेरमा नै त्यसबाट बञ्चीत भई श्रम गर्न बाध्य हुनुपर्ने सम्पूर्ण देशको विकृति परिवेशलाई चित्रण गरेको छ ।

बाह्य रूपाकारका दृष्टिले सानाठूला ३३ अनुच्छेदमा संरचित वर्णनात्मक र संवादात्मक शैलीमा अगाडि बढेको प्रस्तुत कथामा छोटा-छोटा वाक्य, सरल, सहज, सम्प्रेष्य पात्र अनुकूल भााषको प्रयोग गरिनुका साथै बाबुको काट्टो, आमाको लादी, राँडी, कुकुरको

मूत जस्ता केही श्रुतिकटु शब्दको प्रसङ्ग अनुसारको प्रयोगले कथालाई रोचकता प्रदान गरेको छ ।

देशको विसङ्गतिपूर्ण राजनीतिक अवस्थाका कारण बढ्दै गएको गरीबी, बेरोजगारी, अशिक्षा र सामाजिक विभेदका कारण सानो उमेरमा नै श्रम गर्न बाध्य बालबालिकाको पीडा, मर्म, वेदनालाई आफ्नो विषवस्तु बनाएको प्रस्तुत कथाको उद्देश्यमा त्यस्ता विकृति, विसङ्गति र सामाजिक कुरीतिप्रति असन्तोष प्रकट गर्दै त्यस्ता सामाजिक कुरीतिहरूको अन्त्य हुनुपर्ने विचार व्यक्त गरिएको छ ।

आन्तरिक दृष्टिबिन्दु अन्तर्गतको परिधिय दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथामा म पात्रले ऊ पात्रको कथा कहेको छ । ऊ पात्रको कथाबाट नै प्रस्तुत कथाको कथानक अगाडि बढेकाले यस कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको परिधिय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१६ 'अनाम सत्य' कथाको अध्ययन

अनाम सत्य कथाले सङ्कुचित र पुरातनवादी विचार बोकेको घरपरिवारको सन्दर्भ ल्याएको छ । पुरुषप्रधान सामाजिक संरचना र विचार धाराका कारण त्रुटि विनानै घर परिवारबाट तिरस्कृत अपहेलित एक महिलाको पीडा र व्यथालाई कथाले विषयवस्तु बनाएको छ ।

कथाकी म पात्र निर्मला तीन सन्तानकी विवाहित महिला हो । सन्तानको चाहनापूर्ण भएपछि सहमतिमै स्थायी बन्ध्याकरण गरेको आफ्नै श्रीमान्बाट गर्भधारण गर्न पुग्नुका कारणले परिवारमा अप्ठ्यारो अवस्था सिर्जना भएको छ । अपरेसन गरेको लोग्ने ठड्याएर पेट बोक्ने ...? तिमीले हाम्रो इज्जत धूलामा हाल्यौ । के कमी थियो घरमा र बरालियौ ? त्यत्रो विधि सन्तानको चाहना थियो त किन नियोजन गर्न दियौ ? पाल्थ्यौं नि हामी आफ्ना सन्तान अरुको किन बोक्नु ? भन्ने जस्ता घृणास्पद र तिरस्कारजन्य भनाइ आफ्नी सासुबाट सुन्नु परेका कारण ऊ अप्ठ्यारो मानसिक स्थितिबाट गुज्रिरहेकी छन् । सबै वस्तुस्थितिको बोध भएपछि पतिको साथ र भरोसा पाउने अपेक्षा गरेकी ऊ पतिबाट पनि तिरस्कृत भएकी छ । आफूले गल्ती नै नगरेको विषयमा सासु र पतिको तिरस्कृत र अपहेलित व्यवहारबाट उसले पलायनको बाटो अंगाल्न बाध्य बन्नु परेतापनि कोखमा हुर्किरहेको सन्तानलाई अन्य सन्तान सरह जन्म दिएर पालन गर्ने निर्णय लिन पुगेकी छ ।

म पात्रलाई आज १७ वर्षपछि त्यही सन्तानले आफ्नो घर नजिकै घटेको एक घटनालाई आफ्नी आमाको सामुन्ने सुनाउँदै किन यस्तो अन्याय आमा ? आइमाइको शत्रु आइमाई । विचरी आन्टीमाथि के बित्दै होला आमा एक पटक आन्टीलाई सम्झाउनुस न भन्ने अभिव्यक्ति सुन्दा आफू त्यही पीडाबाट पीडित भएको र उनी पनि त्यसरी नै जन्मेको विगतको घटनालाई पुनः एकपटक सम्झिन पुगेकी छे । यसरी विगतमा उसको जीवनमा घटेको फगत एक घटनालाई सम्झाएर आफ्नी छोरीको कलिलो मस्तिष्कलाई विथोल्न नचाहेकी म पात्रको यो पुरुषप्रधान समाजमा नारी दण्डित हुन अपराध गर्नै पर्दैन समय अलि कोल्टे भयो कि नियतिको क्रुर खेल सुरु भैहाल्छ भन्ने भनाइका साथ कथानक टुङ्गिएको छ ।

कथाको कथानकले एक महिला माथि उसैको घर परिवार पुरुषप्रधान सामाजिक संरचनाका साथै महिलाले नै गर्ने गरेका अनेक विभेदजन्य व्यवहार, अन्याय, अत्याचार र शोषणका कारण यथार्थमा कथाकी म पात्र निर्मला जस्ता अनेकौं महिलाले भोग्नुपरेका पीडा, मर्म, वेदनालाई उजागर गर्दै त्यस्ता प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गरिएको प्रस्तुत कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

प्रस्तुत कथामा म पात्र (निर्मला) उसकी सासु, पति, छोराछोरी, डाक्टर, कार्की हजुबुबा, आन्टी जस्ता अनेक पात्रहरू ल्याइएका छन् यिनीहरू मध्ये म पात्र (निर्मला) यस कथाकी मुख्य पात्र हो उसकी सासु पति साहयक पात्र हुन भने कथामा आएका अन्य पात्रहरू गौण पात्र हुन् म पात्र यस कथाकी प्रमुख स्त्री पात्र हो । ऊ विवाहित तीन सन्तान भएपछि स्थायी वन्ध्याकरण गरेको आफ्नो पतिबाट पुनः गर्भधारण गर्न पुग्नुका कारण आफ्नी सासु र परिवारबाट दुश्चरित्रको आरोप खेप्न बाध्य पात्रका रूपमा यस कथामा आएकी छे । यसरी कथाको सम्पूर्ण कार्य व्यापारलाई अगाडि बढाउने म पात्र यस कथामा प्रमुख, स्थिर, बद्ध, मञ्चीय स्त्री पात्रका रूपमा आएकी छे ।

प्रस्तुत कथामा यकिनका साथ कुनै स्थानगत परिवेशको उल्लेख नभए पनि कथामा प्रयोग भएका एक दिन डाक्टर कहाँ पुग्छु, परिवार नियोजनको स्थायी बन्ध्याकरण जस्ता संवादले गर्दा प्रस्तुत कथाले सहरिया परिवेशको कुनै एक घरको पारिवारिक समस्यालाई आफ्नो परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले सानाठूला २० अनुच्छेदमा संरचीत संवादात्मक, प्रश्नोत्तरात्मक भाषाशैलीको प्रयोग गरिएको प्रस्तुत कथामा सरल, सहज, सम्प्रेष्य पात्रानुकूल

भाषाका साथै डाक्टर, अपरेसन, अङ्कल, आन्टी, मेडिकल साइन्स, शीतलता, द्विविधा, निर्देशिता, लाञ्छना, सतित्व, विर्निमेष जस्ता तत्सम आगन्तुक शब्दको यथास्थान प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

प्रस्तुत कथाको उद्देश्य पुरुषप्रधान सामाजिक, संरचना पारिवारिक कलहः असमझदारी रागद्वेषका साथै एक महिलाले अर्की महिलाप्रति गर्ने व्यवहार हेर्ने दृष्टिकोण र नेपाली समाजमा परापूर्वकालदेखि चलिआएको बुहार्तन प्रथा जस्ता कुरीतिका कारण एक महिलाले आफ्नो परिवार समाज र सार्वजनिक स्थलहरूमा भोग्नु परेका अन्याय, अत्याचार, विभेद जस्ता प्रवृत्तिलाई उजागार गर्दै त्यस्ता प्रवृतिप्रति आक्रोश प्रकट गर्नु रहेको छ ।

म पात्र (निर्मला) लाई दृष्टिकेन्द्रीय चरित्रका रूपमा ल्याइएको यस कथामा किन यस्तो अन्याय आमा ? आइमाइको शत्रु आइमाइ एक पटक आन्टीलाई सम्झाउनुस् भन्ने वाक्य आफ्नी छोरीबाट सुन्दा आफूले विगतमा भोगेको पीडाबोध गर्न पुगेकी छे तसर्थ यस कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.१७ 'प्रभु ! तिमीलाई नै सोधूँ' कथाको अध्ययन

प्रस्तुत कथाले वर्तमान परिवेशमा धार्मिक अनुष्ठानका नाममा बढ्दै गरेको सामाजिक एवम् सांस्कृतिक विकृति, विसङ्गति र तडकभडकका साथै धार्मिक अनुष्ठानलाई आधार बनाएर गरिने अनैतिक क्रियाकलाप र त्यसका कारण समाजमा धर्मप्रति बढ्दै गएको अनास्था अन्धविश्वास जस्ता विकृति विसङ्गतिप्रति असन्तोष व्यक्त गरिएको छ ।

प्रस्तुत कथामा कथाकारले म पात्रका माध्यमद्वारा धार्मिक स्वतन्त्रता सबैलाई हुनुपर्छ र आफ्नो संस्कार संस्कृतिको संरक्षण प्रत्येक व्यक्तिले गर्न पाउनुपर्छ तर त्यही आफ्नो संस्कार संस्कृतिको संरक्षणका नाममा समाजलाई असर पार्ने कुनै पनि कार्यकलाप गर्नु हुँदैन भन्ने विचार व्यक्त गर्दै त्यस्ता धार्मिक सांस्कृतिक कार्यक्रमलाई आधार बनाएर गरिने भजन किर्तन नाचगान र उच्च ध्वनि प्रदुषणका कारण सामाजिक शान्ति सद्भावमा पार्ने नकारात्मक असरलाई कथामा प्रयुक्त "अई... तँलाई थाहा छ यस्तो पुराणमा त केटाकेटी साइड हान्न पनि आउँछन् त साँझ अरु बेलामौका नपाउनेहरू पनि यो भीडमा सँगै डिस्को जान्छन् यी कार्यकर्ताहरू पण्डितहरू र साङ्गीतिक माहोल बनाउने टोलीहरू धर्मको नाममा अन्धभक्त भएर लोकर ब्लाउज र नाइटोमुनि साडी लाएर अस्तव्यस्तसँग नाच्ने महिलाहरूको सौन्दर्यपान गर्छन् स्वाद मानीमानी" भन्ने जस्ता संवादले वर्तमान समयमा धार्मिक यज्ञ

अनुष्ठानका नाममा मौलाउँदै गरेको विकृति, विसङ्गति र त्यस्ता सामाजिक यज्ञ अनुष्ठानमा गरिने भजनकीर्तन नाचगान जस्ता क्रियाकलापले त्यस क्षेत्रका आसपास बसोबास गर्ने वृद्धवृद्धा स्कूल पढ्ने विद्यार्थी र असक्त व्यक्तिलाई असर गर्नुका साथै साँच्चै अब पुराण लगाउने भनेको पनि एउटा फेसन जस्तै भइसक्यो । खातेपिते धरानाका मानिसले आफ्नो धाकका लागि होस् या देखासिकी र देखाउनै भएपनि पुराण लगाउने चलन बढ्दो छ समाजमा भन्ने जस्ता कथामा प्रयुक्त संवादले गर्दा धर्म संस्कृतिका नाममा बढ्दै गएको विचलन, आस्था भन्दा पनि आफ्नो मानप्रतिष्ठालाई प्रदर्शन गर्न गरिने धार्मिक कार्यक्रम र त्यस्ता कार्यमा विशेष गरी महिलाहरूले सहभागिता जनाउँदा प्रदर्शन गर्ने विभिन्न प्रकारका गरगरहना र लुगाको फेसन जस्ता बिडम्बनापूर्ण अवस्थाप्रति चिन्ताप्रकट गर्दै यस्ता सामाजिक धार्मिक कार्यक्रमहरू आस्था र विश्वासका केन्द्रविन्दु मानिन्छन् । प्रत्येक व्यक्तिले आफ्ना संस्कार संस्कृतिको संरक्षण सम्वर्धन गर्न पाउनुपर्छ तसर्थ त्यस्ता सामाजिक सांस्कृतिक र धार्मिक अवसरलाई सबैले आ-आफ्नो योग्यता क्षमता अनुरूप सभ्य र श्रद्धाभावका साथ सुसंस्कृत तरिकाले कसैलाई हानी नोक्सानी नहुने ढंगबाट मनाउनुपर्छ भन्ने आशय प्रकट गरिएको प्रस्तुत कथाको कथानक ढाँचा रैखिक प्रकारको रहेको छ ।

प्रस्तुत कथामा म पात्र (योगेन्द्र) उसकी श्रीमती, छोराछोरी, विष्णुमणि, कार्की अंकल, सुवेदी काका, पुराणमा आएका पण्डित, भक्तहरू जस्ता अनेक पात्रहरू छन् । जसमध्ये म पात्र प्रस्तुत कथाको मुख्य पात्र हो । ऊ यस कथामा धार्मिक स्वतन्त्रता सबैलाई हुनुपर्छ । धर्म गर्न, पूजापाठ पुराण लगाउन र आफ्नो संस्कार संस्कृतिको जगेर्ना गर्न आफ्नो योग्यता क्षमता अनुसार सबैले पाउनुपर्छ । तर धार्मिक अनुष्ठानका नाममा सार्वजनिक शान्ति विथोल्ने र अनैतिक कार्यकलाप गर्ने जस्ता कार्य गर्नु हुँदैन भन्ने आधुनिक विचार भएको पात्रका रूपमा यस कथामा आएको छ । ऊ यस कथाको प्रमुख गतिशील स्वभाव भएको, बद्ध, मञ्चीय र शिक्षित वर्गको प्रतिनिधित्व गर्ने प्रमुख पुरुष पात्र हो ।

प्रस्तुत कथाले कुनै निश्चित स्थानगत परिवेशलाई आफ्नो कार्यस्थल नबनाए पनि वर्तमान समयमा यज्ञ अनुष्ठान, धार्मिक कार्य, संस्कार संस्कृतिका नाममा बढ्दै गएको विकृति, विसङ्गति र त्यसले निम्त्याएको सामाजिक अराजकता धर्मका नाममा बढ्दै गरेको बजारीकरण, व्यवसायीकरण जस्ता अराजकपूर्ण परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ ।

कथा सङ्ग्रहका कथामध्ये अपेक्षाकृत लामो प्रस्तुत कथालाई वर्णनात्मक र संवादात्मक शैलीमा अगाडि बढाइएको छ । सरल सहज सम्प्रेष्य भाषाको प्रयोग पात्रानुकूल

छोटा-छोटा संवादका साथै अधिकांश तद्भव शब्दहरूको प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

प्रस्तुत कथाको उद्देश्य वर्तमान समयमा धर्म, संस्कृति, यज्ञ अनुष्ठानका नाममा बढ्दै गएको विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्नुका साथै आफ्नो संस्कार, संस्कृतिको संरक्षण गर्न पूजापाठ र पूराण लगाउन आफ्नो योग्यता क्षमता अनुरूप सबैले पाउनुपर्छ तर त्यस कारणले सामाजिक शान्ति सद्भाव एकता जस्ता पक्षलाई पीरमर्का नपारी व्यवस्थित तरिकाले हुनुपर्छ भन्ने उद्देश्य प्रस्तुत कथाको रहेको छ ।

प्रस्तुत कथामा दृष्टिकेन्द्रीय चरित्रका रूपमा म पात्र (योगेन्द्र) आएको छ । कथामा सम्पूर्ण घटनाक्रम तथा कथानकको विवरण म पात्रकै माध्यमबाट भएकाले प्रस्तुत कथामा प्रथमपुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.१८ 'डाँडामाथिको एउटा रुख' कथाको अध्ययन

प्रस्तुत कथाले आफ्नो घर परिवार र लोग्नेबाट तिरस्कृत अपहेलित भई अनेक कष्ट र विसङ्गतपूर्ण जीवन जीउन बाध्य महिलाको सन्दर्भलाई अगाडि बढाएको छ । महिलाले कष्ट सहेर भए पनि आफ्नी छोरीलाई उचित शिक्षादिक्षा प्रदान गर्दै एक सफल व्यक्तित्व निर्माण गराउन सफल एक आमाले भोगेका दुःख, कष्ट, त्याग र तपस्यालाई आफ्नो विषयवस्तु बनाउँदै कथा अगाडि बढेको छ ।

प्रस्तुत कथाकी मुख्य पात्र खेमनसरी मध्यमवर्गीय परिवारकी घरमा आफ्नो विवाहको चर्चा चलिरहेका बेला एक निम्नवर्गीय गाडीमा सामान्य खलासीको काम गर्ने व्यक्तिको प्रेममा परी घरबाट भागी विवाह गर्न पुगेकी छ । ऊ पहिला नै विवाहित उक्त व्यक्तिकी पत्नी, उसकी सौता, कुन्ता सासु र परिवारबाट अनेक अवहेलना र तिरस्कारपूर्ण व्यवहार सहन बाध्य बनेकी छ । उसले आफ्नो इच्छा नहुँदा नहुँदै गाउँ समाजको डरले स्वीकार्न बाध्य बनेको उसको पतिबाट पनि अपहेलित बन्न पुग्नुका कारण आफू सुत्केरी भएको एक हप्तामै घर छोडेर ज्याला मजदुरी गरी आफ्नो र सन्तानको पेट पाल्न बाध्य हुनुपरेको छ । यसरी माइतबाट आफ्नो परिवारको इच्छा विपरित भागेर विवाह गर्नुका कारण माइत पनि जान नसक्नु र घरबाट पनि बहिष्कृत हुनुका कारण गाउँमै ज्याला मजदुरी गर्न बाध्य भएकी छ । उसको एक दिन आफ्नी दिदीसँग भेट हुन्छ र दिदीले आफूसँगै लान चाहेपनि आफ्नो कर्तुत र माइतीको डरले जान अस्वीकार गरेकी छ । उसलाई आफ्ना दाजुहरू आएर साथमा

जान भनेपछि ऊ त्यस ठाउँ छोडी माइतीसँग बस्न पुगेकी छे । यसरी घर परिवार, पति र सौताबाट तिरस्कृत र अपहेलित भई विसङ्गतपूर्ण जीवन जिउन बाध्य उसले आफ्ना माइतीको साथ र सहयोगमा सानो तिनो काम गर्दै छ । छोरीलाई उचित शिक्षा दिक्षा दिन सफल भएकी छ । यसरी उच्च शिक्षा प्राप्त गरी प्रयोगात्मक कार्यका लागि आफूले बाल्यकालको केही समय बिताएको । दिवा शिशु स्याहार केन्द्रमा पुगेकी उसकी छोरी सपनाले त्यस केन्द्रमा कार्यरत एक प्रौढ महिला (नागेश्वरी)बाट आफ्नो बाल्यकाल र आफ्नी आमाले भोगेको दुःख, कष्ट र सङ्घर्षलाई जान्न चाहेकाले उक्त महिलाबाट आफ्नी आमाले भोगेको सङ्घर्षपूर्ण जीवन कथाबाट भावुक बन्न पुगेकी छे ।

यसरी प्रस्तुत कथाले भावनामा बहकिएर वा प्रलोभनमा परी आफ्नो परिवारको निर्णयका विरुद्ध स्वयम् आफूले निर्णय लिनुका कारण कथाकी पात्र खेमनसरी जस्ता अनेकौं महिलाले भोग्नुपरेका दुःख, कष्ट, पीडा कथामा आएका छन् । यसका साथै पुरुषप्रधान सामाजिक संरचनाका कारण पुरुषले आफ्नी श्रीमती छोराछोरी हुँदाहुँदै पनि परस्त्रीप्रति आकर्षित भई आफ्नो इच्छा पूर्तिका लागि उसलाई उपयोग्य वस्तु ठान्ने पुरुषवादी सोचप्रति असन्तोष प्रकट गरिएको प्रस्तुत कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

प्रस्तुत कथामा सपना, उसकी आमा, उसका साथीहरू, नागेश्वरी आन्टी, उसको बाबु, सौतेनी आमा, टोल छिमेकी जस्ता पात्रहरू ल्याइएका छन् । सपना कथाकी प्रमुख पात्र हो । नागेश्वरी आन्टी र उसकी आमा सहायक पात्र हुन् । कथामा आएका अन्य पात्रहरू गौण पात्र हुन् । सपना प्रस्तुत कथाकी प्रमुख स्त्री पात्र हो ऊ आफ्नो नर्सिङ पढाइको प्रयोगात्मक कार्यका लागि आफूले बाल्यकालको केही समय बिताएको शिशुस्याहार केन्द्रमा पुगेकी छे । त्यस क्रममा सानोमा स्याहार गरेकी एक वृद्धा (नागेश्वरी)बाट आफ्नी आमाको विगत जान्न चाहेकी ऊ आफ्नी आमाको विगत सुनी भावुक बन्न पुग्ने पात्र हो । कथामा उसको महत्त्वपूर्ण स्थान छ । उसलाई हटाएमा कथाको संरचनामा प्रत्यक्ष असर पुग्ने हुनाले ऊ यस कथाकी प्रमुख, अनुकूल प्रवृत्ति भएकी, बद्ध, मञ्चीय र आफ्नी आमाले भोगेको दुःख पीडालाई सम्झी भावुक बन्न पुग्ने स्त्री पात्रका रूपमा यस कथामा आएकी छे ।

कथा ग्रामीण र सहरिया दुवै परिवेशलाई समेटेर लेखिएको छ । कथामा प्रयुक्त भएका मेरो घर काठमाडौं हो । आमा र घर भन्नु मात्रको रहेछ । भत्कन आतुर एउटा जीर्ण झोपडी जस्ता संवादले कथाले सहरीया सभ्य, सुसंस्कृत र सम्पन्न परिवेशका साथै विपन्न र विसङ्गतपूर्ण ग्रामीण परिवेशलाई पनि आफ्नो कार्यस्थल बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले सानाठूला ३७ अनुच्छेदमा संरचित प्रस्तुत कथामा सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । वर्णनात्मक र संवादात्मक शैलीमा अगाडि बढाएको प्रस्तुत कथामा छोटा-छोटा संवाद पात्रानुकूल भाषाको प्रयोगका साथै झझल्को, गाउँगाउँ, कताकता, घरघर, चिनेचिने, खाँदाखाँदा जस्ता द्वित्वयुक्त शब्दहरूको प्रसङ्गनुसारको प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

प्रस्तुत कथाको उद्देश्य आफ्नो घरपरिवार र आफन्तहरूले गरेको निर्णय विपरित भावनामा बहेर आफूले हतारमा गरेको कुनै पनि कार्य भविष्यमा दिगो र सुखद हुँदैन । त्यसैले कुनै पनि कार्य विचार पुऱ्याएर गर्नुपर्छ भन्ने आसय कथाकी मुख्य पात्र खेमनसरीले घरमा विवाहको चर्चा चलिरहेको बेला भागेर विवाह गर्नुका कारण भोग्नुपरेको दुःखकष्ट, अपहेलना र तिरस्कारबाट देखाइएको छ । यसका साथै एउटी आमाले आफ्ना सन्तानको सुखद भविष्यका लागि गरेको त्याग, तपस्या सङ्घर्ष र समर्पणलाई व्यक्त गर्नु नै प्रस्तुत कथाको उद्देश्य हो ।

प्रस्तुत कथामा आन्तरिक अन्तर्गतको परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ प्रस्तुत कथामा नागेश्वरीले सपनाकी आमा खेमनसरीको कथा कथेकी छे । खेमनसरी कै कथाबाट यस कथाको कथानक अगाडि बढेको छ । त्यसैले प्रस्तुत कथामा आन्तरिक अन्तर्गतको परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.१९ 'सपना हराएका आँखा' कथाको अध्ययन

प्रस्तुत कथाले धनिमानी साहु महाराजहरूको व्यवहारलाई देखाएको छ । समाजमा गरिब, निमुखा निम्न आय भएका व्यक्तिहरूको श्रमको दुरूपयोग गरी आफू ठालु महाराज बन्ने संस्कारलाई देखाइएको छ । समाजमा गरिब निमुखाप्रति उनीहरूको बल र बैंस रहुञ्जेल शोषण गर्ने र श्रम गर्न असमर्थ भएपछि उनीहरूलाई दुर्व्यवहार र तिरस्कार गर्ने प्रवृत्तिप्रति असन्तोष व्यक्त गर्दै साँझ विहानको छाक टार्न मजदुरी गर्ने व्यक्तिहरूको पीडा, मर्म वेदनालाई कथाले विषयवस्तु बनाएको छ । प्रस्तुत कथाको मुख्य पात्र चन्द्रे (चन्द्रमान) साँझबिहान ज्याल मजदूरी गरी आफ्नो जीविका चलाउने निम्न आयश्रोत भएको व्यक्ति हो । ऊ साहुको रिक्सा चलाएर आफ्नो जीविकोपार्जन गर्ने गर्दछ । बलबैंस छँदा, आफू स्वस्थ हट्टाकष्ट्टा हुँदा त्यही साहुको प्यारो बनेको ऊ आज दुर्बल र कमजोर हुँदा अब तँ काम नलाग्ने भइस् बजिया । खै पैसा नै ल्याउन छाडिस तँलाई प्यासेन्जरले पत्याउनै छाडेजस्तो

छ । बरु तँ सँग खोसेर एउटा जवानलाई दिए भने मलाई फाइदा होला भन्ने जस्ता शब्द आफ्नो साहुबाट सुनेर आफू असमर्थ र कमजोर नै भए पनि साहुसँग एक पटक धेरै नै कमाएर ल्याउने वचन दिएको छ ।

उसले दिनभरिमा एउटा पनि यात्रु नपाउँदा साहुको खप्कीका साथै बाऊले खानेकुरा ल्याउला र भोकको ज्वाला शान्त पारुला भनी उसको बाटो पर्खिरहेका स्वास्नी र छोराछोरीलाई सम्झेर व्याकुल बन्न पुगेको छ । सोहीबेला अकस्मात् आएको एक यात्रुको बोहनीका कारण उसले लगालग यात्रु पाउन थालेपछि निराशाले व्याप्त मनमा आशाका किरणहरू उदाउन थाल्दछन् । जसका कारण यात्रुहरू पाउन थालेपछि श्रीमतीको उपचार गराएर स्वस्थ बनाउने, छोराछोरीलाई बोर्डिङ स्कूलमा पढाउने, साँझ बिहान राम्रो खान पाउने र थोरै थोरै बचत गरेर आफ्नै रिक्सा किनेर आनन्दको जीवन जिउने कल्पना गर्दै सोचमा डुबेको छ । यसरी अगाडि बढ्दै गर्दा ऊ (चन्द्रे) अचानक अगाडिबाट आइरहेको ट्रकमा ठोकिन पुगी आँखाको ज्योति गुमाउन पुगेको छ । जसका कारण यस विषम परिस्थितिबाट आफू र आफ्नो परिवारलाई कसरी सम्हाल्ने भन्ने चिन्ताले पिरोलिएको छ । त्यस निष्ठुरी दैवप्रति लक्षित गर्दै किन हामी गरिब दु:खी माथि मात्र दु:खको पहाड खस्छ ? दैवले किन देखिसहदैनन् हामीलाई । के गरिबले सुख र आनन्दको सपना देखेर रमाउनु उसको भूल हो ? भन्दै आक्रोश व्यक्त गर्न पुगेको छ । यसरी प्रस्तुत कथाले एक सामान्य ज्याला मजदुरी गरेर आफ्नो जीवनयापन गर्ने व्यक्तिप्रति गरिने व्यवहार, उसलाई हेर्ने सामाजिक दृष्टिकोण जस्ता विषयलाई आफ्नो विषयवस्तु बनाएको यस कथाको कथानक ढाँचा आदि, मध्य, अन्त्य युक्त रैखिक प्रकृतिको रहेको छ ।

प्रस्तुत कथामा चन्द्रे (चन्द्रमान) उसकी पत्नी, छोराछोरी, रिक्सा साहु, उसको साथी वीरबहादुर, सहर र अस्पतालमा रहेका अनेक व्यक्तिहरू पात्रका रूपमा आएका छन् । ती मध्ये चन्द्रे (चन्द्रमान) कथाको प्रमुख पात्र हो । गरिबी, अभाव र राम्रो खानपान नहुनुका कारण बलबैंस हुने उमेरमा नै असक्त र काम गर्न असक्षम भए पनि आफ्नो र परिवारको दैनिकी चलाउनका लागि साहुको रिक्सा चलाउन बाध्य छ । ऊ एकदिन आफ्नै कल्पनामा रमाउँदै गर्दा ट्रकसँग ठोकिन पुगी आफ्ना आँखा गुमाउनु परेका कारण आफ्नो कमजोर आर्थिक अवस्था र परिवारका बारेमा सोच्दै भावुक बन्ने पात्रका रूपमा यस कथामा आएको छ । उसले कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाएको हुनाले ऊ यस कथामा प्रमुख, स्थीर स्वभाव भएको, बद्ध, मञ्चीय, गरिबी, अभाव र असक्तताका कारण समाजका

सभ्य भनाउँदाहरूबाट तिरस्कृत र अपहेलित हुनु परे पनि केही प्रतिक्रिया नजनाउने पात्रका रूपमा आएको छ ।

प्रस्तुत कथाले सहरिया परिवेशको होहल्ला, सुखी र सम्पन्न परिवेशका साथै सुकुम्बासी टोलमा अवस्थित आफ्नो खरको एकपाखे छानो भएको एककोठे घर र त्यसभित्र उसको बाटो कुरेर बसिरहेकी रोगी स्वास्नी जस्ता कथामा प्रयुक्त भएका संवादले गर्दा गरिबी अभाव र बेरोजगारीका कारण मजदुरी गरी आफ्नो जीविका चलाउने चन्द्रमान जस्ता गरिब निमुखा व्यक्तिहरूको श्रमशोषण गरी तिनीहरूलाई तिरस्कृत र अपहेलित गर्दै अमानवीय व्यवहार गर्ने साहु महाजनहरूको प्रवृत्तिका कारण गरिब श्रम गरी आफ्नो जीवन चलाउने व्यक्तिहरूले भोग्नु परेका पीडा, व्यथा जस्ता बिडम्बनापूर्ण परिवेशलाई आफ्नो कार्यथलो बनाएको छ ।

सानाठूला ३६ अनुच्छेदमा संरचित प्रस्तुत कथालाई वर्णनात्मक शैलीका माध्यमद्वारा अगाडि बढाइएको छ । सरल सहज र सम्प्रेष्य भाषाको प्रयोग गरिएको यस कथामा छोटा छोटा संवाद र पात्रानुकूल भाषाका साथै निकृष्ट, निराकरण साक्षात्कार ह्यान्डिल, प्यासेन्जर, टुक्रुक्क, ट्वाल्ल, खुइँय जस्ता केही तत्सम आगन्तुक र अनुकरणात्मक शब्दहरूको प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

कथाले धनिमानी साहु महाराजहरूले गरिब, निमुखा, असहाय जो साँझ बिहान ज्याला मजदुरी गरेर आफ्नो जीविका चलाउने व्यक्तिहरूप्रति गर्ने शोषण, अन्याय, अत्याचार र हेपाहा प्रवृत्तिको विरोध गरेको छ । हरेक व्यक्तिले आफ्नो योग्यता क्षमता अनुरूप श्रम गरी मानवीय व्यवहारका साथ समाजमा बाँच्न पाउनु पर्छ भन्ने आसय व्यक्त गर्दै त्यस्ता गरिब असहाय व्यक्तिप्रति सहानुभूति प्रकट गर्नु नै प्रस्तुत कथाको उद्देश्य हो ।

चन्द्रे (चन्द्रमान) लाई मुख्यपात्र बनाएर प्रस्तुत गरिएको यस कथाको दृष्टि केन्द्रीय चरित्र चन्द्रमान नै हो उसैको केन्द्रीयतामा नै प्रस्तुत कथाको कथावस्तु अगाडि बढेको छ त्यसैले प्रस्तुत कथामा बाह्य अर्थात् तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.२० 'समयको परिबन्द' कथाको अध्ययन

प्रस्तुत कथामा साथीहरूको लहैलहैमा लागेर एक सानो भूलका कारण विना अपराधै अपराधी भई जेलजान बाध्य हुनु परेको सन्दर्भ आएको छ । जसका कारणले घरपरिवार, आफन्त, इष्टमित्र र समाजमा रहेको आफ्नो इज्जत, सम्मान र मान प्रतिष्ठा गुमाउनुका

साथै अनावश्यकको सहानुभूति र तिरस्कारपूर्ण व्यवहार सहन बाध्य एक व्यक्तिको अन्तर्पीडा, व्यथा र वेदना कथाको कथानक हो ।

प्रस्तुत कथाको म पात्र हरिश छोराछोरी र श्रीमती भएको पात्र हो । वर्तमानदेखि टाढा रहन नरुचाउने भए पनि रमाइलोका नाममा होटल, रेष्टुरेन्ट र पार्टी प्यालेस जस्ता स्थलमा हुने अवैध क्रियाकलापप्रति अरुचि राख्ने सामान्य परिवारको व्यक्ति हो ।

एक दिन साथीहरूको करकापमा एउटा रेष्टुरेन्टमा गएको छ । विडम्बना उसलाई उक्त रेष्टुरेन्टमा काम गर्ने एक परिचारिकाले अप्रत्याशित यो नीच मान्छेले मसँग जबर्जस्ती मेरो घाँटी थिच्यो । यो अपराधी, ज्यानमारा हो जस्ता झुट आरोप लगाई दिएकी छ । जसका कारण ऊ जेल जान बाध्य हुनु परेको छ । कुनै प्रकारको सत्यतथ्य विना नै उसले जेलजीवन यापन गर्न परेपछि अपराध विनानै समाजमा तुच्छ, निकृष्ट र लज्जित बनाउन आतुर मानिसहरूको सोच दृष्टिकोण र सामाजिक संरचनाप्रति ऊ आक्रोशित बन्न पुग्छ । तापनि सत्यतथ्य प्रमाणित भएपछि पत्नीको साथ र सहयोग पाउने विश्वास गर्छ । यसैक्रममा पत्नीले पनि मबाट असन्तुष्ट र अतृप्त भएर वेश्या अँगालेर तृप्त हुने, मेरो अपमान हो । म भित्रको नारित्वको खिल्ली उडाएको हो, म कदापि यो कुरा बिर्सन सक्दिन । एउटी वेश्यासँग जुठो परिसकेको फोहोरी व्यक्तिले अब आइन्दा मलाई स्वास्नीका रूपमा भोग्न पाउँदैन यो मेरो निर्णय हो भन्ने शब्द आफ्नी पत्नीबाट सुनेपछि ऊ निकै पीडित बनेको छ ।

आफूले कुनै अपराध नगरे पनि साथीहरूको जालसाज र समयको कुचक्रमा परेको उसलाई झुटा आरोप लगाउनेप्रति विद्रोह गर्न चाहे पनि असहज वातावरणका कारण ऊ कुण्ठित बन्न पुगेको सन्दर्भले कथानक अगाडि बढेको छ । यसरी प्रस्तुत कथाले वर्तमान समय परिवेशमा मौजमस्ती र विलासिताका नाममा होटल रेष्टुरेन्टमा हुने अवैध कार्यकलापको चित्रण गरेको छ । साथै कथामा प्रयुक्त श्रीमतीको संवादले पति वा पुरुष विना पनि पत्नी वा नारी बाँच्न वा अस्तित्वमा रहन सक्छे तर आफू घृणित र अपमानित भएर बाँच्न सक्दिन भन्ने नारीवादी दृष्टिकोण प्रस्तुत भएको यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

प्रस्तुत कथामा म पात्र हरीशका साथै उसकी पत्नी, छोराछोरी, उसका साथीहरू अजय, रवीन्द्र, रेष्टुरेन्ट, जेलमा भएका पात्रहरू यस कथामा आएका छन् । जसमध्ये म पात्र

यस कथाको प्रमुख पात्र हो । उसकी पत्नी, उसलाई आरोप लगाउने केटी सहायक पात्र हुन् भने अन्य कथामा आएका पात्र गौण हुन् ।

म पात्र हरीश प्रस्तुत कथाको प्रमुख पुरुष पात्र हो । आफू मौजमस्तीदेखि टाढा रहन रुचाउने स्वभावको भए पनि साथीहरूको लहलहैमा लागेर रेष्टुरेन्ट गएको बेला त्यहाँ काम गर्ने एक परिचारिकाको दुर्व्यवहारको झुटा आरोपले विना अपराध दोषी ठहर भई जेल जान बाध्य भएको छ । जसका कारण घरपरिवार र आफन्त माझ हास्यको पात्र बन्न पुग्नुका कारण ग्लानीबोध गर्ने पात्रका रूपमा कथामा आएको छ । यसरी कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने ऊ यस कथाको बद्ध, मञ्चीय, स्थिर स्वभाव भएको प्रमुख पात्र हो ।

प्रस्तुत कथाले सहरिया परिवेशको तडकभडक, विलासिता, विवसता र विकृतपूर्ण परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ । कथामा प्रयोग भएका अभाव र परिपूर्तिका लागि ग्राहकको खोजीमा भौतारिने लाचार आँखाहरू, विलासितालाई सार्थक बनाउन आतुर आँखाहरू, मध्यस्थको भूमिकामा फाइदा खोज्ने स्वार्थी आँखाहरू जस्ता संवादहरूले गर्दा सहरिया सभ्य र सुसंस्कृत परिवेशका आडमा हुने गरेका अनैतिक क्रियाकलापका साथै त्यसले निम्त्याएको विकृत र बिडम्बनापूर्ण परिवेशलाई आफ्नो स्थानगत परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले सानाठूला ३८ अनुच्छेदमा संरचित प्रस्तुत कथामा सरल, सहज पात्रानुकूल भाषाको प्रयोग गरिएको छ । कथा वर्णनात्मक र संवादात्मक शैलीमा अगाडि बढाइएको छ । कथामा अपवित्र, परिचारिका, व्यङग्योक्ति कृत्यकृत्य, च्वाँकहरू वेश्या, तरुनी, स्वास्नी, रेष्टुरेन्ट, इन्ज्वाई, डबल, इन्सल्ट जस्ता शब्दहरूको प्रसङ्गानुसारको प्रयोगले कथालाई रोचकता प्रदान गरेको छ ।

प्रस्तुत कथाको उद्देश्य वर्तमान परिवेशमा विलासिता, मोजमस्तीका नाममा होटल रेष्टुरेन्ट, पार्टी प्यालेस जस्ता स्थलमा हुने अवैद्य क्रियाकलाप र त्यसले निम्त्याएको सामाजिक विचलनप्रति असन्तुष्टि व्यक्त गर्नुका साथसाथै एक महिला वा पत्नीले एक पुरुष वा पतीप्रति गरेको आस्था वा विश्वासमाथि कुठाराघात हुँदा त्यस नारीको अन्तर्मनमा उत्पन्न विद्रोह भावलाई प्रकट गर्नु नै प्रस्तुत कथाको उद्देश्य हो । प्रस्तुत कथाको दृष्टि केन्द्रीय चरित्रको रूपमा म पात्र आएको छ । कथाको सम्पूर्ण कार्यव्यापार घटनाक्रमको

विवरण म पात्रकै माध्यमबाट भएकाले प्रस्तुत कथामा प्रथम पुरुष अन्तर्गतको आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.२१. 'अकल्पित अन्त्य' कथाको अध्ययन

प्रस्तुत कथाले भावनामा बहकिएर वा कसैको प्रलोभनमा परी विचार नपुऱ्याइकन हतारमा गरेको एक गलत निर्णयले आफ्नो घरपरिवार आफन्त र समाजको नजरमा अपहेलित र तिरस्कृत भई इज्जत प्रतिष्ठा गुम्नुका साथै कालान्तरमा त्यस्ता निर्णयले ज्यान लिन सक्छ भन्ने देखाउन खोजेको छ ।

प्रस्तुत कथाको मुख्य म पात्रकी श्रीमती जमुना विवाहित तीन सन्तान भएकी महिला हो । सामान्य व्यवसाय गरी आफ्नो घरपरिवार, सामाजिक इज्जत, प्रतिष्ठा र सम्मान हुँदाहुँदै पनि भावनामा बहकिएर परपुरुषसँग अनैतिक सम्बन्ध गाँस्न पुगेकी छ । उसलाई बारम्बार उसको पति, घरपरिवार र आफन्तले सम्झाउँदा पनि परिवर्तन हुन नसकेपछि प्रेमीको शरण लिन पुगेकी छ । आफ्नो घरपरिवार बिगारेर अर्को परिवार जोडेकी उसले पछिल्लो घर परिवारबाट भएको अमानवीय व्यवहार, अपहेलना र तिरस्कारका कारण घर छोडी पलायनको बाटो अँगालेकी छ । आफ्नो जीवनरक्षा र जीविकोपार्जनका निम्ति सीमापारीबाट अवैध रूपमा समान ल्याएर व्यापार गर्न थालेकी छ । अनैतिक कार्यमा संलग्न रहेको आरोपमा सैनिक र क्रान्तिकारी कार्यमा संलग्न रहेको आरोपमा सैनिक र क्रान्तिकारीहरू बीच भैरहेको मुठभेडमा परी ज्यान गुमाउन पुगेकी छे ।

यसरी प्रस्तुत कथाले एकातिर शसस्त्र द्वन्द्वकालमा सामान्य आरोपका भरमा सत्यतथ्य र वास्तविकताको तहसम्म नपुगी सुरक्षाकर्मीद्वारा सामान्य जनताप्रति गरिएको अमानवीय व्यवहारलाई उजागार गरेको छ भने अर्कातिर कुनै पनि परिवेशमा एक नारी आमा, पत्नीको एक अलोकप्रिय निर्णयका कारण त्यस परिवारमा आएको अस्तव्यस्तता र विचलनलाई प्रस्तुत गरिएको छ । यसबाट एक परिवारमा नारीको महत्व कति हुन्छ भन्ने के प्रष्ट हुन्छ । हाम्रो गाउँ, समाज र सहरिया परिवेशमै पनि गरिबी अशिक्षा, मायाप्रेम जस्ता नाममा बहकाउ र प्रलोभनमा परी आफ्नो घरपरिवार छोडी परपुरुषलाई अँगाल्न पुग्दा महिलाले धेरै दुःख कष्ट, पीडा, मर्म र वेदनामा पर्नुपरेको सन्दर्भलाई विषयवस्तु बनाइएको कथाको कथानक ढाँचा रैखिक प्रकृतिको रहेको छ ।

प्रस्तुत कथामा म पात्र, उसकी श्रीमती जमुना र मञ्जु, उसका मातापिता, छोराछोरी, महेश थानामा रहेका पुलिस, सैनिक, क्रान्तिकारी र गाउँले पात्रहरू आएका छन् । जसमध्ये म पात्र कथाको प्रमुख पात्र हो । ऊ विवाहित तीन सन्तानको बाबु हो । आफ्नी पत्नी परपुरुष (महेश) सँग नजिकिनुका कारण आफूले नचाहँदा नचाहँदै पनि आत्मग्लानि महसुस गर्दै “स्वास्नीलाई जारसँग जिम्मा लगाई पाऊँ” भन्दै रिपोट लेखाउन थाना पुग्ने पात्रका रूपमा कथामा आएको छ । कथाको सम्पूर्ण कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने ऊ यहाँ प्रमुख, स्थिर, बद्ध, मञ्चीय पुरुष पात्रका रूपमा आएको छ ।

किटानीका साथ कुनै स्थानगत परिवेशको उल्लेख नगरिएको भए पनि प्रस्तुत कथाले सहरिया र ग्रामिण दुवै परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ । कथामा प्रयुक्त भएका दोकान्नी, साहुनी, सैनिक, थाना, सीमापारी, सीमावारी जस्ता शब्दहरूको प्रयोगका कारण प्रस्तुत कथाले ग्रामिण सहरिया परिवेशका साथै सीमा जोडिएको तराईको कुनै भागलाई आफ्नो स्थानगत परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले सानाठूला २७ अनुच्छेदमा संरचित वर्णनात्मक शैलीमा अगाडि बढेको प्रस्तुत कथामा छोटा-छोटा संवाद, पात्रानुकूल भाषाको प्रयोगका साथै सर्वस्व, ओम, सुमति, कुमति इहलीला, सत्यतथ्य, स्वास्नी, जार, “ईख नभएको छोरो र विष नभएको सर्प” जस्ता शब्द र उखानको प्रसङ्गानुसारको प्रयोगले कथाको भाषालाई रोचक बनाएको छ ।

बहकाउ वा प्रलोभनमा परेर आफ्नो घरपरिवार, संस्कार, संस्कृति र सामाजिक मानमर्यादा विपरित कार्यमा उन्मुख हुनुका कारण आफ्नो ज्यानसमेत गुमाउन बाध्य एक गृहिणी महिलाको कथालाई विषयवस्तु बनाएको प्रस्तुत कथाको उद्देश्य रहेको छ । परिवारमा महिलाको भूमिका कति महत्त्वपूर्ण हुन्छ भन्ने देखाउनुका साथै त्यस घरकी महिलाको अनुचित निर्णयका कारण त्यस घरमा आएको पारिवारिक समस्या र त्यसका कारण महिलाले भोग्नु परेका समस्यालाई उजागार गर्नु र त्यस्ता प्रवृत्तिप्रति असन्तोष व्यक्त गर्नु प्रस्तुत कथाको उद्देश्य हो । प्रस्तुत कथाको दृष्टिकेन्द्रीय चरित्रको रूपमा म पात्र आएको छ । कथामा सम्पूर्ण घटनाक्रमको विवरण म पात्रकै माध्यमबाट भएको छ त्यसैले प्रस्तुत कथामा प्रथम पुरुष अन्तर्गतको आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.२२ 'सम्भावित सम्भावना' कथाको अध्ययन

प्रस्तुत कथामा आफ्नी विवाहित पत्नी र छोराछोरी हुँदाहुँदै अन्य महिलाप्रति आसक्त पुरुषको मनोविज्ञान प्रस्तुत भएको छ । श्रीमती हुँदाहुँदै परस्त्रीसँग लागेर अन्यायपूर्ण जीवन जीउन बाध्य बनाउने पुरुषलाई अर्की आदर्श महिलाले प्रेमको नाटक गरी उसलाई ठगेर उसको गल्तीको सजायस्वरूप उसकी स्वास्नी र छोराछोरीलाई न्याय दिलाउने अठोट लिन खोज्दा आफ्नो घरपरिवार र समाजमा सामाजिक घृणाको पात्र बन्न पुगेकी एक महिलाको पीडालाई कथाको विषयवस्तु बनाइएको छ ।

प्रस्तुत कथाकी म पात्र विवाहित, सभ्य र सुसंस्कृत परिवारकी बुहारी हो । उसको सानो उमेरदेखि सामाजिक कार्य गर्ने रुचिका साथै महिला माथि भएको अन्याय अत्याचार आफूमै भएको महसुस गर्ने स्वभावका थियो । सोहीकारण विवाहित हुँदाहुँदै आफूप्रति आसक्त भएर आफ्नी स्वास्नी छोराछोरीलाई हेय भावको दृष्टिले हेर्ने एक पुरुषसँग प्रेमको नाटक गरी उसले गरेको भूलको सजाय दिनुका साथै उसकी स्वास्नी छोराछोरीहरूको हक अधिकार दिलाउन खोज्ने सन्दर्भमै कथानक केन्द्रित रहेको छ । कथामा एउटी महिला अर्की महिलाले व्यहोर्नु परेको पीडाका कारण चिन्तित भएको सन्दर्भ मुख्य रूपमा आएको छ । पीडित महिलाको न्यायका लागि उसले अर्कासँग प्रेमको नाटक गरेकी छ ।  उसको व्यवहार देखेर आफ्नो श्रीमान्देखि दोस्रो व्यक्तिसँग प्रेमको नाटक गरेर पैसा ठग्दा तिमीलाई अप्ठ्यारो लागेन ? यो त कुनै सभ्य र सुसंस्कृत घरकी नारीलाई सुहाउने काम होइन । यसबाट तिमी स्वयम् त उपेक्षा र अपहेलनाको पात्र त हुन्छ्यौ नै तिम्रो घर र माइतसम्म सामाजिक घृणाको पात्र बन्ने छौं । किन गऱ्यौ तिमीले यस्तो काम भन्ने जस्ता प्रश्नसँगै ऊ समाजमा चरित्रहिन बनेर अगाडि बढेकी छ । आफ्नो पति र परिवारको साथ सहयोगको अपेक्षा गरेकी उसलाई उल्टै सासुले ए नकच्चरी... ! यो हेर छोराले तँसँग छोडपत्र गर्न कागजपत्र पठाएको । अब तँ पनि सहिछाप गरेर चाँडै आफ्नो नाठासँग जा...।  तँ जब ऊ सँग सम्बन्ध विच्छेद गरेर यो घर त्याग्छेस तब मात्र ऊ यो घरमा पस्छ भन्ने जस्ता शब्दसासुबाट सुन्न पुगेकी छ । साथै आफ्नो पतिको मौनताका कारण सामाजिक रूपमा पहिला नै घृणाको पात्र बन्न पुगेकी ऊ आफ्नो परिवारबाट पनि बहिष्कृत बन्न पुगेकी छ । यसबाट के प्रमाणित हुन्छ भने समाज सुधारका लागि महिलाले केही गर्न थाले भने अनेक लान्छना लगाइन्छ भन्ने सन्दर्भलाई कथाले थप पुष्टि गरेको छ ।

मानवीय भावनाले अभिप्रेरित भई निःस्वार्थ भावले एक विवाहित जो आफ्नी स्वास्नी छोराछोरी हुँदाहुँदै पनि तिनीहरूलाई अपहेलना गर्दै अर्कै महिला माथि आसक्त एक पुरुषलाई दण्डीत गर्दै एउटी प्रताडित महिला र उसका बालबच्चालाई उनीहरूको हक अधिकार दिलाउन खोज्दा उसलाई चरित्रहिन र गतिछाडा जस्ता आरोप लगाउने सामाजिक संरचनाप्रति आक्रोश व्यक्त गर्दै म निर्दोष छु । आफ्नो अधिकार र जीवन सुदृढीकरणका लागि लडेर बाँच्छु हारेर होइन भन्ने अठोट लिन पुगेकी छे । यसरी एक निर्दोष पत्नी र छोराछोरीलाई अपहेलित गर्दै अनैतिक कार्यमा लिप्त पुरुषलाई दण्डीत गर्ने अठोटका कारण अगाडि बढेकी एक महिलाले भोग्नु परेका पारिवारिक र सामाजिक कठिनाइलाई कथाको कथानक बनाइएको प्रस्तुत कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

प्रस्तुत कथामा म पात्र उसको पति सासु प्रकाश उसकी श्रीमती छोराछोरी जस्ता पात्रहरू आएका छन् । जसमध्ये म पात्र यस कथाकी मुख्य पात्र हो । उसकी सासु, प्रकाश सहायक पात्र हुन भने कथामा आएका अन्य गौण पात्र हुन् । म पात्र यस कथाकी प्रमुख विवाहित स्त्री पात्र हो । ऊ किशोरावस्थादेखि नै सामाजिक कार्य गर्न रुचाउने, कसै माथि भएको अन्याय, अत्याचार र शोषणलाई आफूमाथि नै भएको ठान्ने स्वभावका कारण आफ्नो छिमेकको एक पुरुष उसप्रति आकर्षित भई आफ्ना स्वास्नी छोराछोरीलाई तिरस्कार गर्ने उक्त व्यक्तिसँग प्रेमको नाटक गरी धोका दिएर उसका छोराछोरीलाई न्याय दिलाउने अठोट लिन पुगेकी ऊ निःस्वार्थ भावले कसैको बिग्रेको घर बसाइँ दिँदा पनि आफ्नो पति, परिवार र समाजको नजरमा निर्लज्ज र चरित्रहिन पात्र बन्न पुगेकी छे । यसरी सम्पूर्ण कथाको कार्यव्यापारलाई अगाडि बढाउने ऊ यस कथाकी प्रमुख, स्थिर, बद्ध, मञ्चीय स्त्री पात्र हो ।

यकिनका साथ कुनै स्थानगत परिवेशको उल्लेख नगरिए पनि टेबलमाथि पेपरवेटले थिचिएको कागज, छोडपत्र, सम्बन्धविच्छेद जस्ता कथामा प्रयुक्त संवादले गर्दा प्रस्तुत कथाले एक सम्पन्न शिक्षित सहरिया परिवेशको एक परिवारमा पारिवारिक समस्याका कारण उत्पन्न एक जटिल परिस्थितिलाई आफ्नो परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले साना ठूला २५ अनुच्छेदमा संरचित छ । वर्णनात्मक शैलीका माध्यमबाट अगाडि बढाइएको कथामा सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । कथामा छोटा-छोटा वाक्य, पात्रानुकूल संवादका साथै लम्पसारिएका, उकुसमुकुसिएका, लथालिङ्ग, भताभुङ्ग, नकचरी, नाठो जस्ता शब्दको प्रसङ्गानुसारको प्रयोगले कथाको भाषालाई रोचकता प्रदान गरेको छ ।

प्रस्तुत कथाको उद्देश्य आफू विवाहित श्रीमती छोराछोरी हुँदाहुँदै पनि अन्य महिलाप्रति आसक्त पुरुषको मनोभावनालाई देखाइएको छ । बिग्रेको मानसिकतालाई सपार्न अर्की महिलाले प्रेमको नाटक गरी उसलाई धोका दिएर उसका स्वास्नी छोराछोरीलाई आफ्नो हक अधिकार दिलाउन अठोट लिएकै कारण आफ्नै परिवार र समाजबाट नै अपमानित हुन पुगेकी म पात्रले आफूले निःस्वार्थ भावले एक महिलाको पीडालाई बोध गरी उसलाई हक अधिकार दिलाउन गरेको कार्य पितृसत्तात्मक संस्कार, संस्कृति र पुरुष प्रधान समाजका कारण जो एक पुरुष अन्यायी अत्याचारी छ । महिलालाई नै चरित्रहिनताको आरोप लगाउने सामाजिक संरचनाप्रति आक्रोश प्रकट गरिएको कथाको उद्देश्य कुप्रवृत्ति र कुसंस्कारका कारण समाजमा महिलाले भोग्नु पर्ने दुःख, पीडा, अन्याय र अत्याचारको अन्त्य गर्नु पर्ने आशय व्यक्त गरिएको छ ।

प्रस्तुत कथामा दृष्टिकेन्द्रीय चरित्रका रूपमा म पात्र आएकी छे । कथाको सम्पूर्ण घटनाक्रम र कथानकको विवरण म पात्रकै माध्यमबाट भएको छ । त्यसैले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.२३ 'आखिर मनै त हो' कथाको अध्ययन

प्रस्तुत कथामा 'अति भए खति हुन्छ' भन्ने उखानलाई चरितार्थ गर्न खोजिएको छ । प्रस्तुत कथाको कथावस्तुले आमा, बुबा, सासु, ससुरा जस्ता परिवारका ज्येष्ठ सदस्यलाई महत्त्वहीन र बोझ ठान्ने परम्परालाई देखाइएको छ ।

प्रस्तुत कथाकी मुख्य पात्र मञ्जरी सहरिया परिवेश, सभ्य र शिक्षित परिवारकी स्वतन्त्र रूपले आफ्नो इच्छा चाहना अनुसारको जीवन जिउन रुचाउने आधुनिक सोचविचार भएकी बुहारी हो । घरमा रहेकी आफ्नी वृद्ध सासुआमाको संरक्षणमा रहनु पर्ने कारणले गर्दा आफ्नो पतिको इच्छा र चाहना विपरित आफू कुनै बन्धन विना स्वतन्त्र रूपले बस्नका लागि आफ्नो परिवार साथ छुट्टै बसेका जेठाजु कहाँ सासुआमालाई पुऱ्याइएको छ । त्यसपछि म पात्रले अलिक दिन आफूले चाहेका काम गर्न पाइने, साथीहरूसँग घुमफिर रमाइलो र हाँसखेल गर्न पाइनुका कारण स्वतन्त्र रमाइलो अनुभव गरे पनि अनुशासित र संयमपूर्ण जीवन जिउन अभ्यस्त भएका पति र छोराछोरीको अपमान हुनुका कारण घरमा आएको अस्तव्यस्तता र नरमाइलोप्रतीको असन्तुष्टि यहाँ पोखिएको छ । सासु आमा नहुँदा घरको सबै काम आफूले गर्नुपर्ने हुँदा घरमा सासु हुँदा र नहुँदाको समयको तुलना गर्न

पुगेकी छ । उसले घरमा सासुआमा हुँदा छोरा, नातिनातिना घरमा आएका पाहुनापासा इष्टमित्रलाई आफ्नो अनुभव र स्नेहद्वारा स्वागत गर्ने । आफ्ना हरेक काममा सघाउने, घर साथै घरका प्रत्येक सदस्यको हेरचाह गर्ने जस्ता सासुआमाले गर्ने कार्यहरू सम्झी भावुक बन्न पुगेकी ऊ । बल्ल उसले सासु उसको परिवारको श्रीपेच रहिछन् जोविना उसको परिवार अपूर्ण, शून्य र सौन्दर्यहिन छ । सासु बुज्रुक विनाको परिवार तरकारीमा नुन नपुगे जस्तो खल्लो र बेस्वादिलो हुँदो रहेछ । मुटुविना जीवनको अस्तीत्व नरहे जस्तो बुज्रुकको सहारा र अगुवाई विना जीवन पनि निस्सार हुँदो रहेछ भन्ने निष्कर्षमा पुगेकी छे । कुनै पनि परिवारमा त्यस परिवारका ज्येष्ठ सदस्यको परिवारका अन्य सदस्यप्रति अगाध प्रेम र स्नेह रहेको हुन्छ । तसर्थ त्यस्ता परिवारका ज्येष्ठ सदस्यहरूलाई उनीहरू वृद्ध र अशक्त भए भनेर अपहेलना र तिरस्कार नभई माया, स्नेह र सम्मान गर्नु पर्दछ भन्ने सन्देश दिन खोजेको प्रस्तुत कथाको कथानक ढाँचा आदि, मध्ये, अन्त्य युक्त रैखिक ढाँचाको रहेको छ ।

प्रस्तुत कथामा म पात्र (मञ्जरी) उसको पति, सासु, छोराछोरी, जेठाजु, उसको घरमा काम गर्ने नोकर जस्ता पात्रहरू ल्याइएका छन् । जसमध्ये म पात्र (मञ्जरी) प्रमुख पात्र हो । उसको पति, सासु सहायक पात्र हुन् भने कथामा आएका अन्य पात्र गौण पात्र हुन् । मञ्जरी यस कथाकी प्रमुख स्त्री पात्र हो । ऊ सभ्य शिक्षित सहरिया परिवारकी आफ्नो इच्छा आकाङ्क्षा अनुरूप स्वतन्त्र रूपले आफ्नो जीवन जिउन चाहने बुहारी हो तर घरमा सासुआमाको अह्रनखटन र बन्धनबाट मुक्त हुन अनेक प्रकारको उपाय गरी आफ्नी सासुलाई जेठाजुमा पढाएकी उसले आफ्ना परिवारका ज्येष्ठ सदस्यको त्यस परिवारमा कति महत्त्व हुँदो रहेछ भन्ने बुझेपछि ग्लानी बोध गर्ने पात्रका रूपमा यस कथामा आएकी छे । यसरी कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने म पात्र यस कथाकी प्रमुख, स्थिर, मञ्चीय, वद्ध स्त्री पात्र हो ।

प्रस्तुत कथामा कुनै स्थानगत परिवेशको उल्लेख नभए पनि कथामा प्रयुक्त भएका पोखरा घुमाउन लैजानुस्, बाहिर होटलतिर खाने, देवीदेवताको दर्शन गर्ने जस्ता संवादले कथाले सहरिया परिवेशका साथै कुनै धार्मिक परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ ।

कथा बाह्य रूपाकारका दृष्टिले साना ठूला २५ अनुच्छेदमा संरचित छ । वर्णनात्मक शैलीमा अगाडि बढाइएको प्रस्तुत कथामा सरल, सहज, सम्प्रेष्य पात्रानुकूल भाषाको प्रयोग पाइन्छ । छोटा-छोटा संवादका साथै ह्याण्डब्याग, बाथरुम, अह्रनखटन, अगडमबगडम,

बजिया, श्रीपेच, निर्निमेष वात्सल्य जस्ता शब्दहरूको प्रसङ्गानुसारको प्रयोगले कथाको भाषालाई रोचता थपेको छ ।

प्रस्तुत कथाको उद्देश्य अहिलेको वर्तमान समय परिवेशमा आफ्नो घर परिवार र आफ्ना सन्तान सन्ततीबाट आफू असक्त वृद्धवृद्धा भएपछि उनीहरूको इसारामा आफ्नो इच्छा आकाङ्क्षा विपरित पीडित भई जीवनयापन गर्न बाध्य वृद्धवृद्धाको पीडा, मर्म वेदनालाई उजागार गर्नुका साथै अहिलेका युवापुस्ताले आफ्ना मातापिता र परिवारका ज्येष्ठ सदस्यहरूले उनीहरूको सुखमय भविष्यका लागि गरेको परिश्रम, त्याग, तपस्या र उनीहरूको भावनाको सम्मान गर्दै वृद्धमाता, पिता र घरमा रहेका ज्येष्ठ सदस्यहरूप्रति सम्मानजनक व्यवहार गर्नु पर्दछ भन्ने रहेको छ । कथाकी पात्र मञ्जरीलाई मुख्य पात्र बनाएर प्रस्तुत गरिएको यस कथाको दृष्टिकेन्द्रीय पात्र मञ्जरी नै हो । उसैको केन्द्रीयतामा प्रस्तुत कथाको कथावस्तु अगाडि बढेको हुनाले यस कथामा बाह्य अर्थात् तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.२४ 'नियतीको खेल' कथाको अध्ययन

प्रस्तुत कथाले आफ्नो इच्छा आकाङ्क्षा नहुँदा नहुँदै पनि आफ्ना माइती दानुभाइको करकापका साथै सुख, सम्पन्नता र वैभवताको प्रलोभनमा परी माइतदेखि टाढा एक सम्भ्रान्त सम्पन्न परिवारमा विवाह गर्न बाध्य हुनु परेको सन्दर्भलाई उठाएको छ । सम्पन्न परिवारमा आफूलाई आधुनिक विचार भएको व्यक्ति ठान्ने दुश्चरित्र र अनैतिक आचरणका कारण एड्स रोगले पीडित आफ्नो लोग्नेको साथ र संसर्गका कारण मृत्युबोध गर्न बाध्य एक नारीको पीडा व्यथालाई आफ्नो विषयवस्तु बनाएको छ ।

प्रस्तुत कथाकी म पात्र सम्पन्न शिक्षित असल र आदर्श चरित्रको सहयात्रीको कामना गरेकी नारी हो । ऊ सभ्य, सुसंस्कृत, आफ्नो परम्परा, संस्कार, संस्कृति रितीरिवाजप्रति आस्था राख्ने परिवारकी छोरी हो । विवाहको समयमा आफू असहमत भएपनि आफ्नो परिवारको मान मर्यादा विपरित कुनै पनि कार्य गर्न नरुचाएकी उसको आफ्नो माइतदेखि टाढा एक सम्पन्न परिवारमा विवाह हुन पुगेको छ । विवाहपछि आफ्नो परिवारको संस्कार संस्कृति भन्दा भिन्न परिवेश र संस्कारका साथै परिवारका एकले अर्काको इच्छा आकाङ्क्षा र भावनाको सम्मान नगर्ने वातावरण देखिन्छ । आफ्नै पतिको अस्वाभाविक र अपाच्य व्यवहारका कारण सम्बन्ध विच्छेदको संघारसम्म पुगे पनि ऊ सामाजिक संरचना

र संस्कारका कारण त्यस्तो कार्य गर्नबाट असमर्थ भएकी छ । उसलाई असल घर परिवारको शिष्ट र शालीन स्वभाव भएको मान्ने आफ्नो लोग्नेको अनैतिक आचरणका कारण एड्स रोगले पीडित भई मृत्यु हुनुले सानो उमेरमा नै विधवा जीवन भोग्न बाध्य हुनु परेको छ । पतिका कारण आफू र छोरीसमेत मृत्युको संघारमा पुग्नुले अपराध विनानै सजाय भोग्नु पर्ने के दोष थियो ? के अपराध थियो ? भन्ने विचार गर्दै विचलित बन्न पुगेकी छ । सोही समय विवाहको समयमा पुरोहितले सुखी र भाग्यमानी बन्छ्यौ, तिम्रो भविष्य उज्ज्वल बन्छ भनेका शब्दले उसलाई उपहास गर्न आए जस्तो लाग्छ । जसका कारण क्रोधित बन्न पुगेकी छ । उसले विवाहको समयमा चिना, पुरेतका कुरा, पुरातनवादी संस्कार, संस्कृति सम्पन्नता र वैभवता भन्दा पनि विवाह गर्ने जोडाको आचरण प्रमुख हुनुपर्छ । विवाह जस्तो जीवनको महत्वपूर्ण कार्यमा चिना जुराउने होइन, विवाहबन्धन बाँधिने जोडाको आचरण र चरित्र हेर्न बुझ्न जरुरी हुन्छ भन्ने विचार व्यक्त गर्न पुगेकी छे ।

यसरी प्रस्तुत कथाले सम्पत्ति, सम्पन्नता र वैभवताको प्रलोभनमा परी भिन्न सामाजिक परिवेशमा विवाह गर्दा महिलाहरूले अनेक दुःख पीडा भोग्नुपरेको छ । वर्तमान विज्ञान र प्रविधिको युगमा पनि पुरातनवादी विचारधारा, संस्कार संस्कृति र संकुचित विचारधाराका कारण महिलाले भोग्नुपरेका दुःख, पीडा, मर्म वेदनालाई आफ्नो विषयवस्तु बनाएको प्रस्तुत कथाको कथानक ढाँचा आदि मध्य, अन्त्य युक्त रैखिक प्रकारको रहेको छ ।

प्रस्तुत कथामा म पात्र, उसको पति, छोरी, सासु, उसको दाजु, पुरेत बा, किरण दाजु जस्ता पात्रहरू आएका छन् । जसमध्ये म पात्र (अनु) प्रस्तुत कथाकी प्रमुख स्त्री पात्र हो । उसका सासु, पति सहायक पात्र हुन् भने कथामा आएका अन्य गौण पात्र छन् । म पात्र (अनु) धनी सम्पन्न परिवारकी शिक्षित एक मात्र छोरी हो । आफू सहमत नहुँदा नहुँदै परिवारको आग्रह, संस्कार र संस्कृतिका कारण घरबाट टाढा एक सम्भ्रान्त परिवारमा विवाह गर्न पुगेकी छ । ऊ अनैतिक आचरणमा लिप्त लोग्नेसँगको संसर्गका कारण एड्स रोगबाट पीडित भई विसङ्गपूर्ण जीवन बाँच्न बाध्य पात्रका रूपमा यस कथामा आएकी छे । कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने ऊ यस कथाकी प्रमुख, स्थिर, बद्ध, मञ्चीय स्त्री पात्र हो ।

प्रस्तुत कथामा नेपालको कुनै स्थानगत परिवेशको उल्लेख छैन । कथाको घटनाक्रम अगाडि बढ्नेक्रममा औषधि गर्न जाने, दार्जलिङ्ग जस्ता वाक्यको प्रयोगका साथै कथाका पात्रहरूको रहनसहन, बोली व्यवहारका आधारमा पूर्वी नेपालको कुनै एक सम्पन्न

परिवारको पारिवारिक समस्याका साथै दार्जिलिङ्ग र त्यसका आसपासको क्षेत्रलाई यस कथाले आफ्नो परिवेश बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले साना ठूला २५ अनुच्छेदमा संरचित प्रस्तुत कथालाई वर्णनात्मक र संवादात्मक शैलीका माध्यमबाट अगाडि बढाइएको छ । सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग गरिएको यस कथामा छोटा-छोटा वाक्य र पात्रानुकूल भाषाको प्रयोग पाइन्छ । मृगतृष्णा, मोहमुग्धता, कुचक्र, द्विविधा, नर्सरी, केक, मैनबत्ती, प्लेन, ध्याप्पी वर्थ, डे.टु.पु. जस्ता कथामा प्रसङ्गनुसार प्रयोग भएका शब्द र वाक्यको प्रयोगले कथाको भाषालाई रोचक बनाएको छ ।

सुखी, सम्पन्न र विलासितापूर्ण जीवन जीउने चाहनामा आफ्ना माता, पिता, परिवार, समाज र सामाजिक संरचना भन्दा भिन्न परिवेशमा विवाह हुनुका कारण एक महिलाले भोग्नुपरेका पीडा व्यथा कथामा देखाइएको छ । यसका साथै पुरातनवादी विचार संस्कार र संस्कृतिका कारण विवाहमा चिना हेर्ने, मिलाउने जस्ता प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै विवाह जस्तो जीवनको महत्वपूर्ण कार्यमा चिना जुराउने होइन । विवाह बन्धनमा बाँधिने जोडाको आचरण र चरित्र हेर्न र बुझ्न जरुरी हुन्छ भन्ने आशय कथामा प्रकट गरिएको छ । कथाको उद्देश्य विवाह जस्तो जीवनको महत्वपूर्ण कार्य गर्नु पूर्व कुनै प्रलोभनमा नपरी योग्यता र क्षमता अनुरूप सामाजिक संस्कार संस्कृति सुहाउँदो हुनुपर्छ भन्ने रहेको छ ।

प्रस्तुत कथाको दृष्टिकेन्द्रीय चरित्रको रूपमा म पात्र (अनु) आएकी छे । कथामा सम्पूर्ण घटनाक्रम तथा कथानकको विवरण म पात्रकै माध्यमबाट भएको छ । त्यसैले यस कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.२५ 'भोगाइका तिक्त क्षण' कथाको अध्ययन

प्रस्तुत कथाले आफ्नो लोग्ने जीवित रहँदा उसबाट अनेक प्रकारका प्रताडना अन्याय, अत्याचार र शोषण सहनु पर्ने । लोग्नेको मृत्युपछि विधवा महिलाहरूप्रति गरिने सामाजिक विभेद, तिरस्कार पूर्ण व्यवहारलाई कथाले आफ्नो कथानक बनाएको छ । कथामा प्रयोग भएको वाक्यांश 'हेर त उर्मिला त लोग्ने मरेपछि कति मोटाएकी बिचरालाई त्यस्ता धर्तीका बोझ जस्तो लाग्ने लोग्ने कहिले मरोस् जस्तो भएको थियो होला' जस्ता सामाजिक आरोप खेप्न बाध्य एक पीडित व्यथित महिलाको जीवन सङ्घर्षलाई प्रस्तुत कथाको कथानक बनाइएको छ ।

प्रस्तुत कथाकी म पात्र उर्मिला सामान्य परिवारकी होटलमा सानोतिनो काम गरेर आफ्नो जीविका चलाउने विवाहित महिला हो । विवाह गरेको छोटो समयमै मद्यपान र कुलतमा लिप्त रोगले प्रताडित लोग्नेको मृत्यु हुनुका कारण सानो उमेरमा नै वैद्यव्य जीवन बिताउन बाध्य भएकी छ । आफ्नो र नवजात छोराका लागि अनेक ठक्कर र हन्डर खाँदाखाँदै उसले एक होटलमा मःम पोको पार्ने र पकाउने काम पाएकी छ । उसलाई उसप्रति लक्षित गर्दै बोलिएका लोग्ने नभएपछि त आइमाइ बार नलगाएको बारी जस्तै भै हाल्छ नि । बारीमा जो पसे पनि हुने भन्नेजस्ता अन्यायपूर्ण आरोप र व्यवहारको प्रतिउत्तरमा बोल्ने एक शब्द पनि समय र परिस्थितिले दिएको छैन । सोही समय आफ्नो अतीतमा हराउन पुगेकी उसले तिमीप्रति मान्छेले जस्तो सुकै आरोप लगाएर अनैतिक व्यवहार र अविश्वासको नजरले हेरे पनि तिमीप्रति मेरो पूर्ण विश्वास छ । तिम्रो सङ्घर्ष र त्यागको साक्षी म छु जस्ता आश्वासनपूर्ण वाक्य मरिसकेको लोग्नेले सपनामा आएर भनेको देख्दा उसलाई ज्यादा रिस उठेर आउँछ । यसरी जीवन छँदा विश्वासघात गर्ने, उसको भावनालाई लत्याउने, क्रुर र अत्याचारी बन्दै तिरस्कार र अपहेलना गर्ने, कसैको भावनाको सम्मान गर्न नसक्ने मान्छेको मरेपछिको सहानुभूतिको अर्थ र औचित्य हुँदैन भन्दै लोग्नेको सपनाका शब्दप्रति आक्रोश प्रकट गर्न पुगेकी छे ।

यसरी कथामा समाजमा विविध कारणले सानै उमेरमा नै वैधव्य जीवन बिताउन बाध्य एकल महिलाप्रति हुने सामाजिक विभेद, उनीहरूप्रति गरिने व्यवहार, समाजमा उनीहरूलाई अर्थ्याउने विचार र दृष्टिकोणप्रति असन्तुष्टि प्रकट भएको छ । यसका साथै एकल महिलाले पनि आफ्नो अस्तित्व र वर्चस्व कायम राख्न गर्नुपरेका सङ्घष र, दुःख कष्टलाई आफ्नो विषयवस्तु बनाएको प्रस्तुत कथाको कथानक ढाँचा वृत्ताकारीय छ ।

प्रस्तुत कथामा म पात्र (उर्मिला) उसको पति, छोराहरू, होटलकी साहुनी, छिमेकी जस्ता पात्रहरू आएका छन् । जसमध्ये म पात्र (उर्मिला) प्रस्तुत कथाकी मुख्य पात्र हो उसको लोग्ने सहायक पात्र हो भने कथामा आएका अन्य गौण पात्र हुन् ।

म पात्र कथाकी मुख्य स्त्री पात्र हो । ऊ दुई छोरा भएकी महिला हो । ऊ मद्यपान, कुलत र दुर्व्यसनीका कारण रोगी बन्न पुगेको लोग्नेको मृत्यु हुँदा सानो उमेरमा नै विधवा बन्नु परेकी छ । जसका कारण सामाजिक संरचना र समाजका व्यक्तिको नसुहाउँदो व्यवहार र बोलीवचन सहन बाध्य पात्रका रूपमा ऊ यस कथामा आएकी छे । कथाको

सम्पूर्ण कार्यव्यापारलाई अगाडि बढाउने ऊ यस कथाकी बद्ध, मञ्चीय स्थिर स्वभाव भएकी प्रमुख स्त्री पात्र हो ।

कथामा कुनै निश्चित स्थानगत परिवेशको उल्लेख छैन । होटलमा मःम पोको पार्ने, मःम पकाउने भन्ने जस्ता कथामा प्रयोग भएका संवादले प्रस्तुत कथाले गरिबी र अभावका कारण शहर बजार आएर सानोतिनो काम गरी आफ्नो जीविका चलाउने व्यक्तिप्रति हुनेखानेहरूले गर्ने अपहेलित व्यवहार र त्यस्ता व्यक्तिहरूले आफ्नो कार्यस्थल भोग्नुपर्ने अनेक प्रकारका दुःख, पीडा, समस्या जस्ता बिडम्बनापूर्ण परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ ।

बाह्य रूपाकारका दृष्टिले साना ठूला १९ अनुच्छेदमा संरचित वर्णनात्मक संवादात्मक शैलीको प्रयोग गरिएको प्रस्तुत कथामा सरल, सहज, सम्प्रेष्य र पात्रानुकूल भाषाको प्रयोग पाइन्छ । यसका साथै बर्मा गए कर्मसँगै नेपाल गए कपालसँगै, कुकुरको पुच्छर बाह्र वर्षसम्म ढुङ्ग्रामा राखे पनि जस्ताको तस्तै भन्ने जस्ता उखानहरूको प्रसङ्गानुसारको प्रयोगले कथाको भाषालाई रोचकता प्रदान गरेको छ ।

गरिबी, अशिक्षा र अभावका कारण सामान्य ज्याला मजदुरी गरी वा होटल रेष्टुरेन्ट जस्ता सार्वजनिक स्थानहरूमा सानोतिनो काम गरी आफ्नो जीविकोपार्जन गर्ने परिवारका पुरुषहरूले दुर्व्यसनी र कुलतका कारण अल्पायु मै मृत्युवरण गर्न परेको छ । जसका कारण त्यस्ता परिवारका महिलाहरूले सानो उमेरमा नै बैधव्य जीवन भोग्न बाध्य छन् । पुरातनवादी सामाजिक संस्कार र संस्कृतिका कारण उनीहरू विविध लाञ्छना र तिरस्कारपूर्ण व्यवहार सहन बाध्य छन् । त्यसैले ती महिलाहरूको पीडा व्यथालाई उजागार गर्नु प्रस्तुत कथाको उद्देश्य रहेको छ । जीवन भनेको मनोरम् बगैंचामा फुल्ने कुनै सुन्दर फूलमात्र नभई काँडा पनि रहेछ । जीवन उकाली मात्र नभै ओराली पनि रहेछ भन्ने सन्देश कथाले दिएको छ । यसका साथै कुनै पनि व्यक्तिको जीवन पानीको धारा बगे जस्तो सीधा एकैनासको हुँदैन विविध प्रकारका आरोहअवरोह, दुःख सुख, हर्ष विस्मात् जस्ता आयामलाई आत्मसात् गरेर अगाडि बढ्नु नै जीवनको सार्थकता हो ।

प्रस्तुत कथामा दृष्टिकेन्द्रीय चरित्रको रूपमा म पात्र (उर्मिला) आएकी छे । कथामा सम्पूर्ण घटनाक्रम तथा कथानकको विवरण म पात्र कै माध्यमबाट भएको छ । त्यसैले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.२६ 'पराजय' कथाको अध्ययन

प्रस्तुत कथाले अन्धविश्वास, रुढिवादी संस्कार, संस्कृति, परम्परा र पुरुष प्रधान सामाजिक संरचनाका कारण महिलामाथि हुने विभेदका कारण उनीहरूले भोग्नुपरेका विविध व्यथालाई आफ्नो विषयवस्तु बनाएको छ ।

प्रस्तुत कथाकी म पात्र आरती शिक्षित सभ्य सुसंस्कृत आफ्नो परम्परा संस्कार संस्कृतिप्रति आस्था राख्ने परिवारकी बुहारी हो । रुढिवादी संस्कारका कारण विवाह भएको केही समयमा नै विधवा बन्न पुगेकी छ । उसले उसकी नन्दलाई नारकीय जीवन बिताउन बाध्य बनाउने पारिवारिक संस्कार र सामाजिक संरचनाप्रति असन्तुष्टि जनाएकी छ । उसले नारी स्वतन्त्रता अधिकारलाई मूल आधार बनाएर आफ्नो अस्तित्व कायम गर्ने पत्रिकाको प्रधान सम्पादक आफ्नो लोग्नेबाट अपमानित हुन पुग्नुले नन्दको जसरी भए पनि दोस्रो विवाह गराएर उसलाई पूर्ण मानव हुनुको अधिकार दिलाउछु भन्ने अठोट लिएकी छ । उसले नन्दको विक्षिप्त मानसिकतामा परिवर्तन गराउनुका साथै मरेको व्यक्तिको सम्झनामा कतिन्जेल आफ्नो इच्छा आकाङ्क्षा मार्ने नानीले ? अब आफ्नो बाँकी जीवन यस्तै वैराग्यपूर्ण बिताउनु पर्ने ? ज्वाइको ठाउँमा नानीलाई तलमाथि भएको भए के ज्वाइँ पनि यसरी बस्नु हुन्थ्यो ....? त्यसैले म त भन्छु, राम्रो वर हेरेर उहाँको विवाह गरी दिनु हाम्रो कर्तव्य हुन्छ भन्ने जस्ता तर्कपूर्ण भनाइबाट आफ्नी परम्परित संस्कार र विचारधारा बोकेकी सासुलाई पनि आफ्ना कुरामा सहमत गराउन सफल भएकी छ ।

उसले आफ्नी सासुआमाको सहमतीमा नन्दको दोस्रो विवाह गर्ने निश्चय गरेपछि आक्रोशित बन्न पुगेको उसको लोग्नेले आफ्नो अनभिज्ञता, षड्यन्त्र र कुविचारका कारणले गरेको कार्यले आफ्नो परिवारको मान सम्मान इज्जत प्रतिष्ठा समाप्त हुने देख्छ । सामाजिक दृष्टिमा घृणाको पात्र बन्न पुग्ने, समाज सामाजिक संस्कार र परम्परा विपरितको यो कार्य हुन सक्दैन भन्दै विरोध गर्न पुगेको छ । तर पनि ऊ नारी जागरण, नारी स्वतन्त्रता, नारी अधिकारका लागि निस्कने पत्रिकाको प्रधान सम्पादक घरकी एकै आँतकी बहिनीलाई पूर्ण जीवन दिन नसक्ने नामर्दले समाज अनि देशका नारीलाई कसरी दिलाउँछन् तँ हक र अधिकार ? बहिनीको विवाह गर्दा केही इज्जत जाँदैन बरु एउटा मूर्त प्रमाण समाजमा पेश गरेकाले तेरो इज्जत र सम्मान बढ्छ भन्ने जस्ता शब्द आफ्नी आमाबाट सुन्न पुग्नुले आफूले नचाहँदा नचाहँदै पनि मौन रहन बाध्य भएसँगै कथाको कथानक सकिएको छ ।

यसरी प्रस्तुत कथाले कुनै दुर्घटना वा अनिष्टका कारण विवाह भएको छोटो समयमा नै पति वा पत्नीको मृत्यु भएपछि पतिले दोस्रो विवाह गर्दा कुनै प्रतिबन्ध नलाग्ने । पत्नीले चाहिँ रुढिवादी संस्कार संस्कृतिका कारण पूर्ण सुखमय जीवनबाट बञ्चीत गराई अधुरो बिडम्बनापूर्ण जीवन बाँच्न बाध्य गराउने सामाजिक संरचनाप्रति असन्तुष्टि व्यक्त गरिएको यस कथाको कथानक ढाँचा रैखिक प्रकारको रहेको छ ।

प्रस्तुत कथामा म पात्र (आरती), उसको लोग्ने, सासु नन्द (अंसु) जस्ता पात्रहरू आएका छन् । जसमध्ये म पात्र यस कथाकी मुख्य पात्र हो । उसको लोग्ने सासु सहायक पात्र हुन् भने उसकी नन्द र कथामा आएका अन्य गौण पात्र हुन् ।

म पात्र (आरती) शिक्षित नारी हक अधिकारप्रति सचेत रहने पात्र हो । जसका कारण सानो उमेरमा नै विधवा हुन पुगेकी उसकी नन्दको अर्को विवाह गराई सुखी र सम्पन्न जीवन दिलाउने अठोटले गर्दा आफ्नो लोग्नेबाट अपमानित महसुस गर्ने पात्रका रूपमा यस कथामा आएकी छे । कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने ऊ यस कथाकी प्रमुख, स्थिर, बद्ध, मञ्चीय स्त्री पात्र हो ।

प्रस्तुत कथामा कुनै निश्चित स्थानगत परिवेशको उल्लेख छैन । कथामा प्रयुक्त मासिक पत्रिका, प्रधान सम्पादक जस्ता शब्दहरूको प्रयोगले गर्दा कथाले सहरिया परिवेशलाई आफ्नो कार्यस्थल बनाएको छ । साथै रुढिवादी संस्कार, संस्कृति र पुरातनवादी सोचका कारण निम्तिएको एक पारिवारिक समस्यालाई पनि आफ्नो कार्यस्थल बनाएको छ ।

कथा बाह्य रूपाकारणका दृष्टिले साना ठूला ३२ अनुच्छेदमा संरचित छ । वर्णनात्मक र संवादात्मक शैलीका माध्यमबाट अगाडि बढाइएको प्रस्तुत कथामा सरल सहज पात्रानुकूल भाषाको प्रयोग छ । छोटाछोटा संवाद, बोलीचालीको भाषा र सरल संरचनाको प्रयोग यस कथामा गरिएको छ ।

कथामा विवाह भएको केही समयपछि लोग्नेको मृत्यु भएपछि सामाजिक कुरीति, रुढीवादी संस्कार संस्कृति र पुरुष प्रधान समाजका कारण एक महिलालाई आफ्ना इच्छा आकाङ्क्षालाई तिलाञ्जली दिँदै अन्यायपूर्ण जीवन जीउन बाध्य बनाउने सामाजिक कुरीतिप्रति असन्तुष्टि प्रकट गरिएको छ । कथाको मुख्य उद्देश्य एउटा विधुर पुरुषले पत्नीको मृत्युपछि पुनः विवाह गरी समाजमा सम्मानका साथ रहन पाउछ भने, महिलाले किन सामाजिक कुरीति र अन्धविश्वासमा  बिडम्बनापूर्ण जीवन बाँच्न बाध्य हुनु पर्ने ? उसले पनि आफ्नो इच्छा आकाङ्क्षा अनुरूप आफ्नो जीवन बाँच्न पाउनुपर्छ भन्ने रहेको छ ।

प्रस्तुत कथाको दृष्टिकेन्द्रीय चरित्रको रूपमा म पात्र (आरती) आएकी छे । कथामा सम्पूर्ण घटनाक्रम तथा कथानकको विवरण म पात्रकै माध्यमबाट भएको छ । त्यसैले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.२७ 'नजरको तीरमा' कथाको अध्ययन

प्रस्तुत कथाले समाजमा छोराछोरीप्रति गरिने फरक व्यवहार, रुढिवादी संस्कार संस्कृति र पुरुषप्रधान समाजाई देखाएको छ । यसका साथै छोरी त अर्काको घरमा जाने उसले पढेर के गर्ने ऊ त घरायसी कामकाजमा पोख्त बन्नुपर्छ भन्ने जस्ता सङ्कुचित विचारधाराका कारण आफ्नो शिक्षा प्राप्त गर्ने अमूल्य समय गुमाए पनि घरायसी कामकाजका साथै आफ्नो प्रवल इच्छा शक्ति र लगनशीलताबाट आफ्नो सीप विकास गरी स्वाबलम्बी बन्न सफल एक महिलाको लगनशीलता र सङ्घर्षलाई आफ्नो विषयवस्तु बनाएको छ ।

प्रस्तुत कथाकी म पात्र (ज्योति) विवाहित एक छोरी भएकी सामान्य परिवारकी बुहारी हो । ऊ परम्परित संस्कार र छोराछोरीप्रति गर्ने भेद भावपूर्ण व्यवहारका कारण आफ्नो बाल्यकालमा पढ्नबाट बञ्चित भएकी पात्र हो । घरायसी कामकाजमा नै आफ्नो शिक्षा प्राप्त गर्ने अमूल्य समय गुमाउनु परेकाले प्रौढावस्थामा भए पनि केही सीप सिकेर आत्मनिर्भर बन्ने उत्कट आकाङ्क्षाका कारण सामान्य लेखपढ गर्नुका साथै सिलाइबुनाइ जस्ता सीप सिक्न थालेकी छ । स्कूल पढ्ने उमेरमा छोरीलाई घरको काममा लगाएर छोरालाई पढाउने विभेद, कुसंस्कार र आफ्नै परिवारप्रति आक्रोश प्रकट गर्न पुग्छे । यसका साथै आफूलाई सिकाउने मिसको अपनत्वपूर्ण व्यवहार र विश्वासले उत्साहित भई आफू पनि मेहनत गरेर स्वाबलम्बी बन्ने अठोट गरकी छ । उमेरलाई लिएर सुन्नुपर्ने व्यङ्ग्यका साथै पढ्न र जान्न उमेरले छेक्दैन मनमा दह्रो अठोट लिएर कुनै कुरा गर्छु भन्यो भने नसकिने केही छैन भन्ने आत्मबल बढेर आएको छ । आँखा नछुनेले छामेर र अर्काले भनेको सुनेर पढाइमा कत्रो सफलता हासिल गरेका छन् । हात गोडा नचल्ने जीउ थेग्न नसक्ने बोल्न नजान्नेहरूले त ठूलो-ठूलो काम गरेर समाजलाई चकित पारेका छन् । झमककुमारीको बारेमा थाहा छैन तिमीलाई भन्ने जस्ता शब्द आफ्नी साथीबाट सुन्न पुगेपछि जसरी भए पनि सीप सिकेर छाड्ने निश्चय गरेकी उसले सिलाइबुनाइ सीप सिकी

आय आर्जन गर्नुका साथै आफूले सिकेको सीपलाई अरुलाई पनि सिकाउँदै आत्मनिर्भर हुन सफल भएकी छे ।

यसरी प्रस्तुत कथाले पितृसत्तात्मक समाज रुढिवादी परम्परा छोरा र छोरीलाई गर्ने फरक व्यवहारका कारण पढ्ने उमेरमा छोरीलाई घरायसी काममा पोख्त हुनुपर्छ । छोरीलाई पढाउनु हुन्न भ न्ने कुरीतिका कारण पढ्न नपाउनु र समाजमा तिरस्कृत बन्नुले सिलाइबुनाइ सीप सिकी आत्मनिर्भर बन्न सफल एक महिलाको कथालाई विषयवस्तु बनाएको यस कथाको कथानक ढाँचा रैखिक खालको रहेको छ ।

कथामा म पात्र (ज्योति) उसकी सासु, लोग्ने, छोरी, भाउजु, आमा, दाइ, मीस, उसका साथीहरू जस्ता अनेक पात्र रहेका छन् । जसमध्ये म पात्र प्रस्तुत कथाकी मुख्य पात्र हो । उसकी मिस सहायक पात्र हो भने कथाका अन्य गौण पात्र हुन् ।

म पात्र विवाहित एक छोरी भएकी सामान्य परिवारकी बुहारी हो । रुढिवादी संस्कार संस्कृति र छोराछोरीमा हुने भेदभावका कारण आफ्नो पढ्ने उमेरमा पढ्न नपाइ घरायसी कामकाजमा रुमलिन पुगेकी ऊ आफ्नो दृढइच्छा शक्ति र लगनशीलताका कारण प्रौढ अवस्थामा पुगेर घरायसी कामकाजका साथै सीप विकास गरी आफ्नो छुट्टै पहिचान बनाउँदै समाजमा स्वाबलम्बी बन्ने पात्रका रूपमा यस कथामा आएकी छे । कथाको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने ऊ यस कथाकी प्रमुख, स्थिर, बद्ध, मञ्चीय स्त्री पात्र हो ।

प्रस्तुत कथामा कुनै निश्चित स्थानगत परिवेशको उल्लेख छैन । कथामा प्रयुक्त भएका एस.ओ.एस. बालग्राम पूर्वाञ्चल जस्ता शब्दहरूले गर्दा प्रस्तुत कथाले पूर्वी नेपालको कुनै स्थान विशेषलाई आफ्नो परिवेश बनाएको छ । साथै वर्तमान एक्कासौं शताब्दीमा पनि रुढिवादी संस्कार, संस्कृति र छोराछोरीमा हुने गरेको भेदभावका कारण छोरीहरूलाई शिक्षा जस्तो जीवनको अमूल्य धन प्राप्त गर्नबाट बञ्चित गर्ने बिडम्बनापूर्ण परिवेशलाई चित्रण गरेको छ ।

कथा बाह्य रूपाकारका दृष्टिले सानाठूला ३५ अनुच्छेदमा संरचित छ । संवादात्मक शैलीमा अगाडि बढाइएको प्रस्तुत कथामा सरल सहज पात्रानुकूल भाषाको प्रयोग छ । छोटा-छोटा संवादका साथै उपेक्षित, अदृश्य, मातृभूमि, मिस, ड्राफ, अक्सिजन, डिजाइन, अन्तर्वार्ता, कलेज, आमाको दूधले नपुगेर बाबुको घुँडा चुसेको भन्ने जस्ता शब्दहरूका साथै उखानको प्रसङ्गानुसारको प्रयोगले कथाको भाषामा मिठास ल्याएको छ ।

रुढिवादी परम्परा परम्परित सोच र विचारधारा लैङ्गिक विभेदता जस्ता कारणले आफ्नो शिक्षाप्राप्त गर्ने उमेरमा शिक्षित हुनबाट बञ्चीत भई प्रौढावस्थामा शिक्षा प्राप्त गर्न खोज्दा समाजबाट सहनु पर्ने हास्य व्यङ्ग्यका साथै एक महिलाले आफ्नो इच्छाशक्ति र लगनशिलताले प्राप्त गरेको सफलतालाई देखाउन खोजेको प्रस्तुत कथाले कुनै नयाँ चिज सिक्न पढ्न र जान्न कुनै संस्कार संस्कृति र उमेर हृदले छेक्दैन कुनै पनि व्यक्तिमा दृढ इच्छाशक्ति, लगनशिलता र आत्मविश्वास हुनुपर्छ । त्यो भयो भने ठूलाठूला संघारहरू पार गर्दै सफलता हात पार्न सकिन्छ भन्ने आसय व्यक्त गर्दै साहित्यकार झमक घिमिरेलाई प्रेरणाको रूपमा प्रस्तुत गरेको छ । यस कथाको उद्देश्य दृढ इच्छाशक्ति आत्मविश्वास र लगन शिलता नै सफलताका कुञ्जी हुन् भन्ने रहेको छ । म पात्र (ज्योति) लाई दृष्टिकेन्द्रीय पात्रका रूपमा प्रस्तुत गरेको यस कथामा सम्पूर्ण घटनाक्रम तथा कथानकको विवरण म पात्र कै माध्यमबाट भएको छ । त्यसैले प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक अन्तर्गतको केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

अन्त्यमा ताम्राकारका कथाको अध्ययन गरेपछि के भन्न सकिन्छ भने, उनका धेरै कथामा नारीको जीवनमा उब्जने यक्ष प्रश्नलाई देखाइएको छ । जहाँ महिला आफै जागरुक र सचेत हुन नसक्दाको पीडा अभिव्यक्त भएका भएका छन् । केही भाँड महिलाका कारण वात्सल्य प्रेम हराएर महिला खेलौना बन्न परेको सन्दर्भ, नारी सृष्टिकर्ता, संहारकर्ता र पालनकर्ता हुन् तापनि आफ्नो भूमिका निर्वाह गर्न नसक्दा निम्तेका समस्याप्रतिको आक्रोश पनि उनका कथामा आएका छन् । ताम्राकारको 'विवशता' टुहुराटुहुरीको जनजीवनमा स्नेह र प्यार कति महत्त्वपूर्ण हुन्छ भनेर देखाइएको कथा हो भने सन्तान भएर पनि सन्तान स्नेहबाट बञ्चित परिवारको कथा हो 'तृष्णा' ।

महिला मातृवात्सल्य हुन्छन् । उनीहरूमा मानवीय संवेदना बढी हुने भएकाले दुःखमा दुःखी र सुखमा सुखी हुन्छन् भन्ने सन्दर्भलाई पनि कथा बनाएकी छन् । हरेक नारी अविवाहित भए तापनि आमा बन्न चाहन्छन् भन्ने भाव व्यक्त भएको कथा हो 'एउटा नौलो मातृत्वबोध' । यस्तै उनका धेरै कथाले नारी शक्तिलाई शक्तिशाली देखाएका छन् । कथा लेखन क्रममा ताम्राकारले कतै कोमल नारी हृदयको सहयोग र साथले घरदेश र परदेशमा पीडा भोग्नेका जीवनमा सन्तोष छाएको देखाएकी छन् । कतै पारिवारिक व्यथा, गरीब दम्पत्ति त कतै एकताको सकारात्मक भावना झल्किएका सन्दर्भ, कतै अन्धविश्वासको भूमरीमा डुब्नेका सन्दर्भ, कतै लिङ्ग आधारमा हुने भेदभावका सन्दर्भ, कतै नारी पुरुष एक

सिक्काका पाटा हुँदाहुँदै समाजमा दोषारोपण गर्ने सन्दर्भ त, कतै श्रीमान्लाई दोष थुपारेर श्रीमती चोखिने चेष्टा गरेका सन्दर्भ उनका कथामा आएका छन् । यसैले उनले पारिवारिक प्रेमलाई बुझ्न नसक्दा उत्पन्न परिवेश देखाउन 'खण्डित विभाजित म' जस्ता उत्कृष्ट कथा लेखेकी छन् । उनको 'स्मृतिका डोबहरु' कथामा नारीलाई खेलौना सम्झिने मानसिकतालाई उदार नारी मनले लगाएको मलम देखाइएको छ । यो एउटा उत्कृष्ट नमुना मान्न सकिन्छ । यस्तै, श्रीमान्श्रीमतीको सम्बन्धमा दरार पैदा हुँदा जीवन कस्तो हुन्छ ? भनेर देखाइएको 'शङ्काको किनारा छैन' जस्ता कथा पनि कृतिमा सङ्गृहीत छन् । यसरी ताम्राकारका महिलामैत्री कथा हेर्दा के भन्न सकिन्छ भने, एकातर्फ महिला आफैं पूर्ण सचेत हुन सकेका छैनन्, अर्कातर्फ महान् ठान्ने पुरुष भनाउँदाले खुराफाती र बेइमान गरेका छन् भन्ने भाव धेरै कथामा देखिन्छ । अहिलेको समाज र समय नै विशृङ्खलित छ । एकातर्फ आफैलाई बुझ्न नसक्दाको समस्या, अर्कातर्फ समाजका लब्धप्रतिष्ठित ठान्नेबाटको शोषण । त्यसको विरोध गर्नुपर्छ भन्ने तर आवाज बुलन्द पार्न डराउने सन्दर्भलाई पनि उनले कथा बनाएकी छन् । जसको ज्वलन्त नमूना हो 'सपनाको समुद्र' ।

समाजमा अनेक प्रकारका पीडा, विरह र वेदना बढिरहेका छन् । मानव जीवन सुखका सपना साँच्दै गर्दा दुःखको भारीले थिचिरहेको छ । साँझ बिहानको छाक टार्ने र भविष्य बनाउने सपना चकनाचुर भएपछि दुख्न पुगेको भाग्यलाई लिएर उनी चिन्तिन छन् । एकातर्फ समय र परिस्थतिले ठगेको, अर्कातर्फ समाजमा हुने खाने र हुँदा खाने बीच चर्को विभेद छ । त्यसैले विभिन्न चाडपर्व, मेला र महोत्सवले दुःखीको मनलाई झन् दुःखी बनाएको छ । मान्छे सधैं पैसा, पैसा भनेर हिँडेको छ तर पैसा हातको मैलो हो, धोएपछि जानसक्छ भन्ने कसैले बुझेका छैनन् जसप्रति चिन्ता व्यक्त गर्दै उनले सन्तानलाई संस्कार दिन सक्नुपर्छ भन्दै अन्तरहृदयबाट आएका व्यथित सुस्केरालाई पनि कथा बनाएकी छन् । यसरी ताम्राकारले जिन्दगीमा सधैं हर्ष, उमङ्ग, साथ र सहयोग मिलिरहँदैन कुनै बेला सहाराको पनि खाँचो पर्न सक्छ भनेर पनि कथा लेखेकी छन् । यसैले उनी आशावादी कथाकार हुन् भन्न सकिन्छ ।

ताम्राकारका कथा हाम्रै जनजीवनका समसामयिक विषयवस्तुमा केन्द्रित छन् । देशमा देखिएका वेमेल, बेचैनी, विद्रूपता, असमानता, अज्ञानता जस्ता सीमान्तकृतका आवाजलाई उनले कथाका माध्यमबाट बुलन्द पारेकी छन् । ताम्राकारका कथाको कथानक यही हो । परिवेशका हिसाबले उनले गाउँदेखि सहरसम्म आफू हुर्के, बढेदेखि, पढे-लेखे र

देखेभोगेसम्मका स्थानलाई परिवेशका रुपमा निम्त्याएकी छन् । उनका कथामा आएका पात्र र चरित्र हाम्रै समाजमा हामीले देखिरहेका, भोगेका र व्यहोरी रहेका विविध प्रवृत्तिका छन् । यसैले उनले आफूँ बाँचेको देश, काल र परिवेशलाई लिएर कथा लेखेकी छन् । हिजो २०५२/०५३ सालदेखि देशमा चलेको हिंसात्मक द्वन्द्वले आक्रान्त परिवारको सन्दर्भलाई पनि कथामा अभिव्यक्त गरेकी छन् । यसैले ताम्राकारका कथाको समयावधिसमकालीन समय रहेको देखिन्छ ।

## ४.२८ निष्कर्ष

नेपाली कथा साहित्यका क्षेत्रमा कथाकार रीता ताम्राकारको महत्त्वपूर्ण र उल्लेख्य भूमिका रहेको छ । नेपाली कथा लेखनको समसामयिक धारालाई आधार बनाएर विभिन्न कोणबाट कथा लेखन गर्दै आएकी ताम्राकारको दृश्य परिदृश्य कथा सङ्ग्रह भित्रका समग्र कथालाई अध्ययन एवम् विश्लेषण गर्दा के पाउन सकिन्छ भने अधिकांश कथामा नेपाली समाजमा नारीले धेरै समस्या भोग्नुपरेको छ । हरेक कोणबाट नारी पीडित र प्रताडित छन् भन्ने आसय उनका कथामा अभिव्यक्त भएका छन् । ताम्राकारले आफ्ना कथाको माध्यमबाट नारीका हकहित र समानताको पक्षमा आवाज उठाउने प्रयास गरेकी छन् ।

परिच्छेद : पाँच

# उपसंहार

## ५.१ सारांश

रीता ताम्राकार समसामयिक यथार्थलाई आफ्ना कथाको विषयवस्तु बनाएर कथा लेख्ने सामाजिक यथार्थवादी कथाकार हुन् । उनका अधिकांश कथामा समाजमा भए गरेका विकृति र विसङ्गतिलाई नै प्रस्तुत गरेको पाइन्छ । ताम्राकारले दृश्यपरिदृश्य कथासङ्ग्रहका माध्यमबाट समाजमा थिचिएर, पिल्सिएर बसेका महिला दिदीबहिनी अगाडि बढ्नुपर्छ भन्ने भाव अभिव्यक्त गरेकी छन् । प्रस्तुत दृश्य परिदृश्य कथासङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकको शोधलाई पूर्णता दिन विभिन्न परिच्छेद, शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

शोधको पहिलो परिच्छेदमा परिचय समावेश गरिएको छ । जसअन्तर्गत, शोध शीर्षक, शोध प्रयोजन, समस्या कथन, उद्देश्य, पूर्वकार्यको विवरण, शोध कार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन, शोध विधि र शोधको रूपरेखालगायतका विभिन्न उपशीर्षक राखेर पहिलो परिच्छेद पूर्ण गरिएको छ । शोधको दोस्रो परिच्छेदमा कथाकार रीता ताम्राकारको जीवनी प्रस्तुत गरिएको छ । जस अन्तर्गत उनको व्यक्तित्व र कृतित्वको चर्चा यहाँ गरिएको छ । तेस्रो परिच्छेदमा कथाको परिचय, नेपाली कथाको विकासक्रम र कथा लेखन यात्रामा देखिएका विभिन्न मोडलाई उल्लेख गरिएको छ । शोधको चौथो परिच्छेद मुख्य परिच्छेद हो । जहाँ रीता ताम्राकारको दृश्य परिदृश्य कथासङ्ग्रहको कथा तत्त्वका आधारमा अध्ययन गरिएको छ । यसरी अध्ययन गर्ने सन्दर्भमा कथाका कथानक, पात्र चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र उद्देश्य सबै तत्त्वलाई विभिन्न परिच्छेदमा विभाजन गरी प्रत्येक कथाको चर्चा गरिएको छ । शोधको पाँचौं परिच्छेद शोधको अन्तिम परिच्छेद हो । जहाँ शोधको सारसहित निष्कर्ष प्रस्तुत गरी शोधकार्यलाई पूर्ण गरिएको छ ।

ताम्राकारका कथामा विशेष गरेर हाम्रो समाजमा नारीले नारी भएकै कारण भोग्नु परेका दुःख, कष्ट तथा पीडालाई विषयवस्तु बनाइएको छ । विषयवस्तुका आधारमा हेर्दा उनका कथामा मुख्यतया सामाजिक, सांस्कृतिक र आर्थिक विषयवस्तु समावेश गरिएको पाइन्छ । समाजमा व्याप्त भेदभाव, असमानता जस्ता प्रथाले जनमानसमा फैलिएको

पीडालाई कथामा यथार्थ रूपमा प्रस्तुत गरिएकाले उनका कथामा स्वैरकल्पना पाइँदैन । पात्र र चरित्र चित्रणका दृष्टिले अधिकांश कथामा धेरै पात्र आएका छन् । चरित्र वर्गीकरणमा लिङ्ग कार्य प्रवृत्ति, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा सबै चरित्रको प्रयोग पाइन्छ । उनले कथामा बढी मात्रामा नारी र निम्नवर्गीय पात्रप्रति झुकाव राखेको देखिन्छ । परिवेशका आधारमा उनका सम्पूर्ण कथामा नेपालकै गाउँ, शहर हिमाल, पहाड जस्ता स्थान रोजेका छन् । काठमाडौं, विराटनगर, हेटौंडा र भारत शहरका केही स्थलसहितका परिवेश आए पनि विशेष गरी स्थानीय तथा ग्रामीण परिवेशलाई बढी महत्त्व दिएर कथामा परिवेश सिर्जना गरेकी छन् ।

पात्र अनुरूपको भाषा, रहनसहन र वातावरण जस्ता कुराको यथार्थ प्रस्तुतिबाट समाजलाई प्रतिबिम्बित गर्न कथाकार सक्षम देखिन्छन् । भाषाशैलीका दृष्टिले सरलता, सलल बगेको स्पष्ट शैली र छोटा-छोटा वाक्यको मिठासपूर्ण प्रयोग कथामा पाइन्छ । उनका सबै कथामा पात्र अनुकूलको बोलीचालीको सरल, सहज र सम्प्रेषणीय भाषाको प्रयोग पाइन्छ । उद्देश्य विधानका दृष्टिले हेर्दा कथामा विविध उद्देश्य अन्तरनिहित रहेको पाइन्छ । दिनहीन अवस्थामा गुज्रिएको अशिक्षित समाज, समाज भित्र देखिएका विकृति, समाज सुधार, मानवीय संवेदना हराउँदै गएका मानिसको अमानवीय व्यवहार, निरीहमाथि शक्ति सम्पन्नले गर्ने दुर्व्यवहार, धुर्तहरूको स्वार्थी प्रवृत्ति, भ्रष्टाचार तथा कालाबजारी आदिलाई देखाउने उद्देश्य अनुरूप नै उनले कथा सिर्जना गरेको पाइन्छ । दृष्टिबिन्दु प्रयोगका दृष्टिले उनका कथाको अध्ययन आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

## ५.२ निष्कर्ष

रीता ताम्राकारका अधिकांश कथामा नेपाली समाजमा नेपाली नारीले भोग्नु परेको समस्यालाई नै बढी चित्रण गरिएको छ । समय र प्रविधिको विकास सँगसगै भित्रिएका विकृतिले पनि नारी नै बढी प्रताडित हुनु परेको छ । सामाजिक संरचनामा पारिवारिक सम्बन्ध र त्यसबाट उत्पन्न समस्याका दोषी नारी नै भएका छन् । नारीप्रति हुने सामाजिक, मानसिक र यौनजन्य शोषणलाई उनीहरूले दबाएर राख्न बाध्य हुनुपरेको छ । समाजका शिक्षित भनिएकाहरू पनि सामाजिक बन्धनका कारणले आफ्ना मनमा लागेका कुरा भन्न नसकेर स्वतन्त्रताबाट वञ्चित भएका छन् । देश, काल र परिस्थितिको असर पनि नारीमा नै बढी परेको छ । यसैले एउटी नारी पीडित हुनु भनेको सिङ्गो धरती पीडित हुनु हो ।

छोराछोरी, परिवार, समाज र राष्ट्र नै पीडामा पर्नु हो । यसैले अत्याचार, कुरीति, अन्धविश्वास, वर्गीय भावना एवम् लैङ्गिक विभेद जस्ता सामाजिक समस्याको अन्त्यका लागि नारी जाग्नुपर्छ । नजाग्नाका कारणले नारीले सामाजिक, आर्थिक, मानसिक समस्याले कुण्ठित भएर बाँच्नु परेको छ । अकालमा ज्यान गुमाउन परेको छ । विभेदमा पर्नु परेको छ भन्ने भाव उनका कथामा अभिव्यक्त भएका छन् । यसर्थ ताम्राकारलाई सामाजिक यथार्थ र नारीवादी कथाकारका रूपमा चिन्न सकिन्छ ।

### ५.३ सम्भाव्य शोधका शीर्षक

रीता ताम्राकार सिर्जनशील कथाकार हुन् । उनी निरन्तर कथा लेखनमा क्रियाशील छन् । प्रस्तुत अध्ययन उनको दृश्य परिदृश्य कथा कृतिमा रहेका कथाको कृतिपरक अध्ययनमा मात्र केन्द्रित रहेको छ । सोही कारणले गर्दा उनको समग्र कथाकारिताको साङ्गोपाङ्गो अध्ययनका लागि विभिन्न आधार बाँकी नै छन् । यसर्थ आगामी दिनमा उनको कथा यात्रालाई थप पुष्ट्याइका लागि विभिन्न शीर्षकमा अध्ययन अनुसन्धान गर्न सकिन्छ । जसमध्येका केही सम्भाव्य शीर्षकलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. रीता ताम्राकारका कथामा अभिव्यक्त नारीवादी चिन्तनको अध्ययन,

२. रीता ताम्राकारको कथायात्राको अध्ययन,

३. रीता ताम्राकारका कथामा अभिव्यक्त सामाजिक पक्षको अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, ईश्वरीकुमारी (२०७०), **दलितको दैलो कथासङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस ।

अर्याल, भैरव (२०४९, ते.सं.), **साझा कथा,** ललितपुर : साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६५), **नेपाली कथा भाग २,** ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन ।

खड्का, सूर्य बिखर्ची (२०७५), **पुष्पहार**, पोखरा : लेखक स्वयम् ।

गैरे, ईश्वरीप्रसाद (२०६३), **आधुनिक नेपाली आख्यान**, काठमाडौं : क्षितिज प्रकाशन ।

गौतम, असफल (२०७६) **रीता ताम्राकारको कथाकारिता**, हेमजा साहित्य प्रतिष्ठानद्वारा आयोजित परिचर्चा कार्यक्रममा प्रस्तुत अप्रकाशित गोष्ठीपत्र ।

घिमिरे, कृष्णप्रसाद र ऋषिराम बराल (२०६१ ते.सं.) **नेपाली कथा भाग ३,** ललितपुर : साझा प्रकाशन ।

जोशी, रत्नध्वज (२०३९), **आधुनिक नेपाली साहित्यको झलक**, ललितपुर : साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), **नेपाली कथा र उपन्यास,** काठमाडौ : एमके डिष्ट्रिव्युटर्स ।

ताम्राकार, रीता (२०७२) **दृश्य परिदृश्य**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

थापा, हिमांशु (२०५० चौ.सं.), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

पौडेल, बलराम (२०७६), *अनाम परिधिमा दृष्टि दिँदा,* (पृ.६७-७१) **हिमशिखर २०,** पोखरा : हेमजा साहित्य प्रतिष्ठान ।

बराल, ईश्वर (सम्पा. २०३३), **साझा कथा,** ललितपुर : साझा प्रकाशन ।

लामा, ममता (२०७४), **साहित्यकार रीता ताम्राकारको जीवनी, व्यक्तित्व र कथा कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, विराटनगर क्याम्पस ।

शर्मा, खिरादेवी (२०६९) **यसपटक फुल्नेछ गुराँस कथा सङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस ।

शर्मा, हरिप्रसाद (२०६७), **कथाको सिद्धान्त र विवेचना,** ललितपुरः साझा प्रकाशन ।

............... (२०५७) **विश्वेश्वरप्रसाद कोइरालाका कथा,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६७) **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर नेपाली कथा**, ललितपुर : साझा प्रकाशन ।